सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ साउन २०८०, सोमबार (17 July 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ९५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अन्तरजातीय विवाह गर्दा जेल परेका मनोज राम रिहा

श्रीमती अपहरणको आरोपमा कारागार पठाइएको डेढ महिनापछि सर्वोच्चको आदेशमा थुनामुक्त



(रिहाइ भएपछि घरमा आमासँग मनोज राम)

सप्तरीमा **सौरभ यादव**

अन्तरजातीय प्रेमविवाह गर्दा कारागार पठाइएका सप्तरीको विष्णुपुर गाउँपालिका- ६ का मनोज रामले सर्वोच्च अदालतबाट आंशिक न्याय पाएका छन्। श्रीमतीलाई अपहरण गरेको आरोपमा डेढ महिनादेखि सप्तरी जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा राखिएका मनोज आइतबार सर्वोच्चको आदेशपछि थुनामुक्त भएका हुन्।

न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले रामको हकमा अधिवक्ता शैलेन्द्रप्रसाद हरिजनले गत ८ असारमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट जारी गरेलगत्तै उनी थुनामुक्त भएका छन्। सप्तरी जिल्ला अदालतबाट पत्र आएपछि साँझै मनोजलाई छाडिएको कारागारका निमित्त प्रमुख सदानन्द दासले बताए।

थुनामुक्त भएपछि मनोजले आंशिक न्याय पाएको प्रतिक्रिया दिए। 'आंशिक रूपले न्याय पाएको छु, पूर्ण न्याय पाउन बाँकी छ। जातीय विभेदकै कारण म र मेरो परिवारलाई फसाउने प्रयास गरिएको थियो, मेरो न्यायको लडाइँमा सहयोग गर्ने मिडिया र सर्वोच्च अदालतलाई धन्यवाद,' उनले भने। तर, आफ्ना परिवारको सदस्यले अझै न्याय नपाएको पनि उनले


» पृष्ठ ११ मा क्रमशः

स्वास्थ्य मन्त्रालयकै अध्ययन भन्छ- १.३ प्रतिशत

स्वास्थ्य संस्थामा मात्रै पाइन्छ निःशुल्क औषधि

■ नागरिकलाई अत्यावश्यक ९८ प्रकारका औषधि निःशुल्क वितरण गर्न ढुकुटीबाट बर्सेनि डेढ अर्ब खर्च

नेपाल हेल्थ फेसिलिटी सर्भे, २०२१ को तथ्यांकअनुसार औषधि निःशुल्क उपलब्ध गराइरहेका प्रदेशस्थित स्वास्थ्य संस्था (प्रतिशतमा)



मञ्जु टेलर/नयाँ पत्रिका

सरकारले निःशुल्क उपलब्ध गराउने भनेका औषधि १.३ प्रतिशत स्वास्थ्य संस्थामा मात्रै पाइने गरेका छन्। जब कि नागरिकलाई निःशुल्क उपलब्ध गराउने भन्दै बर्सेनि ढुकुटीबाट डेढ अर्बभन्दा धेरै रकम खर्च हुने गरेको छ।

स्वास्थ्य मन्त्रालयले नै गरेको नेपाल हेल्थ फेसिलिटी सर्भे, २०२१ ले आधारभूत सेवाअन्तर्गत अत्यावश्यकतर्फ राखेका औषधि अत्यन्त न्यून स्वास्थ्य संस्थामा मात्रै पाइने गरेको देखाएको हो। त्यसअघि सन् २०१५ मा गरिएको यस्तो सर्भेमा अत्यावश्यक औषधिको उपलब्धता स्वास्थ्य संस्थामा ०.८ प्रतिशत मात्र थियो। जुन २०२१ को सर्वेक्षणमा ०.५ प्रतिशतले बढेको देखिन्छ।

सन् २०१५ को सर्वेक्षणमा ०.८% स्वास्थ्य संस्थामा मात्रै पाइन्थ्यो निःशुल्क औषधि

निःशुल्क वितरण गरिने अत्यावश्यक औषधि ९८ वटा भए पनि स्वास्थ्य संस्थामा प्रतिनिधिमूलक १८ वटा औषधिको उपलब्धताका आधारमा २०२१ को सर्वेक्षण गरिएको थियो। जसमा ती औषधिको उपलब्धता न्यून देखिएको थियो। अध्ययनमा १८ वटा औषधिलाई रिजल्ट मोनिटरिङ इन्डिकेटरका रूपमा प्रयोग गरिएको थियो, जसले हाल निःशुल्क दिने गरिएका औषधिको उपलब्धता मापन गर्छ।

सर्भेअनुसार प्रदेशहरूका बढीमा २.३ प्रतिशत स्वास्थ्य संस्थाले मात्र सबै अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराइरहेका छन्। सबैभन्दा बढी सुदूरपश्चिमका २.३ प्रतिशत स्वास्थ्य संस्थाले अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराइरहेका हुन्। त्यस्तै, बागमतीमा २.२, कर्णालीमा २.०, मधेसमा १.७, गण्डकीमा ०.७, लुम्बिनीमा ०.४ र कोसीमा ०.२ प्रतिशत स्वास्थ्य संस्थामा निःशुल्क सबै औषधि उपलब्ध छन्।

यसबाहेक विपन्न स्वास्थ्य सेवाअन्तर्गत निःशुल्क पाउनुपर्ने औषधिसमेत सरकारी स्वास्थ्य संस्थामध्ये १.२ प्रतिशत र निजीमध्ये २.९ प्रतिशतले मात्रै दिइरहेको सर्भेको तथ्यांक छ।

» पृष्ठ ११ मा क्रमशः

■ गाउँका स्वास्थ्य संस्थामा जीवनजल र सिटामोलसमेत पाइँदैन



सिराहा नगरपालिका- ११ भलुवाही मुसहरीकी २४ वर्षीया फुलो सदा (बच्चा बोकेकी) जिउ चिलाउन थालेपछि स्वास्थ्य चौकी भलुवाही पुगिन्। चेकजाँच गराएपछि स्वास्थ्यकर्मीले एन्टिएलर्जीको काम गर्ने क्लोट्रिमाजोल औषधि लेखिदिए। निःशुल्क पाइने यो औषधि उनले स्वास्थ्य चौकीमा पाइनन्। भलुवाही चोकमा रहेको निजी औषधिपसलबाट उनले एन्टिएलर्जीका औषधि खरिद गरिन्। तस्बिर : **सुरेन्द्र कामती**/नयाँ पत्रिका

सिराहामा **सुरेन्द्र कामती**, मकवानपुरमा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, धनगढीमा **तेजराज भट्ट**, सुर्खेतमा **रमेश रावल**

सिराहाको सिराहा नगरपालिका- ११ भलुवाहीकी २६ वर्षीया करिना कामती नियमित गर्भ जाँचका लागि मंगलबार स्वास्थ्य चौकी भलुवाही पुगिन्। स्वास्थ्य परीक्षणपछि सिअनमी सुष्मा श्रेष्ठले औषधिको लिस्ट थमाइदिइन्। नियमित खानुपर्ने र निःशुल्कमा पाइने आइरन चक्की भने सिअनमी श्रेष्ठले दिन सकिनन्। जब कि सरकारले निःशुल्क पाइने भनिएका ९८ प्रकारका औषधिमा आइरन चक्की पनि उल्लेख छ। 'हामीसँग आइरन चक्की

» पृष्ठ ११ मा क्रमशः

- पश्चिमाञ्चल क्षेत्रीय अस्पतालले लक्षित वर्गलाई मात्र दिन्छ निःशुल्क औषधि
- **अस्पताल भन्छ- ९८ प्रकारका निःशुल्क औषधिका लागि सरकारबाट बजेट आउँदैन**
- दुर्गमका नागरिकले पाउँदैनन् सरकारले तोकेका निःशुल्क औषधि
- कर्णाली प्रादेशिक अस्पतालले दिँदैन निःशुल्क औषधि
- आपूर्तिमा समस्या हुँदा हेटौंडा अस्पतालमा निःशुल्क औषधिको अभाव

एक व्यक्ति दुई मुद्दाका अभियुक्त

भुटानी शरणार्थी प्रकरणमा छुटेलगत्तै ललितानिवास हिनामिनामा पक्राउ



काठमाडौं/ देशका दुई ठूला संगठित अपराधका घटनामा एकै व्यक्तिको संलग्नता देखिएको छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका अभियुक्त केशव तुलाधर ललितानिवास जग्गा हिनामिनामा पनि संलग्न रहेको प्रहरीले जनाएको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा उनलाई जिल्ला अदालत काठमाडौंले आइतबार १५ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको

» पृष्ठ ११ मा क्रमशः

मिटरब्याजसम्बन्धी विधेयक दुवै सदनबाट पारित



● **नारायणकाजी श्रेष्ठ**, गृहमन्त्री

यो ऐन निर्माणले मिटरब्याजपीडितलाई न्याय दिलाउने अभियानलाई सफल पार्न बलियो आधार प्रदान गर्नेछ। यद्यपि, यस सन्दर्भमा अझै सचेततापूर्वक मिहिनेत गर्नु जरुरी छ। न्यायको पक्षमा दृढतापूर्वक अघि बढौं।

(विस्तृत पृष्ठ ३)

अर्थ पत्रिका



०७९/८० मा सरकारी ढुकुटी ५४ अर्बले घाटामा, ऋण दुई खर्ब थपियो

■ **डेढ वर्षपछि बैंकहरू प्रतिस्पर्धामा**

● पेट्रोलियममा स्वचालित मूल्य लागू, सरकारले घटाउन दबाब दिन नपाउने

एलन मस्कलाई उछिनेर चीनले बनायो मिथेनबाट चल्ने रकेट



३.३५ मिटर व्यास र ४९.५ मिटर लम्बाइ भएको झुक-२ रकेटले पृथ्वीको तल्लो कक्षमा ६ टनसम्म र एसएसओ कक्षमा चार टनसम्म सामान पुऱ्याउन सक्छ

(विस्तृत पृष्ठ ७)

अब जयनगर-भंगहा रेलमा सरर...

जयनगर-कुर्था खण्डमा दैनिक दुईवटा रेल आउने र जाने गर्दै आएकामा अब एउटा रेल जयनगरदेखि-महोत्तरीको भंगहासम्म नै ओहोरदोहोर गर्नेछ



महोत्तरीमा **रञ्जन भण्डारी**

भारतीय बजार जयनगरदेखि जनकपुर-कुर्थासम्म ३५ किलोमिटर ट्र्याकमा दैनिक दुईपटक सेवा दिँदै आएको नेपाल रेलसेवा आइतबारदेखि महोत्तरीको बिजलपुरा (भंगहा)सम्म सञ्चालनमा ल्याइएको छ।

जयनगर-जनकपुर-बर्दिबास रेल आयोजनाको दोस्रो खण्ड १७ किलोमिटर कुर्था-भंगहा रेलसेवाको शुभारम्भ आइतबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले हरियो झन्डा देखाएर गरे। पहिलो खण्डअन्तर्गत जयनगर-कुर्था ३५ किलोमिटर रेलसेवा २० चैत ०७८ देखि सञ्चालनमा ल्याइएको थियो।

अब महोत्तरीको पिपराढी, लोहारपट्टी, सिंग्याही र भंगहाका नागरिकले रेलमा ओहोरदोहोर गर्न पाउने भएका छन्। यससँगै अब रेल ५२ किलोमिटर दूरीमा गुड्नेछ।

» पृष्ठ ११ मा क्रमशः



ऐतिहासिक कामको शुभारम्भ गर्न पाएँ

● **प्रकाश ज्वाला**, मन्त्री, भौतिक पूर्वाधार तथा यातायात

मधेस मिथिलाको पवित्र भूमिमा रेलसेवा विस्तार कार्यको शुभारम्भ गर्न पाउँदा गौरवान्वित भएको छु। अब नेपालका विभिन्न स्थानसँग रेलसेवा विस्तार गरिनेछ। तेस्रो खण्डको रेलसेवा विस्तारका लागि जग्गा अधिग्रहण भई मुआब्जा वितरण अन्तिम चरणमा छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

LA LITTLE ANGELS' SECONDARY SCHOOL



ADMISSION OPEN
FOR GRADE XI

SOME CHOICES ARE LIFE CHANGING

LAST DATE OF FORM SUBMISSION:
Shrawan 01, 2080
Before 5:00PM

ENTRANCE TEST:
Shrawan 02, 2080

SCIENCE MANAGEMENT

JOIN US
lac.edu.np

MORNING & DAY SHIFTS

Hattiban, Lalitpur, Nepal
9851365445, 9810208752
+977-5912721, 5912723
info@lac.edu.np

D.A.V. (NEB) +2



Admission open
NEB +2
● Science
● Management
● Humanities

Why DAV ?
● Internationally recognized educational brand.
● Outstanding NEB Result.
● Pre-Medical & Pre-Engineering from 11class.
● Outstanding achievements in MBBS, BE, BCA, BBA, BIM, CA, BCA, BBA, BIM and other entrance exams.
● Managed by the excellent team of academicians.
● Well Experienced and Dedicated Faculty Members.
● Value Based education.
● Student centered teaching learning approach.
● Priority on Co-curricular and extra curricular activities.
● Peaceful and friendly environment.
● Single-ownership-infrastructure equipped with modern facilities.
● 100% scholarship for deserving and needy candidates.

Entrance/Scholarship Exam:
2nd Shrawan 2080
(July 18th, 2023) Tuesday

Entrance Forms are Being Distributed

Hotline:
980-1252-111

HOSTEL Facility Available

D.A.V. (NEB) +2, Jawalakhel (Behind the Central Zoo), Lalitpur, Kathmandu
Tel: 01-5451154, 01-5448143, E-mail: dav.college@gmail.com
https://plustwo.davnepal.com

WE ARE OPEN ON SATURDAY, TOO!!!

आइतबार उपत्यकामा

विमानस्थल : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट लुकाइछिपाई अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको सात सय ७० ग्राम सुन र हिरासहित नेपाली मूलकी अस्ट्रेलियन नागरिक ५५ वर्षीया अभया विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। उनी मलेसियन एयरलाइन्सको विमानद्वारा मलेसिया हुँदै अस्ट्रेलिया जान लागेकी थिइन्। विमानस्थलको प्रस्थान ह्यान्ड ब्यागेज चेकिङ एरियामा तलासी गर्ने क्रममा उनलाई प्रहरीले पक्राउ गरेको हो। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

गौशाला : पशुपतिनाथ मन्दिरमा साउनको पहिलो सोमबार (आज) आउने दर्शनार्थीको व्यवस्थापनका लागि गर्नुपर्ने सबै तयारी पूरा भएको छ। सुरक्षा, स्वयंसेवक परिचालन, दर्शन व्यवस्थापन, स्वास्थ्य शिविर, खानेपानीलगायतका तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। सौरमासअनुसार साउनको पहिलो सोमबार १ साउनमा परेको छ। साउनको सोमबार पशुपति क्षेत्रमा लाखौँ भक्तजन आउने भएकाले बिहान तीन बजेदेखि नै चारै ढोका खुला गरेर भक्तजनलाई दर्शन गराइने कोषका संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले राससलाई जानकारी दिए। जुन ढोकाबाट दर्शनार्थी प्रवेश गर्छन्, सोही ढोकाबाट निस्कने गरी व्यवस्था मिलाइएको पनि उनले सुनाए।

बग्गीखाना : प्रहरीले आर्थिक वर्ष ०७९/८० मा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउने एक सय ४९ चालकमाथि कारबाही गरेको छ। काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ट्राफिक प्रहरीले गरेको चेकिङका क्रममा उनीहरूलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको हो। पक्राउ परेकाहरूलाई आवश्यक कारबाहीका लागि सम्बन्धित प्रहरीवृत्तमा पठाइसकेको छ। नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय लागुऔषध नियन्त्रण ब्युरो र सम्बन्धित प्रहरी कार्यालयको संयुक्त प्रयासमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा चालकलाई जाँच अभियान चलाउँदै आएको छ। लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउने चालकमध्ये भाडाका सवारीसाधन चलाउने चालकसमेत रहेका छन्।

जावलाखेल : बर्दियास्थित कृष्णसार संरक्षण क्षेत्रबाट टुहुरो अवस्थामा रहेको पोथी कृष्णसार 'चेल्सी'लाई ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा ल्याइएको छ। कोर क्षेत्रमा पाँच महिनाअगाडि माउबाट बिछोड भएको अवस्थामा उक्त पोथी कृष्णसार भेटिएको थियो। बार्दिया संरक्षण क्षेत्रका संरक्षण अधिकृत विनयकुमार झाका अनुसार पोथी कृष्णसारको बच्चालाई वन्यजन्तु संरक्षणकर्मीको निगरानीमा रेखदेख गरिएको छ। चेल्सीलाई दिनमा चारपटकसम्म दूध खुवाउने गरिएको उनले बताए। 'शुक्रबार राति १० बजे सदर चिडियाखाना ल्याइएको उक्त पोथी कृष्णसारको नाम 'चेल्सी' राखिएको छ,' झाले भने, 'पाँच महिनाको कृष्णसार अरूभन्दा फरक देखिने भएकाले 'चेल्सी' नामकरण गरी सदर चिडियाखानाका अरू कृष्णसारसँगै राखेका छौं।'

■ ककनी र धुनीबेंसीका बासिन्दा पुनः आन्दोलित

आजदेखि उपत्यकाको फोहोर बन्चरेडाँडा ल्यान्डफिलमा प्रवेश रोक



फाइल तस्बिर

नयाँ पत्रिका

संघीय सरकार र काठमाडौं महानगरपालिकासहितका स्थानीय तहले व्यवस्थित रूपमा फोहोर व्यवस्थापन गर्न चासो नदिएको भन्दै नुवाकोटको ककनी गाउँपालिका र धादिङ धुनीबेंसीका बासिन्दाले पुनः आन्दोलनको तयारी गरेका छन्। उनीहरूले सोमबार (१ साउन)देखि काठमाडौं उपत्यकाको फोहोर बिसर्जन गर्ने थलो बन्चरेडाँडा ल्यान्डफिल साइटमा फोहोरका कन्टेनर प्रवेशमा रोक लगाउने जनाएका छन्।

यसअघि स्थानीयवासीले फोहोर र मानव सँगसँगै नराख्न संघीय मन्त्रालयलाई पटक-पटक आग्रह गरे पनि बेवास्ता गरेको उनीहरूको भनाइ छ। प्रधानमन्त्रीले फोहोर व्यवस्थापनमा निर्देशन दिए पनि कार्यान्वयन नभएको उनीहरू बताउँछन्।

ककनी गाउँपालिकाले फोहोर बोकेर बन्चरेडाँडा जाने हरेक ट्रकबाट १५ सयसम्म प्रवेश शुल्क लिने निर्णय पनि गरेको थियो। १९ असारमा बसेको गाउँसभाले १ साउनदेखि फोहोर बोकेर बन्चरेडाँडा जाने साना गाडीलाई एक हजार र ठूला ट्रकलाई १५ सय रुपैयाँ प्रवेश शुल्क लिने निर्णय गरेको गाउँपालिका अध्यक्ष सुमन तामाङले बताएका थिए। 'सिसडोल ल्यान्डफिल्ड भरिएपछि अहिले बन्चरेडाँडामा फोहोर व्यवस्थापन भइरहेको छ। उपत्यकाको फोहोर बिसर्जनस्थल यहाँ भए पनि सबैतिरबाट बेवास्तामा परेको छ। त्यसैले अब साना गाडीलाई एक हजार र ठूला गाडीलाई १५ प्रवेश शुल्क लिन लागेका हौं,' तामाङले भने। उनका अनुसार स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेर प्रवेश शुल्क उठाउन लागिएको हो।

■ फोहोरमैला व्यवस्थापनमा कडाइ गर्दै जाने निर्णय

गाउँपालिकाले सिसडोल ल्यान्डफिल साइट र बन्चरेडाँडा स्यानेटरी ल्यान्डफिल साइट निर्माण गर्दा भएको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनको अध्ययन गरेर फोहोरमैला व्यवस्थापनमा कडाइ गर्ने जनाएको थियो। 'हामी इआइए रिपोर्ट अध्ययन गर्दै छौं। इआइए रिपोर्टअनुसार कतिपय काम नभएको पाएका छौं। त्यसमा अब एक्सनमा जान्छौं,' अध्यक्ष तामाङले भने। हाल शनिबारबाहेक अन्य दिन एक सय ७० देखि एक सय ८० ट्रकसम्म फोहोर बन्चरेडाँडामा पुग्ने गरेको छ भने शनिबार करिब एक सय ५० ट्रक फोहोर बोकेर बन्चरेडाँडा पुग्ने गरेका छन्।

यता, काठमाडौं महानगरपालिकाअन्तर्गत वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठले भने यस वर्षदेखि फोहोर नउठ्ने समस्या नहुने बताएका थिए। 'फोहोर नउठ्ने समस्यालाई मध्यनजर गरेर महानगरले तयारी गरिरहेका छौं,' श्रेष्ठले भने, 'मुख्य समस्या बाटोकै हो। यसका लागि डोजर, लोडर तयारी अवस्थामा राखेका छौं।' तीनपिप्लेदेखि नुवाकोटको सिसडोल सडकखण्डमा बर्खाका बेला धेरै समस्या आउने गरेको छ। यसबाहेक महानगरले ल्यान्डफिल साइट सिसडोलमा पर्खाल लगाउने कामसमेत गरिरहेको छ। महानगरसहित उपत्यकाको १७ स्थानीय तहका फोहोर हाल बन्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ। यी सबै स्थानीय तहबाट दैनिक १० देखि १२ टन फोहोर उत्पादन हुने गर्छ।

फोहोरका ट्रकबाट शुल्क उठाउने निर्णयविरुद्ध सर्वोच्चमा दुई रिट

काठमाडौं/ फोहोर बोकेर उपत्यकाबाट बन्चरेडाँडा जाने ट्रकमाथि शुल्क लगाउने ककनी गाउँपालिको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ। फोहोरमैला व्यवस्थापन संघ नेपालको तर्फबाट धनप्रसाद आचार्यले गाउँपालिकाको निर्णयविरुद्ध रिट दायर गरेको संघका अध्यक्ष मित्र घिमिरेले बताए। 'गाउँपालिकाले गरेको निर्णय प्रचलित कानुनविपरीत भएकाले निर्णय बदर गरिपाऊँ भनेर सर्वोच्च गएका हौं,' अध्यक्ष घिमिरेले भने, 'उहाँहरूले गर्नुभएको निर्णय स्थानीय सरकार सञ्चालन ऐन २०७४, संविधान, फोहोरमैला व्यवस्थापन ऐनको विपरीत छ। यसले हामीजस्तो गैरनाफामूलक कम्पनीको अस्तित्वमा पनि प्रश्न उठ्ने भएकाले रिट दायर गरिएको हो।'

रिटको सोमबार नै पेसी तोकिएको छ। यसैगरी, गाउँपालिकाको निर्णयविरुद्ध आइतबार नै कानुनविपरीत निर्णय भएको भन्दै उपत्यका मेयर फोरमको तर्फबाट टोखा नगरपालिकाले पनि रिट दायर गरेको छ। गाउँपालिकाको १९ असारमा बसेको गाउँसभाले १ साउनदेखि फोहोर बोकेर बन्चरेडाँडा जाने साना गाडीलाई एक हजार र ठूला ट्रकलाई १५ सय रुपैयाँ प्रवेश शुल्क लिने निर्णय गरेको थियो।

नियमित बजार अनुगमन गर्दै काठमाडौं महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले बजारलाई थप व्यवस्थापन गर्न नियमित रूपमा अनुगमन गर्ने भएको छ। उपमेयर सुनीता डंगोलले आफ्नो क्षेत्राधिकारभित्रको अनुगमन र मूल्यांकनको पद्धतिमा वार्षिक कार्ययोजना तयार गरी अनुगमनलाई नियमित गर्ने जानकारी दिइन्।

सेवा प्रवाह, विकास निर्माण र जनजीविकासँग सम्बन्धित कामको प्रभावकारी कार्यान्वयन र नतिजा मापनका लागि अनुगमनलाई नियमित गर्नेमा उपमेयर डंगोलले जोड दिइन्। उनले भनिन्, 'त्यसका लागि मातहतका विभागीय प्रमुखलाई जिम्मेवार बनाई सोहीअनुसार काम अघि बढाइन्छ।'

कामपाले अनुगमन मूल्यांकन प्रणालीमार्फत नीति, योजना, कार्यक्रम र आयोजनाको निगरानीका लागि क्षमता बढाउनुपर्ने उनको भनाइ छ। अनुगमनमा जाने अधिकारीसँग विषयसम्बन्धी कानुनी तथा प्रशासनिक ज्ञान र कार्य सञ्चालन-सम्पादनको प्रक्रियाका विषयमा थाहा हुनुपर्छ। त्यसबारे नतिजा थाहा हुनुपर्छ। यति भए मात्र प्रभावकारी अनुगमन हुन सक्छ। स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा उपभोक्ता अधिकार तथा बजार व्यवस्था अनुगमन समितिको व्यवस्था गरिएको छ। समितिमातहतमा जनजीविका र सार्वजनिक सरोकारका क्षेत्रको अनुगमन गर्न पाँचवटा अनुगमन टोली गठन गरिएका छन्।

कामपाले आगामी आवका लागि व्यक्तिगत तथा संस्थागत भान्साका लागि स्वस्थकर बनाई आरोग्यता कायम गर्न स्वच्छ भान्सा कार्यक्रमका लागि तीन करोड ५० लाख रकम विनियोजन गरेको छ। केही दिनअघि पनि कामपाले गरेको अनुगमनका क्रममा अखाद्य सामग्री बिक्री-वितरण गरेको भन्दै लाजिम्पाटको एक पसललाई एक लाख ५० हजार जरिवाना तिराएको थियो। कामपा-२ स्थित लाजिम्पाटमा रहेको आकाश फुड्सले सडेगलेका, दुसी परेका मिठाई तथा किरा परेको अन्य खाद्य सामग्री बिक्री-वितरण गरेको पाएपछि निजलाई एक लाख ५० हजार जरिवाना गरिएको थियो।

भूमिहीन सुकुमबासी जग्गाको निस्सा वितरण

ललितपुर/ राष्ट्रिय भूमि आयोग जिल्ला समिति ललितपुरले गोदावरी नगरपालिकाको वडा नम्बर ७ मा भूमिहीन सुकुमबासीलाई निस्सा वितरण गरेको छ। गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन र उपमेयर मुना अधिकारीसहितको उपस्थितिमा आयोग जिल्ला समिति ललितपुरले १४ भूमिहीन परिवारलाई आइतबार निस्सा वितरण गरेको हो।

भूमि आयोग जिल्ला समिति ललितपुरका संयोजक श्रीगोविन्द महर्जनका अनुसार उपत्यकामै पहिलोपटक गोदावरी नगरपालिकाको वडा नम्बर ७ देवीचौरमा तीनजना भूमिहीन दलितसहित १४ परिवार भूमिहीनलाई निस्सा वितरण गरिएको हो। राष्ट्रिय भूमि आयोग जिल्ला समिति ललितपुरले यसअघि ३१ जेठमा बागमती गाउँपालिकाका ९४ भूमिहीनलाई निस्सा वितरण गरेको थियो। 'हामीले आवश्यक प्रक्रिया सम्पन्न गरी ललितपुरमा बागमती गाउँपालिका र गोदावरी नगरपालिका वडा नम्बर ७ का समेत गरी एक सय आठ भूमिहीनलाई निस्सा वितरण गरेका छौं। निस्सा उपलब्ध भएपछि पुर्जा वितरणका लागि आधा काम सम्पन्न भएको मानिन्छ,' संयोजक महर्जनले भने। त्यस अवसरमा गोदावरी नगरपालिकाका मेयर महर्जनले दुई महिनाभित्र नगरपालिकाका सबै वडामा निस्सा वितरणको काम सम्पन्न गर्ने बताए।

'आज यस नगरपालिकाको वडा नम्बर ७ मा निस्सा वितरण सम्पन्न भएको छ, भूमि आयोगसँगको समन्वयमा हामी दुई महिनाभित्र नगरका सबै वडामा निस्सा वितरण सम्पन्न गर्छौं। काम द्रुत गतिमा अगाडि बढ्छ, सम्भव भएसम्म दसैँअगावै पुर्जा वितरणको कामलाई अगाडि बढाउनेछौं,' मेयर महर्जनले भने।

Government of Gandaki Province
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office
Syangja
Gandaki Province, Nepal

LETTER OF INTENT

Date of Publication: 2080-04-01 (17th July 2023)

For the provision on sub-clause 27.2 of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contracts as per the Notice published on Jestha 16,2080 (30th May 2023) in Nayapatrika National Daily, that the following mentioned Lowest evaluated substantially responsive bidder is intended to award the contract.

S.N.	Name of work	Contract ID	Name of successful bidder	Address	Bid Amount with VAT and PS
1	Upgrading of Dimik Faat Dekhi Arsedi Faat Jodne Krishi Sadak, Galyang Municipality-11	IDOSYANGJA/NCB/W/R/054/079-80	Panchaputra Construction and Suppliers	Galyang-11, Dimik	70,02,312.14
2	Upgrading of Aamdali Thapadanda Raskhola Hudai Kewere Jodne Krishi Sadak, Waling Na Pa -06	IDOSYANGJA/NCB/W/R/057/079-80	Seven Construction	Waling, Syangja	66,73,264.84

'सुरक्षित उपत्यका : हाम्रो प्रतिबद्धता' अभियान सुरु

काठमाडौं/ केही दिनयता उपत्यकाका प्रमुख चोकहरूमा ट्राफिक प्रहरीसँगै प्रहरीको सामुदायिक शाखामा कार्यरत प्रहरीहरूसमेत सर्वसाधारणलाई बाटो काट्न सघाइरहेका देखिन्छन्। नागरिकसँग प्रहरीको सम्बन्ध थप प्रगाढ बनाउने उद्देश्यअन्तर्गत काठमाडौं उपत्यका प्रहरी कार्यालयले सुरु गरेको 'सुरक्षित उपत्यका: हाम्रो प्रतिबद्धता' अभियानअन्तर्गत यसरी चोकमा थप प्रहरी खटिन थालेका हुन्। खासगरी 'पिक आवर'मा वृद्ध तथा बालबालिकालाई सघाउन सामुदायिक शाखाका प्रहरीले सघाउने गरेका छन्।

प्रहरी सेवालाई अझै नागरिकमैत्री बनाउन अभियानअन्तर्गत प्रहरीले सक्रियता बढाएको उपत्यका प्रहरी कार्यालयका एसएसपी दिनेशराज मैनालीले बताए। 'पिक आवरमा वृद्ध र बालबालिकालाई सडक पार गराउन सामुदायिक शाखाका प्रहरीलाई खटाउन थालिएको हो,' एसएसपी मैनाली भन्छन्, 'प्रहरी सेवालाई थप नागरिकमैत्री बनाउने अभियानमा हामी छौं।' प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले गत साता सार्वजनिक गरेको कार्ययोजनाअन्तर्गत काठमाडौं उपत्यकामा 'सुरक्षित उपत्यका : हाम्रो प्रतिबद्धता' सुरु भएको हो। जसअनुसार उपत्यका प्रहरी कार्यालयले प्रहरी कर्मचारीलाई थप तालिम दिएर 'स्मार्ट पुलिसिङ'को अवधारणालाई कार्यान्वायनमा लगिएको हो। जसअन्तर्गत प्रहरीलाई शारीरिक तथा मानसिक रूपमै स्मार्ट बनाउने, अनुसन्धानलाई थप प्रमाणमुखी बनाउन मुख्य नाका र चोकहरूमा सिसी क्यामरा थप्ने, कन्ट्रोल रुम भेहिकल (सिआरभी)लाई अझै प्रभावकारी बनाउनेलगायत छन्।



सिआरभीलाई प्रभावकारी बनाउन हालै अनुशिक्षण तालिमसमेत दिइएको एसएसपी मैनालीले बताए। यस्तै, प्रहरीका चालकलाई पनि थप तालिम दिएर सडकमा उदाहरणीय चालक बनाउने योजना प्रहरीको छ। प्रहरीलाई सामूहिक नेतृत्वमा अघि बढाई उत्प्रेरणा बढाउने अभियान पनि सुरु गरिएको छ। गत २२ असारमा प्रहरी महानिरीक्षक कुँवरले आफ्नो दुईवर्षे कार्ययोजना सार्वजनिक गरेका थिए। जुन १ साउनदेखि पूर्ण रूपमा लागू हुँदै छ।

नासौं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धारापानी, मनाङ

कर्मचारी करारमा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/०१

यस गाउँपालिका अन्तर्गत पशुसेवा शाखा, कृषि सेवा शाखा र अयुर्वेद सेवा तर्फ देहाय बमोजिमको पदमा प्राविधिक कर्मचारीहरु पद रिक्त रहेकाले सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक पद तथा संख्या

क्र.स.	विज्ञापन नं.	पद	सेवा/समूह	तह	माग संख्या	कै.
१.	०१/०८०/०८१	कृषि स्नातक	कृषि सेवा	अधिकृत स्तर छैटौं	१	
२.	०२/०८०/०८१	पशु विकाश अधिकृत	पशु सेवा	अधिकृत स्तर छैटौं	१	
३.	०३/०८०/०८१	कविराज	स्वास्थ्य/आयुर्वेद	पाचौं	१	

नोटः आवश्यक शैक्षिक योग्यता, सेवा सुविधा, परिक्षा सम्बन्धी कार्यक्रम तथा राजश्व लगायत अन्य विवरणहरुको जानकारी गाउँपालिकाको वेभसाईट **www.nashongmun.gov.np** मा राखिएको छ। सोहि वेभसाईटबाट अवगत गर्नुहुन अनुरोध छ। सम्पर्क नं. ९८४३३०९८५९, ९८५१०७९००६

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन
वागमती प्रदेश
काभ्रेपलाञ्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०४/०१

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपुर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि.नं.	ठेक्का नं.	छनोट भएको फर्मको नाम	कबोल अंक (भ्याट र विमा सहित)
१	14/079/80 (DTW-P)	रोशन ड्रिलिभ एण्ड कन्स्ट्रक्सन प्रा. लि., काठमाडौं	३९,९७,९४९।०६
२	15/079/80 (DTW-P)	रोशन ड्रिलिभ एण्ड कन्स्ट्रक्सन प्रा. लि., काठमाडौं	२९,७१,४८१।७९
३	16/079/80 (DTW-P)	पाथिभरा ड्रिलिभ उद्योग, मोरङ	१४,४५,१०१।४९

(डिभिजन प्रमुख)

मिटरब्याजसम्बन्धी विधेयक दुवै सदनबाट पारित

मिटरब्याजबाट पीडित भएका नागरिकलाई न्याय दिने कानुन कार्यान्वयनको बाटो खुला

कमलराज भट्ट/नयाँ पत्रिका

राजनीतिक खिचातानी र अनेकौं अवरोधपछि अन्ततः मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० दुवै सदनबाट पारित भएको छ। १५ असारमा राष्ट्रिय सभाबाट पारित विधेयक संशोधनसहित आइतबार प्रतिनिधिसभाले पारित गरेको हो। विधेयक दुवै सदनबाट पारित भएसँगै मिटरब्याजबाट पीडित नागरिकलाई न्याय दिने कानुन कार्यान्वयनको बाटो खुलेको छ।

अनुचित लेनदेन (मिटरब्याज)को कार्यलाई फौजदारी कसुर कायम गरी सजायको व्यवस्था गर्ने तथा घरसारमा हुने लेनदेनसम्बन्धी व्यवहार व्यवस्थित र पारदर्शी बनाउन सरकारले ल्याएको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक संशोधनसहित प्रतिनिधिसभाबाट पारित भएको हो। प्रतिनिधिसभामा १४ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए। राष्ट्रिय सभाबाट पारित भएर सन्देशसहित आएको मिटरब्याजसम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न आएको विधेयक सर्वसम्मत पारित गरेको प्रतिनिधिसभाले पाँचवटा संशोधन गरेको छ। पारित भएको विधेयकलाई प्रतिनिधिसभाले सन्देशसहित राष्ट्रिय सभामा फिर्ता पठाउनुपर्नेछ।

सन्देश राष्ट्रिय सभामा टेबुल गरी अध्यक्षले प्रमाणित गरेर राष्ट्रपति कार्यालय पठाउनुपर्नेछ। राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेर राजपत्रमा प्रकाशित भएपछि ऐनका रूपमा कार्यान्वयनमा आउनेछ। ऐन कार्यान्वयनमा आएसँगै घरसारमा एक लाखभन्दा बढी लेनदेन कारोबार गर्न पाइनेछैन। यो कारोबार पनि १० प्रतिशत ब्याजदरमा सीमित हुनुपर्नेछ। यस्तो कारोबारको लिखत वडा कार्यालयमा दर्ता हुनुपर्नेछ। यो ऐनले पुराना कारोबारका लिखतलाई पनि वडा कार्यालयमार्फत प्रमाणित गरेर वैधानिकता दिने, जाँचबुझ गर्ने, साँवा र ब्याजभन्दा बढी लिएको चल-अचल सम्पत्ति फिर्ता गर्ने, यस्तो अपराध र शोषण गर्नेलाई फौजदारी मुद्दा चल्ने, सात वर्षसम्म कैद र ७० हजारसम्म जरिवाना हुनेछ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सामन्ती शोषणको अवशेष अन्त्य गर्ने बाटो खुलेको बताए। 'यो ऐन निर्माणले मिटरब्याजपीडितलाई न्याय दिलाउने अभियानलाई सफल पार्न बलियो आधार प्रदान गर्नेछ,' मन्त्री श्रेष्ठले भने, 'यद्यपि, यस सन्दर्भमा अझै सचेततापूर्वक मिहिनेत गर्नु जरुरी छ। न्यायको पक्षमा दृढतापूर्वक अघि बढौं।'

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सामन्तवादको अवशेष मिटरब्याजी विकृतिलाई सदाका लागि अन्त्य गर्न नयाँ कानुन आएको बताए। सांसदहरूका सुझावलाई ऐन कार्यान्वयनका क्रममा सरकारले ग्रहण गर्ने उनको प्रतिबद्धता थियो। कांग्रेस प्रमुख सचेतक रमेश लेखकले यो ऐनले वास्तविक लेनदेनलाई व्यवस्थित गर्ने र अनुचित लेनदेनलाई नियन्त्रण गर्ने बताए। अनुचित लेनदेनलाई नियन्त्रण गर्दैगर्दा सर्वसाधारणलाई तत्काल चाहिने रकम सरकारले बैंकबाट सहज ढंगले ऋण उपलब्ध



गराउने व्यवस्था गर्नुपर्ने सुझाव पनि दिए। यसो नगरिए अर्को विकृति निम्त्याउनतर्फ सचेत गराएका थिए। एमाले प्रमुख सचेतक पदम गिरीले मिटरब्याजमा ऋण लिनुपर्ने बाध्यता अन्त्य गर्नुपर्ने बताए। यसका लागि सबै जनताको पहुँचमा बैंक पुऱ्याउनुपर्ने उनको सुझाव थियो। गिरीले नयाँ कानुनको कडाइका साथ कार्यान्वयन गरेर घरसारको ब्याजलाई व्यावहारिक बनाउनुपर्नेमा जोड दिए।

रास्वपाका सभापति रवि लामिछानेले मानिसलाई शोषणका लागि बाध्य पारेको मिटरब्याजलाई निमिट्यान्न पार्नुपर्ने बताए। 'यसको सफल कार्यान्वयन होस्, पीडितलाई न्याय मिलोस्,' उनले भने। बैंक, सहकारी र लघुवित्तलाई पनि कडाइका साथ नियमन गर्नुपर्नेमा उनको जोड थियो।

राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले मिटरब्याजका अपराधीलाई कानुनी कारबाही गर्नुपर्ने बताए। 'अनुसन्धान



पारदर्शी हुनुपर्छ। निर्दोषलाई कारबाही नहोस्,' उनले भने।

जसपा प्रमुख सचेतक प्रदीप यादवले पीडितलाई न्याय दिने गरी कानुन आएको बताए। आफूहरूको चासो संशोधनबाट सम्बोधन भएकाले र सबैभन्दा ज्यादा समस्या रहेको मधेसमा पीडित जनताले न्याय पाउने उनको भनाइ थियो। लोसपाका रामप्रकाश चौधरीले पीडितमैत्री कानुन आएको भन्दै जनताले पाउने ऋण सहुलियतमा उपलब्ध गराउन सुझाव दिए।

मिटरब्याजबाट पीडितहरू पैदलै राजधानी आएर आन्दोलन थालेपछि सरकारले २० वैशाखमा मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेको थियो। २४ वैशाखमा दुवै सदनमा पेस भई अध्यादेश ५ जेठमा स्वीकृत भएको थियो। ६० दिन (२० असार)भित्र अध्यादेश प्रमाणीकरण गर्नुपर्ने संवैधानिक सीमा मध्यनजर गर्दै सरकारले ५ असारमा राष्ट्रिय सभामा प्रतिस्थापन विधेयक पेस गरेको थियो।

राष्ट्रिय सभाले १५ असारमा विधेयक पारित गरी प्रतिनिधिसभामा पठाएको थियो। १७ असारमा सैद्धान्तिक छलफल गरेको प्रतिनिधिसभाले २० गते प्रतिस्थापन पारित गर्ने कार्यसूची थियो। तर, प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विपक्षीले संसद् अवरुद्ध गर्दा विधेयक पारित हुन नसकेर अध्यादेश निष्क्रिय भएको थियो।

अध्यादेश निष्क्रिय भए पनि प्रतिनिधिसभामा विचाराधीन प्रतिस्थापन विधेयकलाई परिमार्जन गरेर अगाडि बढाउने तयारी सत्तापक्षको थियो। तर, दलहरूको असमझदारीले १० दिनपछि आइतबार संशोधनसहित विधेयक पारित भएको हो। विधेयकको विषयवस्तुमा जसपा र प्रक्रियामा एमालेले प्रश्न उठाएको थियो।

■ विधेयकमा पाँच संशोधन

सत्ता तथा प्रतिपक्षी सांसदहरूको संशोधन प्रस्तावका आधारमा सरकारले विधेयकमा केही संशोधन गरेको छ। कानुनमन्त्री गुरुङका अनुसार सुरुमा विधेयकको उद्देश्य र कारण परिमार्जन गरिएको छ। 'संघीय संसद्को दुवै सदनबाट स्वीकृत भएको उक्त अध्यादेशले गरेको व्यवस्थालाई निरन्तरता दिन आवश्यक भएकाले अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी तयार गरिएको प्रस्तुत मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पेस गरेको' भन्ने वाक्यको सट्टा 'उल्लिखित अध्यादेश संघीय संसद्को दुवै सदनबाट स्वीकृत भएको समेत सन्दर्भमा प्रस्तुत मुलुकी संहितासम्बन्धी केही नेपाल

■ रमेश लेखक
प्रमुख सचेतक, कांग्रेस



यो ऐनले वास्तविक लेनदेनलाई व्यवस्थित गर्ने र अनुचित लेनदेनलाई नियन्त्रण गर्ने छ। सर्वसाधारणलाई तत्काल चाहिने रकम सरकारले बैंकबाट सहज ढंगले ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।

■ पदम गिरी
प्रमुख सचेतक, एमाले



मिटरब्याजमा ऋण लिनुपर्ने बाध्यता अन्त्य गर्नुपर्छ। यसका लागि सबै जनताको पहुँचमा बैंक पुऱ्याउनुपर्छ। नयाँ कानुनको कडाइका साथ कार्यान्वयन गरेर घरसारको ब्याजलाई व्यावहारिक बनाउनुपर्छ।

■ रवि लामिछाने
सभापति, रास्वपा



मानिसलाई शोषणका लागि बाध्य पारेको मिटरब्याजलाई निमिट् यान्न पार्नुपर्छ। यसको सफल कार्यान्वयन होस्, पीडितलाई न्याय मिलोस्। बैंक, सहकारी र लघुवित्तलाई पनि कडाइका साथ नियमन गर्नुपर्छ।

ऐनलाई संशोधन गर्ने विधेयक पेस गरेको' भन्ने वाक्य राखिएको छ।

त्यस्तै, दफा २ (२)मा 'नगदै वा घरसारमा' भन्ने शब्दको सट्टा 'घरसारमा नगदै' भन्ने शब्द राखिएको छ। दफा ३ मा उपदफा (३ ख) थपिएको छ, 'उपदफा (३ क) मा जुनसुकै कुरा लेखिएको भए पनि लेनदेन कारोबारको कुनै पक्ष बिरामी परी वा शारीरिक वा मानसिक अशक्तताको कारणले आफैं उपस्थित हुन नसक्ने भएमा त्यस्तो पक्षको हकमा निजको हकवाला वा संरक्षकले त्यस्तो लिखत प्रमाणित गराउन सक्नेछ।' उपदफा (३ घ)मा '(३ क) बमोजिम प्रमाणित गराउने प्रयोजनका लागि लेनदेनको कुनै एक पक्ष उपस्थित नभए पनि त्यस्तो लेनदेन कारोबारको यथार्थता बुझी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले प्रमाणित गरिदिनुपर्ने व्यवस्था राखिएको छ।

उपदफा (३ ङ) मा '(३ क) मा जुनसुकै कुरा लेखिएको भए पनि लेनदेन कारोबारको कुनै पक्ष नेपालबाहिर रहेको अवस्थामा निज फर्की आएको मितिले ६ महिनाभित्र लेनदेन कारोबारको लिखत प्रमाणित गराउनुपर्ने' प्रावधान थपिएको छ। दफा ४ (२ छ) मा रहेको 'कुनै प्रकारको' भन्ने शब्दपछि 'शारीरिक वा मानसिक हानि हुने गरी' भन्ने शब्द थपिएको छ। दफा ४ (४) मा रहेको 'कसुर गर्ने वा गराउने व्यक्तिलाई' भन्ने शब्दहरूपछि 'कसुरको गम्भीरता

■ सहकारीको नियमन र बचतकर्ताको सुरक्षा माग

संसद्मा सहकारीपीडितलाई न्याय दिनुपर्ने आवाज उठेको छ। प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले ठगी गर्नेलाई कारबाही, सहकारीको नियमन र बचतकर्ताको सुरक्षा माग गरेका छन्।

कांग्रेस महामन्त्री गगनकुमार थापाले सांसदको घरदेखि माइतीघर मण्डलासम्म पुगेका सहकारीपीडितको आवाज राज्यले सुन्नुपर्ने बताए। 'आज उनीहरूको जे अवस्था भएको छ, त्यसको एक हदसम्म राज्य पनि जिम्मेवार हो। जुन निकायले अनुगमन गर्नुपर्ने हो, राम्रोसँग गरेन, अनुगमन राम्रो नहुँदा यस्तो अवस्था आउँछ भन्ने उसलाई थाहा थियो। तर, ऊ त्यो अवस्था कुरेर बस्यो। जसले उसलाई काम लगाउनुपर्थ्यो ऊ पनि केवल रिबन काट्नमा व्यस्त भयो। धेरै कुरा भत्किएपछि सरकारले २६ वैशाखमा अध्ययन कार्यदल गठन गऱ्यो,' उनले भने। सांसद थापाले बचतकर्ताको रोकिएको रकम फिर्ता गराएर सहकारी पीडितलाई न्याय दिन थापाले अनुरोध गरे।

कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले सहकारीलाई नियमन गर्न शक्तिशाली संस्था आवश्यक रहेको बताए। केही सहकारीको कमजोरीका कारण देशभरका सयौं सहकारी आलोचित पनि भएको र पीडित सहकारीकर्मी आन्दोलनमा रहेको भन्दै यसलाई नियमन गर्न सरकारले शक्तिशाली संस्थाको परिकल्पना गर्नुपर्ने उनको भनाइ थियो। सहकारीकर्मीसँग संवाद गरी माग पूरा गरेर समाधान गर्न उनले आग्रह गरे। राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले जनताको पैसा उठाएर लुट्ने सहकारीहरूलाई कारवाही गरेर माइतीघरमा आन्दोलनरत पीडितलाई न्याय दिन माग गरे।

हेरी' भन्ने शब्दहरू थपिएको छ। दफा ४ (५) मा संशोधन गरिएको छ, 'अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनका आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानुनबमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइदिनुपर्नेछ।' यसअघि साँवा र ब्याजसहित सबै सम्पत्ति फिर्ता गर्नुपर्ने प्रावधान थियो। अध्यादेश निष्क्रिय भएपछि प्रतिस्थापन विधेयकको विधि मिलाउन दफा ६ मा बचाउ र खारेजीको ठाउँमा 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० निष्क्रिय भएपछि त्यसको परिणाम' भनिएको छ। जसमा अध्यादेश निष्क्रिय भए पनि रित पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर नगर्ने उल्लेख छ।

जंगली च्याउ खाँदा एकै घरका तीनको मृत्यु

रोल्पा/ विषालु जंगली च्याउ खाँदा रोल्पामा एकै परिवारका तीनजनाको मृत्यु भएको छ। लुंग्री गाउँपालिका- ५ बज्याङ गाउँका एकै घरका तीनजनाको विषालु च्याउ खाँदा ज्यान गएको प्रहरी नायब उपरीक्षक श्याम सारूमगरले जानकारी दिए। मृत्यु हुनेमा आमा ३५ वर्षीया भिमा गुरुङ, दुई छोरा ११ वर्षका सुशील गुरुङ र ६ वर्षका प्रेम गुरुङ छन्।

गत २५ असारमा जंगली च्याउ खाएपछि बिरामी भएका उनीहरूको उपचारका क्रममा मृत्यु भएको स्थानीय महेन्द्र गुरुङले जानकारी दिए। जंगली च्याउ खाएर गम्भीर बिरामी परेका उनीहरूलाई सुलीचौर स्वास्थ्यचौकीले लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रेफर गरेको थियो। कान्छा छोरा प्रेम गुरुङको उपचारका क्रममा बुटवलमै शुक्रबार मृत्यु भएको थियो भने भिमा र सुशीललाई थप उपचारका लागि भैरहवा मेडिकल कलेज लगिएको थियो। उपचारकै क्रममा सुशीलको शनिबार र भिमाको आइतबार बिहान मृत्यु भएको हो।

जंगली च्याउको तरकारी खाएलगत्तै बिरामी परेका उनीहरूलाई २५ असारमै सुलीचौर स्वास्थ्यचौकी पुऱ्याइएको थियो। पाँचजनाको परिवारमा भिमाका श्रीमान् दुर्गे गुरुङ रोजगारीका लागि कतारमा छन्। १४ वर्षीया छोरी मावलीमा बस्दै आएकी थिइन्। घरमा रहेका भिमा र उनका दुई छोराले च्याउ खाएका थिए। दुर्गेको पाँचजनाको परिवार ऋणदान गरेरै भए पनि चलिरहेकै थियो। घरखर्च र छोराछोरीको पढाइको खर्च जोहो गर्न विदेश जाँदै-फर्कंदै गरिरहेका दुर्गे तीन महिनाअघि मात्रै रोजगारीका लागि कतार पुगेका थिए। तर, जसको खुसीका लागि परदेसिए, उनीहरूकै सास भेट्न नपाउँदा दुर्गे भावविह्वल छन्। 'च्याउ खाएर बिरामी भएलगत्तै खबर गरेका थियौं, तर आउँदा परिवारै भेट्न पाएन,' स्थानीय महेन्द्र गुरुङले भने, 'सानैदेखि दुःख पाएको मान्छे हो, परिवारकै लागि धेरै दुःख गऱ्यो, तर परिवारै भेट्न पाएन।'

तीन छोरामध्ये कान्छा दुर्गे सानै छँदा बुबाको मृत्यु भएको थियो भने आमाले अर्कैसँग बिहे गरेपछि हजुरआमासँग हुर्किएका उनको आर्थिक अवस्था कमजोर रहेकाले वैदेशिक रोजगारीका लागि कतार पुगेका हुन्। एकै घरका तीनजनाको मृत्यु हुनु दुःखद भएको वडाध्यक्ष रिखबहादुर रोकाले बताए।

■ सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन

सम्बन्ध-विच्छेदका मुद्दा झन्डै १० हजारले बढे

नयाँ पत्रिका

देशभरका अदालतमा सबैभन्दा बढी मुद्दा सम्बन्ध-विच्छेदको परेको देखिएको छ। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनले एक वर्षमै सम्बन्ध-विच्छेदका १० हजारभन्दा बढी मुद्दा थपिएको देखाएको हो।

प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले राष्ट्रपति रामचन्द्र पौडेललाई आइतबार आर्थिक वर्ष ०७८/७९ को प्रतिवेदन बुझाएका छन्। प्रतिवेदनअनुसार देशभर ३७ हजार चार सय ३४ वटा मुद्दा सम्बन्ध-विच्छेदका छन्। यीमध्ये २७ हजार २८ वटा मुद्दा फर्स्योट भइसकेका छन् भने १० हजार तीन सय ५६ वटा मुद्दा किनारा लाग्न बाँकी रहेको तथ्यांक छ। ०७७/७८ मा सम्बन्ध-विच्छेदका मुद्दा सबैभन्दा बढी परेका थिए। उक्त आर्थिक वर्षको प्रतिवेदनअनुसार २७ हजार चार सय २५ वटा सम्बन्ध-विच्छेदका मुद्दा अदालतमा परेका थिए।

सार्वजनिक भएको ०७८/७९ को प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा देशभरमा नौ हजार एक सय ६९ वटा जबर्जस्ती करणीका मुद्दा रहेका थिए। आर्थिक वर्षको अन्तिममा ३१ हजार ६ सय ३८ वटा मुद्दा देशभरका अदालतमा विचाराधीन थिए। आव ०७७/७८ मा भने सात हजार सात सय ५७ वटा मुद्दा बलात्कारका थिए। त्यसअघिको वर्षमा देशभरका अदालतमा रहेका मुद्दाभन्दा यो झन्डै चार हजारले बढी हो। आर्थिक वर्ष ०७७/७८ मा कुल २७ हजार चार सय ९६ वटा मुद्दा विचाराधीन थिए।



सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन बुझ्दै राष्ट्रपति रामचन्द्र पौडेल।

■ सबैभन्दा बढी मुद्दा बागमती प्रदेशमा

देशभरमा सबैभन्दा बढी मुद्दा बागमती प्रदेशमा परेका छन्। प्रदेश मातहतका जिल्ला र उच्च अदालतमा मुद्दाको चाप सबैभन्दा बढी रहेको देखिएको छ। वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७८/७९ मा ५८ हजार सात सय ९७ वटा मुद्दा थिए भने मधेस प्रदेशमा सोही अवधिमा ६५ हजार एक सय ६० मुद्दा रहेको प्रतिवेदनमा छ। फर्स्योटमा भने सबैभन्दा बढी मधेस प्रदेशको छ। जम्मा मुद्दामध्ये २७.७१ प्रतिशत मुद्दा किनारा लागेका छन् भने बागमतीका २४.६८ प्रतिशत मुद्दा फर्स्योट भएको प्रतिवेदनमा उल्लेख छ। कार्यबोझका हिसाबले सबैभन्दा बढी मधेस प्रदेशमा छ। ३०.३३ प्रतिशत कार्यबोझ र बागमतीमा २७.३७ प्रतिशत छ। सबैभन्दा कम मुद्दाको कार्यबोझ २.७८ प्रतिशत सुदूरपश्चिम प्रदेशमा छ।

■ तिलप्रसाद श्रेष्ठ सबैभन्दा बढी फैसला गर्ने न्यायाधीश

सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठले सबैभन्दा बढी मुद्दा छिनेको देखिएको छ। उच्च अदालत विराटनगरमा मुख्य न्यायाधीश रहेका श्रेष्ठ १५ चैत ०७८ मा सर्वोच्चको न्यायाधीश नियुक्त भएका थिए। उनले प्रतिदिन १० भन्दा बढी फैसला गरिरहेका छन्।

वार्षिक प्रतिवेदनअनुसार नियुक्त भएको मितिबाट आर्थिक वर्ष ०७८/७९ को अन्त्यसम्ममा उनले रिट, दोहोऱ्याई पाऊँको निवेदन, अन्य फुटकर निवेदनसमेत गरी जम्मा सात सय ६५ वटा मुद्दा फर्स्योट गरेका छन्। ७५ दिनमा उनले नौवटा मुद्दा भने एकल इजलासबाट फैसला गरेको तथ्यांक छ। यसैगरी, मनोजकुमार शर्मा र विश्वम्भरप्रसाद श्रेष्ठले दैनिक ४.४ वटा मुद्दा फर्स्योट गर्ने गरेका छन्। शर्माले गत आर्थिक वर्ष एक हजार १० वटा र श्रेष्ठले आठ सय पाँचवटा फैसला गरेका छन्। अन्यले औसतमा प्रतिदिन तीनदेखि चारवटासम्म मुद्दा फैसला गर्ने गरेका छन्।

■ एकचौथाइ फैसला मात्र कार्यान्वयन

सर्वोच्चबाट भएका फैसला कार्यान्वयनको अवस्था चिन्ताजनक देखिएको छ। प्रतिवेदनअनुसार गत आर्थिक वर्षसम्म २७.५७ प्रतिशत आदेश मात्र कार्यान्वयन भएका छन्। सर्वोच्चबाट भएको निर्देशनात्मक आदेश तथा परमादेशसमेत दुई सय १४ वटा आदेशमध्ये एक सय ५५ वटा कार्यान्वयन हुन बाँकी नै छन्। ५९ वटा मात्र कार्यान्वयन भएको छ।

परराष्ट्रमन्त्री बैंककमा

काठमाडौं/ परराष्ट्रमन्त्री नारायणप्रकाश साउद बिमस्टेक क्षेत्रका परराष्ट्रमन्त्रीहरूसँगको कार्यक्रममा सहभागी हुन बैंकक पुगेका छन्। बिमस्टेक परराष्ट्रमन्त्रीहरूको रिट्रिटका लागि उनी आइतबार त्यसतर्फ प्रस्थान गरेका हुन्।

साउदले सोमबार भारतीय विदेशमन्त्री डा. एस जयशंकरसँग साइडलाइनमा भेटवार्ता गर्ने तय भएको छ। मन्त्री साउदसहित विदेशमन्त्रीहरूले थाइल्यान्डका प्रधानमन्त्री प्रयुत चान ओचासँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ। 'परराष्ट्रमन्त्रीहरूले आफ्ना समकक्षीहरूसँग बिमस्टेक क्षेत्रीय सहकार्य र साझा हितका विषयमा छलफल गर्नुहुनेछ,' परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। मन्त्री साउद मंगलबार स्वदेश फर्किने कार्यक्रम छ।

एमालेको प्रचार र संसदीय विभागमा सदस्य थपिए

काठमाडौं/ एमालेले केन्द्रीय प्रचार विभाग र संसदीय विभागमा सदस्यहरू मनोनयन गरेको छ। केन्द्रीय सचिवालयको पछिल्लो बैठकले केन्द्रीय प्रचार तथा प्रकाशन विभागमा ११ र संसदीय विभागमा १३ सहित २४ जनालाई सदस्य मनोनयन गरेको हो।

केन्द्रीय प्रचार तथा प्रकाशन विभागमा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा. महेन्द्र विष्ट, प्रेस चौतारी नेपालका उपाध्यक्ष गणेश पाण्डे र राजेश राई, पूर्वउपाध्यक्ष लीलाराज भट्टराई, हेमन्त पौडेल र लालबाबु शेख सदस्यमा मनोनीत भएका छन्। त्यस्तै, प्रेस चौतारीका पूर्वकेन्द्रीय सदस्यहरू रामकृष्ण ज्ञवाली, शेरबहादुर केसी र दीपक ज्ञवाली, पत्रकार महासंघका पूर्वकोषाध्यक्ष सूर्यमणि गौतम र प्रेस चौतारी नेपालकी पूर्वकोषाध्यक्ष अक्षरी पोखरेल छन्। प्रचार तथा प्रकाशन विभागको प्रमुख स्थायी समिति सदस्य राजेन्द्र गौतम छन्।

त्यस्तै, संसदीय विभागमा मनोनीत हुने १३ जनामा सांसदहरू भगवती चौधरी, पदम गिरी, ज्वालाकुमारी साह, विद्या भट्टराई, ठाकुर गैरे, बलराम अधिकारी, चन्द्रबहादुर विश्वकर्मा, सुनिता बराल, महेश बर्तौला, तारा लामा तामाङ, अम्बरबहादुर रायमाझी, लीलानाथ श्रेष्ठ र किरणकुमार साह छन्। संसदीय विभागको प्रमुख उपमहासचिव पृथ्वी सुब्बा गुरुङ छन्।



कोसीमा बजेटको सकस

सर्वोच्चको आदेशपछि सरकारले प्रतिस्थापन विधेयक दर्ता गरेन, भदौभित्र प्रतिस्थापन विधेयक पारित नगराए अध्यादेशको बजेट स्वतः निष्क्रिय हुने

विराटनगरमा **गणेश लम्साल**

कोसी प्रदेशमा अल्पमतमा परेको एमाले नेतृत्वको सरकारले अध्यादेशमार्फत प्रस्तुत गरेको चालू आर्थिक वर्षको बजेट भदौभित्र नयाँ सरकारले प्रतिस्थापन विधेयक पारित नगरे हुबहु कार्यान्वयनमा आउनेछ। तर, कोसी प्रदेश सभामा नयाँ सरकारले बजेट संशोधनका लागि प्रतिस्थापन विधेयक दर्ता गराएको छैन। कांग्रेस संसदीय दल, माओवादी र एकीकृत समाजवादीले अलग-अलग दुईवटा विरोधको सूचना मात्र दर्ता गरेका छन्।

तत्काल सत्तागठबन्धनमा रहेका माओवादी र जसपाले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको एमाले-राप्रपा सरकारले ३२ जेठमा अध्यादेशमार्फत आव ०८०/८१ का लागि कुल ३६ अर्ब ३४ करोड २४ लाखबराबरको बजेट प्रस्तुत गरेको थियो। तर, अल्पमतको सरकारले १५ असारमा बहुमत गुमाएपछि कोसीमा २१ असारमा कांग्रेसका मुख्यमन्त्री उद्धव थापाको नेतृत्वमा नयाँ सरकार गठन भएको छ। कांग्रेस नेतृत्वको नयाँ गठबन्धन सरकारविरुद्ध अदालतमा रिट परेपछि सर्वोच्चले मुद्दा किनारा नलागेसम्म कुनै पनि दूरगामी असर पर्ने निर्णय नगर्न आदेश गरेको छ। न्यायाधीश सपना प्रधान मल्लको इजलासले ७ साउनदेखि निरन्तर सुनुवाइ गर्ने गरी अदालतको फैसला नभएसम्म नयाँ सरकारलाई कामचलाउ हैसियतमा रहन आदेश गरेको हो। यसैले कोसीमा नयाँ गठबन्धनको सरकारलाई अदालतले बदर गर्छ कि निरन्तरता दिन्छ भन्ने अन्योल कायमै छ।

यदि सर्वोच्चले नयाँ गठबन्धको सरकार खारेज गरेमा अल्पमतको सरकारले अध्यादेशमार्फत प्रस्तुत गरेको बजेट स्वतः अध्यादेश पारित नभएसम्म हुबहु कार्यान्वयनमा जानेछ। तर, सरकारले निरन्तरता पाएमा र विश्वासको मत लिन सफल भएमा प्रतिस्थापन विधेयक दर्ता गराएर पारित गराई बजेट संशोधन गराएर कार्यान्वयनमा ल्याउन सक्नेछ। नयाँ सरकारले अदालतबाट समर्थन पाएर विश्वासको मत लिइसकेपछि पनि प्रतिस्थापन विधेयक पारित नगराएमा र अध्यादेश पनि पारित नभएमा भने बजेट स्वतः निष्क्रिय हुनेछ।

कोसी प्रदेश एमाले संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले नयाँ सरकारलाई सर्वोच्चले कायम गरेपछि पनि अध्यादेश अस्वीकृत गरेर प्रतिस्थापन विधेयक पारित गराएमा बजेट सोहीअनुसार कार्यान्वयन हुने, तर सरकार खारेज भएमा आफ्नो पार्टीको सरकारले प्रस्तुत गरेको बजेट हुबहु कार्यान्वयन हुने दाबी गरे। 'अदालतले नयाँ सरकारलाई समर्थन दिएपछि पनि सरकारले प्रतिस्थापन विधेयक दर्ता गराएन भने बजेट स्वतः निष्क्रिय हुन्छ,' उनले भने।

कोसी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्यामप्रसाद भण्डारीले १ साउनदेखि नयाँ आर्थिक वर्ष सुरु भए पनि भदौसम्म बजेट कार्यान्वयनमा समस्या नभएको बताए। उनका अनुसार बजेट प्रस्तुत भएको ६० दिनभित्र प्रदेश सभाबाट नयाँ सरकारले प्रतिस्थापन विधेयक पारित नगरेमा भने बजेट कार्यान्वयनमा समस्या आउनेछ। 'भदौसम्म बजेट कार्यान्वयनमा समस्या हुँदैन, तर संसद्मा प्रतिस्थापन विधेयकको सूचना दर्ता भइसकेकाले त्यो पारित नभएमा बजेट कार्यान्वयनमा बाधा पुग्नेछ,' उनले भने।

नयाँ सरकारमा सहभागी दलका नेता र सांसदहरूले भने वर्तमान सरकारले अदालतबाट मान्यता पाउने र त्यसपछि संसद्को बैठक सुरु गरेर विरोधको सूचना स्वीकृत गरी टेबुल भएको अध्यादेश खारेज गरेर प्रतिस्थापन विधेयक ल्याउने बताएका छन्। 'नयाँ सरकारले अदालतबाट निरन्तरता पनि पाउँछ र ३० दिनभित्र विश्वासको मत पनि लिन्छ। यसैले अल्पमतको सरकारले ल्याएको बजेट प्रतिस्थापन विधेयक पारित भएपछि मात्र कार्यान्वयनमा जान्छ,' कांग्रेस प्रमुख सचेतक भूपेन्द्र राईले भने।

२४ पुस ०७९ मा माओवादी, राप्रपा, जसपासहितको गठबन्धनमा बनेको एमाले नेतृत्वको सरकारले विश्वासको मत गुमाएपछि प्रतिपक्षमा पुगेको हो। पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले दल त्याग गरेको घोषणा भइसकेका सभामुखलाई समेत जोडेर नयाँ गठबन्धनले गठन गरेको सरकार गैरकानुनी र असंवैधानिक भएको भन्दै नियुक्ति खारेज गर्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए।



● **श्यामप्रसाद भण्डारी**, सचिव
आर्थिक मामिला तथा योजना मन्त्रालय



१ साउनदेखि नयाँ आर्थिक वर्ष सुरु भए पनि भदौसम्म बजेट कार्यान्वयनमा समस्या हुँदैन। अध्यादेशबाट बजेट प्रस्तुत भएको ६० दिनभित्र प्रदेश सभाबाट नयाँ सरकारले प्रतिस्थापन विधेयक पारित नगरेमा भने बजेट कार्यान्वयनमा समस्या आउनेछ। बजेट कार्यान्वयनमा बाधा पुग्नेछ।

● **रेवतीरमण भण्डारी**
प्रमुख सचेतक, एमाले



नयाँ सरकारलाई सर्वोच्चले कायम गऱ्यो भने अध्यादेश अस्वीकृत गरेर प्रतिस्थापन विधेयक पारित गराएमा बजेट सोहीअनुसार कार्यान्वयन हुनेछ। सरकार खारेज भएमा एमाले नेतृत्वको अघिल्लो सरकारले प्रस्तुत गरेको बजेट हुबहु कार्यान्वयन हुनेछ, सरकारले प्रतिस्थापन विधेयक दर्ता गराएन भने बजेट स्वतः निष्क्रिय हुनेछ।

बहुमत पुऱ्याउन गठबन्धनलाई अझै चुनौती

कोसीमा उद्धव थापा नेतृत्वको सरकारलाई बहुमत पुऱ्याउन चुनौती कायमै छ। दल त्यागको घोषणा गरेका सभामुख बाबुराम गौतमको समेत हस्ताक्षर प्रयोग गरेर कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपा गठबन्धनले कांग्रेसका थापालाई पाँचौं मुख्यमन्त्री बनाएका थिए। उनीहरूले गठबन्धनमा एमालेसँगै रहेको राप्रपा पनि सामेल हुने र सुविधाजनक बहुमत पुग्ने अपेक्षा गरेका थिए। तर, हालसम्म राप्रपाले नयाँ सरकारमा सामेल हुने कुनै संकेत देखाएको छैन।

एमालेले नयाँ गठबन्धनको सरकार अदालतबाट खारेज हुने र नभएमा विश्वासको मत गुमाएर ३० दिनभित्रै ढल्ने दाबी गरेको छ। यदि नयाँ सरकार अदालतबाट खारेज भएमा वा विश्वासको मत नपाएमा कोसीमा फेरि नयाँ सरकार गठनको प्रक्रिया सुरु हुन सक्नेछ। कोसी प्रदेश सभामा सभामुखसहित ९३ जना सांसद छन्। एमालेको ४० र राप्रपाका ६ जना सांसद छन्। सत्तारूढ कांग्रेसका २९, माओवादीको सभामुखसहित १३, एकीकृत समाजवादी चार र जनता समाजवादीको एकजना सांसद छन्। कोसीमा सरकारका लागि बहुमत पुऱ्याउन ४७ जना सांसद चाहिन्छ। यदि सभामुख गौतमले राजीनामा दिएमा बहुमतका लागि ४७ जना सांसद पुग्नेछन्।

प्रमुख प्रतिपक्षीविनै बजेट पास गर्नु संसदीय परम्पराविपरीत : एमाले

धनगढीमा **तेजराज भट्ट**

एमालेले प्रमुख प्रतिपक्षीको सहभागिताविना बजेट पारित गरिनु संसदीय परम्परा र मर्यादाविपरीत भएको दाबी गरेको छ। एमाले संसदीय दलले धनगढीमा आइतबार पत्रकार सम्मेलन गरेर सरकारले प्रमुख प्रतिपक्षी सहभागी नभएको बैठकबाट सुदूरपश्चिम प्रदेशको बजेट पारित गराएर संसदीय परम्पराको मानमर्दन गरेको आरोप लगाएको छ।

प्रदेश सरकारले गत १ असारमा प्रदेश सभामा प्रस्तुत गरेको बजेट एमाले अनुपस्थिति रहेको प्रदेश सभा बैठकले शनिबार राति पारित गरेको थियो। एमालेले बैठक बहिष्कार गरेको थियो। प्रतिपक्षमा रहेको राप्रपाका सांसद बैठकमा उपस्थित भएपछि राति १० बजे बजेट पारित भएको हो। एमाले सांसदहरू भने बैठकमै उपस्थित भएनन्।

> 'सरकारले संसदीय परम्पराको मानमर्दन गरेको छ। विधिको शासनको खिल्ली उडाएको छ, सत्तापक्षका सांसदलाई प्रलोभनमा पारेर बजेट पारित गरियो।'

'सरकारले संसदीय परम्पराको मानमर्दन गरेको छ। विधिको शासनको खिल्ली उडाएको छ,' एमाले दलका नेता राजेन्द्रसिंह रावलले भने, 'सत्तापक्षका सांसदलाई प्रलोभनमा पारेर बजेट पारित गरियो।' बैठक बस्नुअघि कार्यव्यवस्था परामर्श समितिको बैठकले कार्यसूची तय गर्नुपर्ने भए पनि समितिको बैठक नै नबसेर प्रदेश सभा सञ्चालन गरिएको भन्दै उनले आपत्ति जनाए।

शनिबार दिउँसो बोलाइएका दुईवटा बैठक स्थगित भएपछि राति बोलाइएको बैठकको सूचनासमेत आफूहरूलाई नदिइएको उनले दाबी गरे। बजेटबारे सत्तापक्षभित्रकै असन्तुष्टि मिलाउन दिउँसो ३ बजे बोलाइएको बैठक बेलुकी ५ बजे सरेको थियो। ५ बजे पनि बैठक बस्न नसकेपछि प्रदेश सभाबाट बाहिरिएका एमाले सांसदहरूलाई सचिवालयले बेलुकी ७ बजे बैठकको सूचना दिए पनि उनीहरू फर्केनन्। एमालेले बैठक बहिष्कार गर्ने भनेपछि आर्थिक मामिलामन्त्री नरेशबहादुर शाहीले एमाले संसदीय दलको कार्यालयमै पुगेर बैठकमा सहभागी हुन आग्रह गरेका थिए। असारको अन्त्यतिर मात्र बजेटमाथिको छलफल सुरु भएकाले बजेटमा विषयगत रूपमा छलफलसमेत हुन नपाएको रावलले बताए। सांसदले खर्च गर्ने प्रदेश पूर्वाधार विकास कार्यक्रमको बजेट थप गर्ने सहमतिप्रति पनि एमालेले आपत्ति जनाएको छ।

सत्तापक्षका सांसदहरू नै बजेटको विपक्षमा उभिएपछि सरकार र सत्तापक्षीय दलबीच प्रदेश पूर्वाधारको बजेट तीन करोडबाट बढाएर पाँच करोड पुऱ्याउने सहमति शनिबार भएको थियो। उक्त सहमतिसँगै सत्तापक्षका सांसदहरू बजेट पारित गर्न तयार भएपछि राति नै बजेट पारित गरिएको हो।

संक्षेप

खोलाले बगाउँदा एकको ज्यान गयो

मकवानपुर/ बागमती गाउँपालिकामा खोलाले बगाउँदा आइतबार एक पुरुषको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार बागमती गाउँपालिका- १ ठूलोगुर्दुङका ४५ वर्षीय लघुदोर्जे दोङको खोलाले बगाउँदा मृत्यु भएको हो। मकवानपुर प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले बागमती खोला तर्ने क्रममा अचानक खोलाले बगाई दोङको मृत्यु भएको जानकारी दिए। खोलाले बगाएर बीच भागमा ढुंगामा अड्किएको अवस्थामा उनको शव निकालिएको प्रवक्ता कार्कीले बताए। दोङलाई खोलाले बगाएको खबरपछि प्रहरी चौकी राईगाउँ मकवानपुरबाट पुगेको प्रहरी टोलीले उनको शव खोलबाट निकालेको थियो। पोस्टमार्टमका लागि दोङको शव हेटौंडा अस्पताल ल्याइएको प्रवक्ता कार्कीले जानकारी दिए।

भीमदत्तका ६ मेडिकलमा छापा

कञ्चनपुर/ कञ्चनपुर प्रहरीले भीमदत्त नगरपालिका क्षेत्रका ६ निजी औषधिपसलमा छापा हानेको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको टोलीले भीमदत्त नगरपालिका ७, १३, १० र १६ मा रहेका ६ वटा औषधिपसलमा छापा हानेको हो। कञ्चनपुर प्रहरीले आइतबार पत्रकार सम्मेलन गरी ती औषधिपसलमा गैरकानुनी रूपमा औषध बेचबिखन गर्दै आएकाले कारबाही गरिएको जनाएको छ। कञ्चनपुरका प्रहरी प्रमुख कमल थापाले विनाइजाजत गैरकानुनी रूपमा औषधि बिक्री-वितरण गर्दै आएका निजी औषधिपसलमा छापा हानेको बताए। बिक्री गर्न नमिल्ने औषधि बिक्री गर्दै आएको, दर्ता नगरी गैरकानुनी रूपमा औषधिपसल चलाएको पाइएको उनले बताए। पक्राउ पर्नेमा भीमदत्त नगरपालिका-७ हल्दुखालकी विमला उपाध्याय, वडा नं. १० गड्डाचौकीका सुरेश पाण्डेय, मोहन रोकाया र वडा नं. १६ मझगाउँका राजेन्द्रबहादुर चन्द छन्। वडा नं. १३ साझा चौराहका रामबहादुर विष्ट र वडा नं. १६ वसन्तपुरका वीरेन्द्रराज पन्त फरार छन्।

रोपाइँबाट फर्किएका पुरुषको मृत्यु

संखुवासभा/ खाँदबारी नगरपालिका- ४ सेकाहामा एक पुरुष मृत अवस्थामा फेला परेका छन्। आइतबार बिहान सेकाहाको घट्टेखोलामा स्थानीय ६२ वर्षीय मोहनप्रसाद गुरुङ मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक सरोज खनालले बताए। रोपाइँ गरेर शनिबार साँझ घर फर्किने क्रममा लडेर घट्टेखोलामा परेको हुन सक्ने प्रारम्भिक अनुसन्धानले देखाएको प्रहरी निरीक्षक खनालले बताए। घटनाबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ। बर्खाको समयमा भएकाले सेकाहा क्षेत्रमा यतिबेला धमाधम रोपाइँ भइरहेको छ। रोपाइँ सकेर साँझपख घरपरिवारका अन्य सदस्यभन्दा अन्तिममा खेतबाट बाटो लागेको गुरुङ रातिसम्म नआएपछि बिहान खोजी भएको थियो। बिहान खोजी गर्दै जाँदा खेतभन्दा केहीमाथि बाटोमा खोलामा लडेर मृत अवस्थामा भेटिएपछि गाउँले भेला भई प्रहरीलाई खबर गरेका थिए।

सय केजी लागुऔषधसहित पक्राउ

हेटौंडा/ मकवानपुर प्रहरीले एक सय किलो ६ सय ग्राम लागुऔषध गाँजा र पिकअप गाडीसहित एकजनालाई नियन्त्रणमा लिएको छ। हेटौंडा उपमहानगरपालिका- ४ कर्रास्थित सडकखण्डमा सवारीसाधन रोकी जाँच गर्ने क्रममा बागमती प्रदेश ०३-००१ च १६८८ नम्बरको बोलेरो पिकअप गाडीमा गाँजा भेटिएको थियो। गाडीको पछाडिको भागमा खाली क्रेटहरूको मुनि बोराभित्र लुकाइछिपाई ल्याइएको अवस्थामा एक सय किलो ६ सय ग्राम लागुऔषध गाँजा फेला पारेको प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए। प्रहरीले लागुऔषध, गाडी र गोरखा पालुङटार नगरपालिका- ३ घर भएका ३७ वर्षीय चालक दुर्गा दर्जीलाई नियन्त्रणमा लिएको छ।

भारतीय राजदूतावासले दियो ३४ एम्बुलेन्स र ५० स्कुलबस

काठमाडौं/ भारतीय राजदूतावासले नेपालका स्वास्थ्य र शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थालाई ३४ वटा एम्बुलेन्स र ५० वटा स्कुलबस प्रदान गरेको छ। आइतबार आयोजित एक कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको उपस्थितिमा एम्बुलेन्स तथा स्कुलबसका चाबी हस्तान्तरण गरे। कार्यक्रममा विभिन्न जिल्लाका नगर प्रमुख, गाउँपालिका अध्यक्ष, लाभग्राही संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि उपस्थित थिए।

राजदूत श्रीवास्तवले स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेका प्रयासलाई थप बलियो बनाउन नेपाल-भारत विकास साझेदारी कार्यक्रमअन्तर्गत सहयोग गरिएको बताए। भारतले सन् १९९४ यता भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न क्षेत्रका लाभग्राही संस्थालाई एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरूप प्रदान गर्दै आएको छ। भारतले अहिलेसम्म नौ सय ७४ वटा एम्बुलेन्स र दुई सय ३४ वटा स्कुलबस उपहारस्वरूप उपलब्ध गराइसकेको दूतावासले जनाएको छ।

सेन्ट्रल फाईनान्स लिमिटेडको कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/०४/०१

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको विभिन्न कर्जाहरुको साँवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक-पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) औं दिनभित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानीकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	ऋणीको नाम	धितोको विवरण
१.	**सुरेन्द्र गुरागाई** ना.प्र.प.नं.: १००४०, काठमाण्डौं जारी मितिः २०५५/१२/०५ बाबुको नामः लिलामणी गुरागाई बाजेको नामः देव नारायण गुरागाई ठेगानाः साङ्ला गा.वि.स. वडा नं. ७, हाल तारकेश्वर न.पा. वडा न. १, काठमाण्डौं **व्यक्तिगत धनजमानी दिने गौरी पौडेल** ना.प्र.प.नं. २८-०१-०६६-०१३११, ललितपुर जारी मितिः २०६६/०३/०२ पतिको नामः सुरेन्द्र गुरागाई बाबुको नामः शरद कृष्ण पौडेल ससुराको नामः लिलामणी गुरागाई ठेगानाः साङ्ला गा.वि.स. वडा नं. ७, हाल तारकेश्वर न.पा. वडा न. १, काठमाण्डौं	सुरेन्द्र गुरागाईको नाममा मालपोत कार्यालय टोखा, काठमाण्डौमा दर्ता कायम रहेको जिल्ला काठमाण्डौ, साङ्ला गा.वि.स., वडा नं. ६ ग स्थित कि.न. १०७८ जग्गा क्षेत्रफल ०-८-३-२ (रोपनी-आना-दाम-पैसा) र सोमा बनेको घर लगायत सोले चर्चेको लिगलगापात समेत।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

सशस्त्र प्रहरीमा बढुवाको जाम खुल्यो

करिब ६ हजार प्रहरीको एकैपटक बढुवा हुने

नयाँ पत्रिका

सशस्त्र प्रहरी बलमा हवल्दारदेखि प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)सम्मको बढुवाको जाम खुलेको छ। जसअनुसार सशस्त्रमा एकैपटक करिब ६ हजार प्रहरीको बढुवा हुनेछ।

सशस्त्र प्रहरी बलले आइतबार सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकदेखि सशस्त्र प्रहरी सहायक हवल्दारसम्म बढुवाका लागि सूचना प्रकाशित गरेको छ। केही पदमा समायोजनको प्रक्रियाका कारण लामो समयदेखि बढुवा अवरुद्ध थियो। सरकारले केही पद समायोजनको स्वीकृत दिएसँगै बढुवाअघि बढेको स्रोत बताउँछ।

सशस्त्र प्रहरीको साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, वरिष्ठ नायब निरीक्षक, नायब निरीक्षक, सहायक निरीक्षक, वरिष्ठ हवल्दार, हवल्दार र सहायक हवल्दार पदमा बढुवाका लागि आइतबार एकैपटक सूचना प्रकाशित गरिएको हो। सूचना प्रकाशन भएसँगै आगामी साउनभित्र सबै पदमा बढुवा गर्ने गृह मन्त्रालयको तयारी छ। एकैपटक ठूलो संख्यामा बढुवा हुने भएकाले यसबाट सशस्त्र प्रहरीका कर्मचारीको मनोबल बढ्ने गृह मन्त्रालयका एक अधिकारी बताउँछन्।

त्यस्तै, सशस्त्र प्रहरी सेवा प्राविधिक समूह सञ्चार तथा इन्जिनियरिङतर्फ प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक तथा सहायक हवल्दार पदमा समेत बढुवाका लागि सूचना प्रकाशित गरिएको छ। आइतबार नै लेखा उपसमूहतर्फ पाँचजना र कानुन उपसमूहतर्फ एकजनाको सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा बढुवा सिफारिससमेत भएको छ।

आइतबार नै एक सय ९८ जना हवल्दारलाई वरिष्ठ हवल्दार पदमा बढुवा सिफारिस गरिएको सशस्त्र प्रहरीका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए।

बढुवाको जाम खुलेसँगै ०६४ मा भर्ना भएको सि.सं. ७ सशस्त्र प्रहरी निरीक्षकको टोली सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा बढुवा हुनेछन्। भर्ना भएको १६ वर्षपछि उनीहरू डिएसपी हुनेछन्। सो टोलीका केही अघिल्लो बढुवामा छुटेका थिए।

त्यस्तै, ०६० मा भर्ना भएको सशस्त्र प्रहरी निरीक्षकको ठूलो टोली नायब उपरीक्षकमा रहेकोमा अब उनीहरू पनि एसपीमा बढुवा हुनेछन्। उनीहरू २० वर्षमा एसपी हुनेछन्। ०५९ मा भर्ना भएका इन्स्पेक्टरको टोली २१ वर्षपछि एसएसपी हुनेछन्। त्यस्तै, ०६१ मा असइ पदमा भर्ना भएकाहरू अहिले इन्स्पेक्टरमा बढुवा हुनेछन्।

त्यस्तै, जवानबाट हवल्दार हुन १५ वर्ष लाग्नेमा अब यस्तो समस्या हल हुने सशस्त्र प्रहरीका एक अधिकारी बताउँछन्। सहायक हवल्दारका केही पद थप गरिएको छ।

सशस्त्र प्रहरीमा बढुवाको जामका कारण समस्या रहँदै आएको छ। हाल केही पद समायोजन गरेर ठूलो संख्यामा बढुवा गर्न लागिएकाले अब त्यस्तो समस्या हट्ने सशस्त्र प्रहरी अधिकारी बताउँछन्।

को-को हुँदै छन् बढुवा ?

०६० मा भर्ना भएको सशस्त्र प्रहरी निरीक्षकको ठूलो टोली नायब उपरीक्षकमा रहेकोमा अब उनीहरू एसपीमा बढुवा हुनेछन्। ०६४ मा भर्ना भएको सि.सं. ७ सशस्त्र प्रहरी निरीक्षकको टोली सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा बढुवा हुनेछन्। ०५९ मा भर्ना भएका इन्स्पेक्टरको टोली २१ वर्षपछि एसएसपी हुनेछन्। ०६१ मा असइ पदमा भर्ना भएका अहिले इन्स्पेक्टरमा बढुवा हुनेछन्। आइतबार नै एक सय ९८ जना हवल्दारलाई वरिष्ठ हवल्दार पदमा बढुवा सिफारिस गरिएको सशस्त्र प्रहरीका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए।

शुल्क वृद्धि गर्ने सिटिइभिटीको निर्णयको विद्यार्थी संगठनबाट विरोध

नयाँ पत्रिका

- तीनवर्षे प्रमाणपत्र तह नर्सिङका लागि अब ६ लाख २४ हजार २३० रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ। यसअघि चार लाख ७५ हजार शुल्क थियो
- प्रमाणपत्र तह सामान्य चिकित्साअन्तर्गत अब पाँच लाख २३ हजार ८२० रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ। यसअघि चार लाख ४० हजार शुल्क थियो
- डिप्लोमा इन फार्मेसीमा चार लाख २३ हजार ६६० रुपैयाँ पुगेको छ। यसअघि तीन लाख ३७ हजार थियो।

सिटिइभिटीले प्रमाणपत्र तह नर्सिङ, प्रमाणपत्र तह सामान्य चिकित्सा (एचए) र डिप्लोमा इन फार्मेसीको अध्ययन शुल्क वृद्धि गरेकोमा विद्यार्थी संगठनले विरोध जनाएका छन्। आर्थिक स्थिति कमजोर भएको निम्न तथा मध्यमवर्गीय परिवारका विद्यार्थीले न्यूनतम शुल्क तिरेर व्यावसायिक तालिम गरी सजिले रोजगारीको अवसर प्राप्त गर्ने उद्देश्यले स्थापना गरिएको सिटिइभिटीले शुल्क वृद्धि गरेको भन्दै विरोध भइरहेको हो।

अनेरास्वावियुले विज्ञप्ति जारी गर्दै प्राविधिक शिक्षामा गरिएको भारी शुल्क वृद्धिको निर्णय ४८ घन्टाभित्र फिर्ता लिन माग गरेको हो। माग पूरा नभएमा चरणबद्ध रूपमा आन्दोलन गरिनेसमेत अनेरास्वावियुले जनाएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले शुल्क समायोजनसम्बन्धी मन्त्रीस्तरीय निर्णयपश्चात् आगामी शैक्षिक सत्र ०८०/८१ देखि भर्ना हुने विद्यार्थीमा लागू हुने गरी शुल्क वृद्धि गरेको हो। सिटिइभिटीले शुक्रबार सूचना प्रकाशित गरी नयाँ शुल्कका विषयमा जानकारी दिएको छ। सिटिइभिटीका अनुसार नर्सिङतर्फ एक लाख ४९ हजार २३० रुपैयाँ, एचएतर्फ एक लाख १९ हजार रुपैयाँ र फार्मेसीतर्फ साढे ८६ हजार रुपैयाँ शुल्क बढेको हो।

शुल्क वृद्धि भएसँगै तीनवर्षे प्रमाणपत्र तह नर्सिङका लागि अब ६ लाख २४ हजार २३० रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ। यसअघि उक्त शुल्क चार लाख ७५ हजार रुपैयाँ थियो। यस्तै, प्रमाणपत्र तह सामान्य चिकित्साअन्तर्गत यसअघि चार लाख ४० हजार रुपैयाँ शुल्क थियो, जुन बढेर पाँच लाख २३ हजार ८२० रुपैयाँ पुगेको छ। डिप्लोमा इन फार्मेसीमा समेत तीन लाख ३७ हजार रहेको शुल्क बढेर चार लाख २३ हजार ६६० पुगेको हो। तोकिएको शुल्कमध्ये ५० प्रतिशत रकम पहिलो किस्ता र २५-२५ प्रतिशत रकम दोस्रो र तेस्रो किस्तामा बुझाउनुपर्ने व्यवस्था छ।

■ शुल्क वृद्धि न्यायसंगत नै छ : सिटिइभिटी

प्राविधिक शिक्षाका विषयमा शुल्क बढाएकोमा विद्यार्थी संगठनले विरोध जनाए पनि सिटिइभिटीले भने शुल्कवृद्धि न्यायसंगत रहेको जनाएको छ। सिटिइभिटीका उपाध्यक्ष खगेन्द्रप्रसाद अधिकारीका अनुसार झन्डै १० वर्षमा शुल्क समायोजन भएको हो। शिक्षण संस्थाहरूले समेत लामो समयदेखि माग गरिरहेकाले शुल्क समायोजन गरिएको उनको भनाइ छ।

'०७१ देखि नै शुल्क समायोजन भएको थिएन। शिक्षण संस्थाहरूले लामो समयदेखि शुल्क समायोजन गरिदिनुपऱ्यो, हामीमाथि अन्याय भयो भन्ने गुनासो गर्दै आइरहेका थिए। महँगी बढ्दै गयो, तर १०-१० वर्षसम्म एउटै शुल्कमा पढाउन न्यायसंगत भएन भन्ने उनीहरूको माग थियो,' उनले भने। विद्यार्थी संगठनहरूले शुल्क बढेकोबारे ध्यानाकर्षण गराइरहे पनि लामो समयपछि शुल्क समायोजन भएकाले यो न्यायसंगत नै भएको उनले बताएका हुन्।

सिटिइभिटीले ०५१ देखि प्रमाणपत्र तह नर्सिङ, प्रमाणपत्र तह सामान्य चिकित्सा (एचए) र डिप्लोमा इन फार्मेसीको शुल्क समायोजन गर्दै आएको छ। यसबाहेकका प्राविधिक विषयमा भने शिक्षण संस्थाले आफूखुसी शुल्क लिँदै आएका छन्। यी तीनवटा विषयमा शुल्क बढाइए पनि अन्य कार्यक्रमका लागि शैक्षिक सत्र ०७१/७२ मा तोकिएकै अधिकतम शुल्क नै कायम गरिएको सिटिइभिटीले जनाएको छ।



'ऊनको स्विटर'मा मिरुना

म्युजिकल फिल्ममार्फत चर्चा बटुलेको आर्टमाण्डूले फिल्म 'ऊनको स्विटर' निर्माणको घोषणा गरेको छ। फिल्ममा अभिनेता विपिन कार्की र अभिनेत्री मिरुना मगर शीर्ष भूमिकामा रहनेछन्। फिल्मको लेखन तथा निर्देशन नवीन चौहानले गर्नेछन्। उनको यो डेब्यु फिचर फिल्म हो। नवीनले आर्टमाण्डूमार्फत 'तीनपाते', घुमीघुमी, फूलथुंगे रानी, चन्द्रमालगायत म्युजिकल फिल्म निर्माण गरिसकेका छन्।



'जुलेबी' १ भदौमा

गणेशदेव पाण्डे निर्देशित फिल्म 'जुलेबी' भदौ १ गतेबाट प्रदर्शनमा आउने भएको छ। फिल्मको शीर्ष भूमिकामा उषा रजक, सुरक्षा पन्त, निशा अधिकारी र मोनिका थापा छन्। एन्थोलोजी जनरामा निर्माण भएको फिल्मले तीन घटनालाई चित्रण गर्ने जनाइएको छ। फिल्ममा सुशील सिटौला, पुष्कर कार्की, तुफान थापालगायत कलाकारको पनि अभिनय छ।

खुसीसाथ जीवन जिउने कला



> नियमित योगा र ध्यानले शरीर, मन, भावनामा भएको नकारात्मक ऊर्जा हटेर सकारात्मक ऊर्जा बढ्न थाल्छ। जीवनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थाल्छ।



बिपुला श्रेष्ठ
मनोविद् होलिस्टिक माइन्ड्स एन्ड लाइफ सेलिब्रेसन सेन्टर

आफ्नो लक्ष्य प्राप्त गर्न अनवरत दौडँदा कहिले सफलता हात लाग्छ त कहिले असफलता। सफल हुँदा हामी खुसी हुन्छौं भने असफल हुँदा दुःखी। यसरी हाम्रो जीवन सकारात्मक र नकारात्मक सोचाइको चक्करमा अल्झिरहन्छ। सकारात्मक सोच राखेर दिनचर्या अगाडि बढाउन सकेमा सफलता प्राप्त गर्न सहज हुन्छ।

सकारात्मक सोचाइ

सोचाइ, परिवेश, वातावरणअनुसार सोच्ने तरिका फरक-फरक हुन्छ। त्यही सोचाइअनुसार नै जिन्दगी जिउने बानीको विकास हुन्छ। त्यसैले सकेसम्म सकारात्मक मात्र सोच्ने बानी बसाल्नुपर्छ। कुनै वेला नकारात्मक सोचाइ आइहालेमा पनि तुरुन्त सकारात्मक शब्दले भर्नु राम्रो हुन्छ। किनकि, हामी एउटै सोच जति दोहोऱ्याउँछौं, त्यो त्यति नै गहिरो रूपमा हाम्रो मस्तिष्कमा बस्छ।

विचारको निरीक्षण गर्ने

मनमा कहिले राम्रा त कहिले नराम्रा विचार आउनु स्वाभाविक हो। जस्तो विचार, भावना मनमा आउँछ, त्यस्तै खालको व्यवहार प्रस्तुत गर्छौं। त्यसैले कस्तो वातावरण, कस्तो अवस्था हो, त्यसको विश्लेषण गरेर मात्र व्यवहार गर्न जरुरी हुन्छ। विचारलाई राम्रोसँग निरीक्षण गर्दै विवेकपूर्वक निर्णय गरेर मात्र व्यवहारमा उतार्नुपर्छ।

आफूलाई प्रेम गर्ने

हिजोआज प्रेम शब्द धेरै नै प्रयोग गर्ने गरिन्छ। प्रेमका नाममा धेरै पीडा पाएको पनि सुन्न पाइन्छ। हामीले प्रेम सबैभन्दा पहिला आफैंलाई गर्नुपर्छ। यसो भन्दा स्वार्थीजस्तो पनि लाग्न सक्छ। वास्तवमा प्रेम सबैभन्दा पहिला आफूलाई नै गर्नुपर्छ। जसले आफूलाई प्रेम गर्दैन, अरूलाई उसले प्रेम गर्नै सक्दैन। त्यसैले त हाम्रो चाहनाअनुसारको परिणाम नआउँदा दुःखी हुन्छौं। आफूलाई नगरी अरूलाई गरेको प्रेममा स्वार्थ मिसिएको हुन्छ। जसले गर्दा आफूलाई प्रेम गर्न जान्ने मान्छेले अरूलाई प्रेम गर्दा आशक्ति हुँदैन।

खुसीको बहाना खोज्ने

हामी अनेक बहानामा दुःखी भइरहन्छौं। यस्तो बानीले हरेक सकारात्मक कुरामा पनि नकारात्मकता देख्न सक्छौं। त्यसैले हामीले हरेक वातावरण, परिस्थितिमा खुसी हुने मौका खोज्नुपर्छ, बानी बसाल्नुपर्छ। सुरुसुरुमा अभिनय नै किन नहोस्, खुसी हुने बानी गर्नुपर्छ। पछि यो नै बानीमा परिवर्तन हुन्छ। त्यसपछि कुनै पनि अवस्थामा सहज रूपमा खुसी हुन सक्छौं। कसैले गल्ती गरेको थाहा पाउनासाथ उसलाई नकारात्मक रूपमा हेरिहाल्छौं। हामीले उक्त व्यक्तिलाई क्षमा दिन पनि सक्नुपर्छ।

धन्यवाद ज्ञापन

हामीले प्रत्येक कुरा तथा कामका लागि धन्यवाद दिन जान्नुपर्छ। ठूलो कुराका लागि मात्र आभार प्रकट गर्ने तथा सानो कुरालाई बेवास्ता गर्ने धेरैको बानी हुन्छ। रान्डा ब्राइनले आफ्नो बहुचर्चित पुस्तक 'सिक्रेट'मा अस्तित्वको आकर्षणको नियमबारे उल्लेख गरेकी छिन्। उनका अनुसार हामीले जस्तो सोच्छौं, त्यस्तै अस्तित्वले पनि ऊर्जा फर्काइरहेको हुन्छ। त्यसैले सधैं सकारात्मक भाव राख्ने गर्नुपर्छ। अस्तित्वबाट पनि सकारात्मक ऊर्जा नै दिइरहेको हुन्छ। हरेक कुरालाई अहोभाव प्रकट गर्ने बानी गरौं, चाहे सकारात्मक होस् या नकारात्मक होस्।

योग र ध्यान

हिजोआज योग, ध्यान विश्वव्यापी रूपमा प्रयोग भइरहेको छ। यसको बारेमा धेरै अनुसन्धान पनि भइरहेका छन्। नियमित योगा र ध्यानले शरीर, मन, भावनामा भएको नकारात्मक ऊर्जा हटेर सकारात्मक ऊर्जा बढ्न थाल्छ। जीवनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थाल्छ। हरेक जीवनको उतारचढावलाई राम्रोसँग सामना गर्ने शक्ति बढ्छ।

दिउँसो कति सुत्ने ?



> वैज्ञानिकहरूले दिउँसोको समय झन्डै २० मिनेट आराम गर्नु राम्रो हुने बताएका छन्। तर, वयस्कहरूले ३० मिनेटभन्दा बढी आराम गर्न नहुने उनीहरूको तर्क छ।

कतिपयलाई दिउँसो सुत्ने बानी हुन्छ। तर, थोरै समय सुत्दा पश्चाताप मान्नुपर्ने केही छैन। हेल्थ स्लिपमा प्रकाशित नयाँ अध्ययनले दिउँसो थोरै समय सुत्दा मस्तिष्क स्वस्थ रहने जनाएको छ। यस अध्ययनका क्रममा अनुसन्धानकर्ताहरूले युके बायोबैंकले संकलन गरेको तथ्यांकबारे अध्ययन गरेका थिए। बायोबैंकले बेलायतका ४० देखि ६९ वर्ष उमेरका ५ लाख मानिसहरूको स्वास्थ्य, जेनेटिक र जीवनशैलीबारेको तथ्यांक संकलन गरेर राखेको छ। त्यसमध्ये ३५ हजार ८० जनाको तथ्यांकलाई युनिभर्सिटी कलेज लन्डन र युनिभर्सिटी अफ द रिपब्लिक इन उरुग्वेका अनुसन्धानकर्ताहरूले विस्तृतमा अध्ययन गरेका थिए। उनीहरूले दिउँसोको आराम, जागरण र मस्तिष्कको संरचनाबीचको सम्बन्धबारे अध्ययन गरेका थिए।

यसअघि जर्नल अफ अमेरिकी जेरियाट्रिक्स सोसाइटीमा प्रकाशित अध्ययनले थोरै समय सुत्ने मानिसहरूको स्मरणशक्ति तेज रहेको देखाएको थियो। वैज्ञानिकहरूले दिउँसोको समय झन्डै २० मिनेट आराम गर्नु राम्रो हुने बताएका छन्। तर, वयस्कहरूले ३० मिनेटभन्दा बढी आराम गर्न नहुने वैज्ञानिकहरूको तर्क छ। यसरी छोटो समय सुत्दा मानिस गहिरोसँग निदाउन पाउँदैन र रातिको निद्रा पनि बिग्रँदैन।

निष्कर्ष : अध्ययनहरूले दिउँसोको आराम र स्मरणशक्तिबीचको सम्बन्ध सकारात्मक रहेको देखाएका छन्। तर, सुत्ने अवधि महत्वपूर्ण हुन्छ। दिउँसो धेरै समय सुत्दा स्वास्थ्यमा खराब असर पर्न सक्छ। त्यसैले ३० मिनेटभन्दा कम सुत्नु राम्रो हुने विज्ञहरू बताउँछन्। यस्तो गर्दा मानिस रिफ्रेस हुन पाउँछ।

प्राध्यापक गुप्तोको 'संस्कृति चिन्तन' बजारमा



प्रा.डा. अरुण गुप्तोको संस्कृति दर्शनसम्बन्धी निबन्धसंग्रह 'संस्कृति चिन्तन' प्रकाशित भएको छ। पुस्तकलाई इन्डिगो प्रकाशनले बजारमा ल्याएको हो। शनिबार काठमाडौंमा लेखक तथा प्राध्यापकहरू अभि सुवेदी र सञ्जीव उप्रेती तथा समालोचक एवं निबन्धकार कुमारी लामाले किताब सार्वजनिक गरे।

कार्यक्रममा लेखक सुवेदीले पहिलेको काठमाडौं लुप्त भइसकेको, तर अन्तरंगमा भने त्यो जीवितै रहेको बताए। 'यहाँका चलन, सांस्कृतिक जात्रा, परिकारलगायतले त्यो संस्कृतिलाई जीवन्त राखेको छ,' उनले भने, 'पहिरन, संरचना, बनावट, रङ, ध्वनि र कालिक चेतनामा संस्कृति बाँचिरहने गर्छ।'

पछिल्लो समय समृद्धि र सहरीकरणको बहस भइरहेको र पूर्वाधार निर्माण नै विकास हो भन्ने भाष्य स्थापित भएकोमा लेखक उप्रेतीले विमति जनाए। 'समृद्धिको बहसबारे विश्वभर विवाद छ। समृद्धि कसका लागि ? समृद्धिसँग विकास जोडिएको हुन्छ, विकास कसका लागि ? जिडिपी बढ्नुलाई मात्रै विकास मान्ने कि ह्याप्पिनेसलाई ?' उनले भने। बहुसंस्कृति नै नेपालको भविष्य हुनुपर्ने उनले बताए। समालोचक लामाले स्मार्ट सहर नभई सांस्कृतिक सहर निर्माण गर्नुपर्ने बताइन्।

सुन्दर बगैंचाको निर्माण



हिजोआज घरमै बगैंचा बनाउने चलन बढ्दो छ। थोरै क्षेत्रफल भएको जग्गामा पनि फूल रोपेर सुन्दर बगैंचा बनाउन सकिन्छ। तर, घरमा कुन मौसममा कस्तो फूल रोप्ने भन्ने धेरैलाई ज्ञान नहुन सक्छ।

कीर्तिपुरस्थित थापा नर्सरीका सञ्चालक कृष्ण थापा जग्गाको क्षेत्रफलअनुसार बगैंचाको डिजाइन गर्नुपर्ने बताउँछन्। 'फुल्ने तथा नफुल्ने धेरै प्रजातिका फूल पाइन्छन्। तर, बगैंचामा सबै प्रजातिका फूल लगाउन सम्भव हुँदैन। त्यसैले मौसमी फूल वा एकपटक फुल्ने, तर वर्षभरि रहने फूल पनि रोप्न सकिन्छ,' उनले भने।

कस्ता फूल रोप्ने ?

काठमाडौं बुढानीलकण्ठस्थित एसआर नर्सरीका सञ्चालक सुनील स्याङ्तान घरमा बगैंचा बनाउन ठाउँ र हावापानीको पनि ख्याल नराखी नहुने बताउँछन्। 'घरको कुन स्थानमा गार्डेन बनाउने भन्ने कुराले पनि अर्थ राख्छ। घाम लाग्ने ठाउँमा र माटो मलिलो भएको ठाउँमा रोपेका फूल राम्ररी फस्टाउँछन्। कहाँ, कुन प्रजातिको फूल रोप्ने, मौसमी फूल वा बाह्रै मास फुल्ने फूल रोप्ने, कहाँ गमला राख्ने भन्नेबारे विचार गरेर मात्रै फूल रोप्नुपर्छ।

अहिलेको सयपत्री, एस्टर, साल्भिया, सिलोसिया, प्रोटुलाका, रुडबेकिया, मेटामपोडियमलगायतका फूल रोप्न सकिन्छ। अरब चमेली, सेतो चमेली, वन चमेली, स्पेनिस चमेलीलगायत विभिन्न प्रजाति र रङमा चमेलीका फूल पाइन्छन्। यो फूल शरद ऋतुसम्म फुल्छ। यस्तै, सयपत्री, बोनान्जा, जिनिया, साल्भिया, सोलिसियालगायतका मौसमी फूल लगाउन सकिन्छ।

जिरानियम, गुलाब, डेलिया, लालुपातेलगायतका फूलमा पनि मानिसको चाख बढ्दै गएको छ। रातो, सुन्तला, पहेँलो, नीलो, हल्का पिंक, बैजनीजस्ता रङका फूल फुल्ने बिरुवामा अधिकांशको चासो हुने गरेको छ।

फूलको स्याहार

कृष्ण थापाका अनुसार घरलाई सुन्दर बनाउने फूललाई मौसमी स्याहार पनि आवश्यक पर्छ। भन्छन्, 'फूल रोप्दा फूलको प्रजातिअनुसार दूरीको ख्याल राख्नुपर्छ। मौसमी फूललाई हेरचाह पनि गरिरहनुपर्छ। फूलसँग उम्रने झार हटाइदिनुपर्छ, झारका कारण फूलमा रोग लाग्ने जोखिम पनि हुन्छ। त्यसैले बगैंचाको फूलको झार केलाउनु, मल हाल्नु, गोडमेल र काटछाँट गर्नुपर्छ। गुणस्तरीय बिरुवाको छनोट, मौसम र हावापानीसुहाउँदो बिरुवा लगाउने, कुहिएको पात र फूललाई व्यवस्थापन गर्न जरुरी हुन्छ।'

बच्चाको कोठामा यस्ता वालपेपर

वालपेपर टाँस्दा घरका भित्ता सुन्दर देखिन्छन्। आफ्नो मुड र कोठाको हिसाबले जुनसुकै डिजाइन रोज्न सकिन्छ। वालपेपर छान्दा घरको लोकेसन र लाइटलाई ख्याल गर्नुपर्छ। बच्चा बस्ने कोठामा कार्टुन प्रिन्ट भएको 'वालपेपर' टाँस्न सकिन्छ।



उनीहरूलाई मन पर्ने जनावर तथा रूख-बिरुवाका चित्र अंकित वालपेपर राख्दा हुन्छ। यस्ता चित्र हेरेर उनीहरू खुसी हुन्छन् र प्रकृतिसँग आफूलाई नजिक पाउँछन्। उनीहरूको कोठालाई रंगिचंगी वालपेपरले सजाउनु राम्रो हुन्छ।

चन्द्रागिरि हिल्स लि.
CHANDRAGIRI HILLS
थानकोट काठमाडौं, फोन नं ०१-४३१२५१५,४३११७१९
इमेल : sunil.shakya@chandragirihills.com

सवारीसाधन बिक्रीसम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८०/०४/०१

यस कम्पनीको नाममा रहेका सवारी साधनहरु बोलपत्रको माध्यमबाट बिक्री गर्ने गरि २१ दिने म्याद राखि प्रथम पटक मिति २०८०/०२/१५ गतेका दिनमा नयाँ पत्रिकामा सुचना प्रकाशित गरिएकोमा उक्त तोकिएको म्याद भित्रमा कुनै पनि व्यक्ति वा फर्म/कम्पनीबाट बोलपत्र फाराम भरी कम्पनीमा सम्पर्क गर्न नआएकोले पून दोश्रो पटक का लागि यो सूचना प्रकाशित गरिएको छ। कम्पनीको कार्यालय थानकोटमा रहेका सवारी साधनहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा खरिद गर्न इच्छुक व्यक्ति/संघसंस्था वा फर्मले प्रति बोलपत्र फाराम दस्तुर रु १०००। (रुपैया एक हजार फिर्ता नहुने गरि) नगद जम्मा गरि सो को रसिद समेत संलग्न गरि बोलपत्र फाराम खरिद गर्न सकिने छ।
दोश्रो पटक सूचना प्रकाशित गरेको मितिले १५ दिन भित्र बोलपत्र फाराम भरी पेश गरि सक्नुपर्ने छ। आफुले कवुल गरेको रकमको १० (दश) प्रतिशत धरौटी वापतको रकम यसै कम्पनीको नाममा रहेको खाता नं ०९००१०१०००००६२ ग्लोवल आइएमई बैक थानकोट शाखामा, बैक दाखिला गरेको भौचर अनिवार्य रुपमा बुझाउनु पर्ने छ।

शर्तहरु :

१. बोलपत्र फाराम व्यक्तिको हकमा नेपाली नारिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म तथा संस्थाको हकमा त्यस्तो फर्म वा संस्थाको दर्ता प्रमाणपत्र र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी फारम दस्तुर वापतको रकम नगदै (फिर्ता नहुने) राखि यस कम्पनीको कार्यालय थानकोटमा बुझाएको रसिद अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
२. यस कम्पनीबाट खरिद गरिएको बोलपत्र फारममा सकार गर्न चाहेको सवारी साधनको विवरण, आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरि खाममा शिलबन्दी गरी खामबाहिर अवतरण चिन्ह (" ") भित्र **"सवारीको बोलपत्र"** लेखी दाखिला गर्नु पर्ने छ। फोटो कपी गरी पेश गरेको बोलपत्र फाराम मान्य हुने छैन। एक भन्दा बढी सवारी साधन सकार गर्न चाहनेले प्रत्येक सवारी साधनको लागी छुट्टाछुट्टै बोलपत्र फारम भरी पेश गर्नु पर्ने छ।
३. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक अक्षरमा स्पष्ट संग उल्लेख गर्नु पर्ने छ। सच्याइएको वा केरमेट गरेको हकमा/ठाँउमा बोलपत्रदाताको दस्तखत हुनु पर्ने छ। अंक अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिइने छ।
४. सवारी साधनको न्यूनतम मूल्य भन्दा घटी कबोल गरी बोलपत्र पेश गर्न पाइने छैन।
५. यस सम्बन्धि थप जानकारीको लागी यस कम्पनीको थानकोट स्थित कार्यालयमा आफै उपस्थित भई सम्पर्क गर्न सकिने छ। विस्तृत जानकारीको लागि मोवाइल नं ९८०२०८४००२ मा सम्पर्क गरि बुझ्न सकिने छ।
६. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस कम्पनीमा सुरक्षित रहने छ।

बागमती प्रदेश सरकार
पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय
हेटौंडा नेपाल

सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सूचना।

मिति २०८०/०४/०१

सहकारी संस्थाबाट सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरुले समयमा नै आफुले भुक्तान गर्नुपर्ने सावाँ तथा ब्याज विभिन्न बहानाबाजी एवं केही पक्षको सहकारी संस्थाको ऋण तिर्नु नपर्ने भन्ने जस्ता भ्रामक र गैरजिम्मेवारीपुर्ण अभिव्यक्तिको आधारमा ऋण चुक्ता नगर्ने परिपाटीले सदस्यहरुको बचत फिर्ता गर्न असहज परिस्थिति सृजना भएको भन्ने गुनासो प्राप्त भएको छ। सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणीहरुले तोकिएको समय भित्र ऋणको सावाँ तथा ब्याज चुक्ता नगर्दा केहि संस्थाहरुमा तरलताको समस्या भई सदस्यहरुको बचत फिर्ता गर्न नसकेको समेत पाईएको छ। तसर्थ ऋणी सदस्यले समयमा नै ऋण भुक्तान नगरे सहकारी संस्थाको ऋण असुली सम्बन्धमा बागमती प्रदेश सहकारी ऐन २०७६, को दफा ६५ र ६६ बमोजिम ऋणी सदस्यहरुको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था समेत रहेको हुँदा प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको वर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोहि बमोजिम ऋणको सावाँ र ब्याज सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी सहकारीमा देखिएको समस्यालाई समाधान गर्न सहयोग गरीदिनु हुन सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोध छ।

कपाल स्वस्थ राख्ने उपाय



विवेक राई
हेयर स्टाइलिस
हेयर क्राफ्ट



कपालको स्याहारमा बेवास्ता गर्दा कपाल झर्ने, टुक्रिने, रुखो हुने, चाया पर्ने, चमकमा कमी आउनेलगायत समस्या आउँछ। यसले तपाईंको सौन्दर्य र व्यक्तित्वमा नकारात्मक असर पुऱ्याउँछ। बाइक र स्कुटर चलाउनेहरूमा हेल्मेटका कारण कपालसम्बन्धी समस्या पनि देखिन्छ। त्यसैले हरेक समय कपालको स्याहार गर्नु आवश्यक जरुरी छ।

- कपाललाई चर्को घाम, दूषित वातावरणलगायत कारणले सुक्खा बनाउँछ। यस्तो वेला आयल मसाज जरुरी आवश्यक हुन्छ।
- कपालमा कन्डिसनर, हेयर मास्क, हेयर ट्रिटमेन्ट क्रिम वा हेयर स्पामध्ये जुन प्रयोग गर्दा पनि हुन्छ। यसले टुक्रेको कपालको सुरक्षा गर्छ। साथै, यसले कपालको चमक ल्याउँछ। कपालमा कन्डिसनर प्रयोग गर्दा २०-२५ मिनेट राख्नुपर्छ।
- लामो तथा छोटो दुवै प्रकारको कपालको स्याहारका लागि ट्रिटमेन्ट तथा हेयर मास्क गर्न आवश्यक छ। यसो गर्दा कपाललाई स्वस्थ तथा आकर्षक राख्न मद्दत पुग्छ।
- हप्तामा एकपटक कपालको स्पा गर्दा स्वास्थ्य राख्न सहयोग पुग्छ। हेयरस्टाइलिस वा घरमै बसेर पनि स्पा गर्न सकिन्छ।
- कपाल धोएपछि सुकाउनका लागि हेयर ड्रायरको प्रयोग गर्नुहुँदैन। यसो गर्दा कपालमा हानि पुग्छ।
- कतिपयले दैनिक कपाल धुने बानी पनि हुन्छ। तर, हप्तामा दुईपटक मात्रै कपाल धुँदा उपयुक्त हुन्छ।
- कपालमा चायाँ पर्दा एन्टिडेन्ड्रफ स्याम्पु अनिवार्य प्रयोग गर्नुपर्छ।
- कपालको स्याहारका लागि एक महिनामा कपाल काट्नुपर्छ। यसो गर्दा नयाँ र ताजा कपाल आउने गर्छ। ग्रोथका लागि कटिङ आवश्यक छ।

विकासको मोडेल, चीन र नेपाल

साना र विकासशील देशहरूले आफ्नो हितअनुकूलको राजनीतिक र आर्थिक मोडेल अवलम्बन गर्नुपर्छ



● रोशन जनकपुरी

अग्रलेख

सन् १९९२ मा सोभियत संघ भर्खर ढलेको वेला अमेरिकाका सरकारी राजनीतिकशास्त्री फ्रान्सिस फुकुयामाले एउटा पुस्तक लेखे : द इन्ड अफ हिस्ट्री एन्ड द लास्ट म्यान । जनवाद र आर्थिक प्रगतिका निम्ति सोभियत संघको स्थापना र मार्क्सवादी साम्यवादलाई वैकल्पिक आधुनिक विचारधारा र जनताको सौर्यको इतिहासको रूपमा लगभग संसारभर नै स्वीकार गरिएको थियो । त्यसैले जब सोभियत संघ ढल्यो फुकुयामाले यसलाई 'इतिहासको अन्त' भने । उनले सोभियतसंघको विघटनले मानवीय विकासमा वर्गसंघर्ष र नियोजित (फुकुयामाको शब्दावलीमा सर्वसत्तावादी) चिन्तन र विधिको ठाउँमा इतिहासको परिणतिको रूपमा उदारवाद र उदार लोकतन्त्र (लिबरल एन्ड लिबरल डेमोक्रेसी)को चिन्तन र विधिले आफूलाई सत्य प्रमाणित गरेको विचार व्यक्त गरे । उनले उदारवाद र उदार लोकतन्त्रको आन्तरिक विशिष्टताका रूपमा मुक्तबजार, निर्वाचन, निर्वाचित राष्ट्रप्रमुख, निर्वाचित सरकार, आदिलाई चिन्तित बनाए । फुकुयामाको अनुसरण गर्दै अमेरिकी पुँजीवादी लोकतन्त्रका पक्षधरहरू तथा स्वयं संयुक्त राज्य अमेरिकाले सोभियतसंघको विघटनलाई इतिहासको अन्त, अर्को शब्दमा मार्क्सवादी समाजवाद र साम्यवादी राजनीतिक व्यवस्थाको विचारको अन्तका रूपमा प्रचारित गऱ्यो ।

फुकुयामा, हुन त उदारवाद र उदार लोकतन्त्रको पक्षमा अझै देखिन्छन्, तर विगत केही दशकदेखि उनको भाव अभिव्यक्तिमा उदासी र कुन्ठाको मात्रा बढी देखिन्छ । विगत तीन दशकमा स्वयं अमेरिका तथा अमेरिका समर्थित युरोप र अमेरिकी पुँजीवादी लोकतान्त्रिक देशहरूमा तथा पूर्वसोभियत देशहरूमा सर्वसत्तावादी शासनको विकास र भ्रष्टाचार तथा संकीर्ण राष्ट्रवादिताको विकास हुनुलाई, उदास फुकुयामाले उदार लोकतन्त्रका निम्ति अत्यन्त खतरनाक र 'मोडेलहरूको अन्त हुने हो कि ?' (इन्ड अफ मोडेल) भन्नेसम्मका निराशामा व्यक्त गर्न थालेको पाइन्छ । यसै निराशालाई अभिव्यक्त गर्दै उनको नयाँ पुस्तक आएको छ : लिबरिजम एन्ड इट्स डिसकन्टेन्ट्स (उदारवाद र यसको असन्तुष्टि) ।

सोभियत संघको विघटनपछि विजयी भावमा प्रस्तुत पुँजीवादी लोकतन्त्र (मुक्त बजार र उदार लोकतन्त्र) लाई सर्वोत्तम र स्वाभाविक विचार र व्यवहारका रूपमा प्रचारित गरियो । यसलाई वामपन्थी लोकतन्त्रवादी (कानुनी कम्युनिस्ट)हरूले पनि आफ्नो अनुकूलतामा विकास गरे । यसरी नै दक्षिणपन्थी संकीर्ण र परम्परागत पुँजीवादी शासकहरूले पनि आफूलाई जनकल्याणकारी देखाउन बहुदलीयता, निर्वाचन र बहुमतीय प्रणाली अँगालेको भनेर आफूअनुकूलको लोकतन्त्रको विकास गरे । फुकुयामाले यसलाई लोकतन्त्रको वाम र दक्षिण प्रवृत्ति भने । वर्तमानमा लोकतान्त्रिक भनिने राजनीतिक व्यवस्थामा अधिकांश यिनै दक्षिण वा वाम प्रवृत्तिका नै छन्, जो फुकुयामाको 'उदार' मान्यताका नजिक छन् । तर, यी वाम र दक्षिण प्रवृत्तिको लोकतान्त्रिक देशहरूका शासक र नेताहरूले जसरी आफ्ना सर्वसत्तावादी शासनको लोकतान्त्रिक औचित्य पुष्टि गर्न खोज्दै छन्, त्यसले जनतामा उदारवाद र उदारवादी लोकतन्त्रप्रति 'असन्तुष्टि' जन्माउँदै छ । र, फुकोयामाले यसलाई लोकतान्त्रिक मोडेलप्रति घातक भनेका छन् ।

लोकतान्त्रिक पद्धति भनिने निर्वाचन पद्धतिबाट रुसमा भ्लादिमिर पुटिन, टर्कीएमा रेसप एर्दोगान, भारतमा नरेन्द्र मोदी र स्वयं संयुक्तराज्य अमेरिकामा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको उदय उनको असन्तुष्टिको केन्द्रबिन्दु हो, जसले उदार लोकतन्त्रलाई निरीह बनाउँछ । त्यसरी नै रुस-युक्रेन युद्ध र यस युद्धमा पुटिन, बाइडेन र नाटोको युद्धप्रियता, अमेरिका-चीन तनाव, ताइवान प्रकरण, अफगानिस्तानबाट अमेरिकी फिर्ती र तालिबान सरकार आदिले सर्वसत्तावादलाई बलियो बनाउँदै लग्नुले पनि फुकुयामालाई चिन्तित बनाएको देखिन्छ । यति हुँदाहुँदै पनि फुकुयामासँग कुनै नयाँ विकल्प छैन (हुन पनि चाहेजति नाफाका निम्ती विश्वव्यापी उदार बजार तथा यसका निम्ति उदार राजनीतिक व्यवस्थाबाहेक पुँजीवादसँग अरू के विकल्प हुन सक्छ ?), र उनी आफ्नो पुरानै मतसँग सहमत छन् ।

फुकुयामाको दुःख नयाँ होइन । सन् २००८ को विश्व महामन्दीमा अमेरिकी अर्थतन्त्र र ऊ समर्थित देशहरूको अर्थतन्त्रले धक्का खाए, तर चिनियाँ अर्थतन्त्रले आफूलाई धेरै हदसम्म सम्हालेको थियो, त्यसले फुकुयामाको धर्माराउँदो अमेरिकी लोकतन्त्रप्रतिको विश्वास कमजोर भएको देखिएको थियो । त्यसपछिका केही अन्तर्वार्तामा उनले सन् १९९२ मा आफूले अभिव्यक्त गरेको 'इतिहासको अन्त'को धारणामा परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको भनेका थिए । उनले त्यतिवेला चिनियाँहरूले अवलम्बन गरेको 'बजार समाजवाद'प्रति आशाको नजरले हेरेका थिए । चिनियाँ बजार समाजवादमा उनले एकातिर पुँजीवाद बजारको संकट समाधान हुने आशा र अर्कोतिर चीन पुँजीवादी बजारको दबाबले



मुक्त बजारमा परिणत भएर अमेरिका निकट हुने अपेक्षा राखेका थिए । तर, परिस्थिति उनको अनुकूल भएन ।

वर्तमान बहुध्रुवीय प्रतिस्पर्धात्मक विश्व राजनीतिमा चीन स्वयं एउटा ध्रुवको रूपमा विकसित भएको छ र संयुक्तराज्य अमेरिकाको प्रतिध्रुवमा रुससँग उभिएको छ । फुकुयामाको नजरमा चिनियाँ राष्ट्रपति सी जिनपिङ पनि सर्वसत्तावादी नै साबित भइरहेका छन् । यसरी उनको विचारमा सोभियत संघको पतनपछि विकसित लोकतन्त्रको वाम र दक्षिण, दुवै प्रवृत्ति लोकतन्त्रका निम्ति घातकसिद्ध हुँदै छ । फुकुयामाकै शब्दावलीमा उनका केही अनुयायीहरूले यसलाई 'मोडेलहरूको अन्त' भनिरहेका छन् । फुकुयामाले उदारवाद र उदार लोकतन्त्रप्रति जतिसुकै विश्वास प्रकट गरे पनि बजारको निर्मम शोषण र आर्थिक अवसरका निम्ति एकअर्काको खुट्टा तान्ने प्रवृत्तिको कारण बहुल विचारको राज्य सञ्चालन प्रणालीले जन्माएको स्थायी अस्थिरताले लोकतन्त्रप्रति उनि आफैं विश्वस्त छैनन् भन्ने प्रस्ट छ ।

> वर्तमानमा चिनियाँ 'बजार समाजवाद'ले विश्वमा तीव्र आर्थिक विकासका निम्ति व्यापक आकर्षण उत्पन्न गरिरहेको छ । छिमेकी नेपालमा यस बहसलाई अस्वाभाविक मान्न सकिँदैन ।

वस्तुतः पुँजीवादी लोकतन्त्रले जतिसुकै आवरण फेरे पनि श्रमजीवी वर्ग, श्रमशोषण र उत्पीडित समुदायको राजनीतिक, आर्थिक र सांस्कृतिक उत्पीडनको दृष्टिले परिस्थितिमा खासै भिन्नता आएको छैन । शोषणको बाह्य रूपमा राज्यसत्ता र भूगोलअनुसार भिन्नता भए पनि अन्तर्वस्तु पुरानै छ । साम्राज्यवादी देशहरूको संघर्ष बहुध्रुवीय भए पनि शोषणको मूलाधार श्रमशोषण र नाफामा नै केन्द्रित छ । तर, विश्व राजनीति बहुध्रुवीय हुनाले सबैको लोकतान्त्रिक मोडेल र जनपक्षधरताका आ-आफ्नै व्याख्या र औचित्यताका दाबी छन् ।

वस्तुतः यी व्याख्या र औचित्यता साना देशहरूलाई आफ्ना समूहमा ल्याएर विश्व राजनीतिमा आफ्नो वर्चस्व स्थापित गर्ने दाउ मात्र हो । यस्तोमा साना र विकासशील देशहरूले आफ्नो हितअनुकूलको राजनीतिक र आर्थिक मोडेल अवलम्बन गर्नु उचित हुने देखिन्छ । जहाँसम्म श्रमशक्तिमा आधारित देशहरूले बहुसंख्यक श्रमजीवी जनताको हितलाई ध्यानमा राखेर राजनीतिक र आर्थिक मोडेल अवलम्बन गर्नु उचित हुने देखिन्छ । वस्तुतः फुकुयामा र उनका अनुयायीहरूले 'मोडेलको संकट' भन्नुको पछाडि एउटा वैचारिक र राजनीतिक अन्योल खडा गरेर बजार र निर्बाध श्रमशोषणको राजनीतिक र आर्थिक यथास्थिति कायम राख्ने दाउ मात्र हो । होइन भने सर्वहारा अधिनायकत्वमा आधारित समाजवाद आफैंमा श्रमजीवी वर्ग र उत्पीडित समुदायका निम्ति उपयुक्त मोडेल हो ।

यस हप्ता नेपालमा विकासका निम्ति चिनियाँ विकासको मोडेलबारे एउटा गोष्ठी भएको थियो । एमाले, माओवादी र नेपाली कांग्रेसलगायत प्रायः विविध राजनीतिक वैचारिक खेमाका नेताहरूले आफ्नो अनुकूल धारणा राखेका थिए । वर्तमान विश्वमा चीनले जसरी आफ्नो आर्थिक र सामरिक शक्तिको विकास गर्न सफल भएको छ, त्यसले पुँजीवादी विश्वलाई चमत्कृत पारेको छ । साना र विकासशील देश मात्र होइन, संकट झेलिरहेका कैयौं शक्तिशाली पुँजीवादी देशहरूसमेत वर्तमान चिनियाँ विकास मोडेलप्रति आकर्षित भएको देखिन्छन् ।

चीनले औपचारिक रूपमा सन् १९८३ मा संविधानमा संशोधन गरेर समाजवादी बजार अर्थव्यवस्थालाई औपचारिक रूपमा स्वीकार गऱ्यो । यो चीनमा माओत्सेतुङको मृत्युपछि संशोधनवादी देङ सिआओ पिङको पक्षले सत्ता कब्जा गरेपछिको खुला र सुधारको लामो प्रक्रिया सुरु गरेको संवैधानिक परिणति थियो । वैचारिक र राजनीतिक रूपमा यो समाजवादको नियन्त्रित राजनीतिक अर्थतन्त्रलाई नाफा, खुला बजार, निजी पुँजी र विदेशी पुँजीसँगको सम्बन्ध विस्तारतिर डोऱ्याउने प्रयत्न नै थियो । तथापि, समाजवाद यसका बाहिरी आवरणजस्तो थियो, जो अहिले पनि छ । निश्चय नै माओकालीन जनश्रममा आधारित विविध अभियानले चीनमा देशव्यापी विकासका भौतिक आधारभूत संरचना (इन्फ्रास्ट्रक्चर)को निर्माण गऱ्यो । यसै आधारभूत संरचनामा टेकेर माओपश्चात्को चीनले समाजवादी बजार अर्थतन्त्रको विकास गर्न सम्भव भयो । यद्यपि, वर्तमान चीनमा माओकालको चर्चा खासै गरिँदैन । जेहोस्, वर्तमानमा चिनियाँ 'बजार समाजवाद'ले विश्वमा तीव्र आर्थिक विकासका निम्ति व्यापक आकर्षण उत्पन्न गरिरहेको छ । छिमेकी नेपालमा यस बहसलाई अस्वाभाविक मान्न सकिँदैन ।

उल्लेखनीय छ, चीनमा बजार समाजवादको भव्यताको पछाडि एकीकृत राजनीतिक नेतृत्वको महत्त्वपूर्ण भूमिका छ । हामीकहाँ राजनीतिक दलहरूबीचको तानातानको स्थितिमा एउटा दीर्घकालीन सर्वसम्मत योजना निर्माण गाह्रो छ । त्यसरी नै चीनले लामो समयसम्म विश्व अर्थतन्त्रबाट आफूलाई अलगै राखेर आफूअनुकूलको भौतिक र आर्थिक आधारभूत संरचना खडा गऱ्यो, अनि मात्र ऊ विश्व अर्थतन्त्रमा प्रतिस्पर्धाका रूपमा प्रवेश गऱ्यो । हुन त चिनियाँ विकास मोडेल पुँजीवादी विकासको सरकार नियन्त्रित मोडेल हो, तर पनि यसमा निजी पुँजीको विस्तार रोक्न सरकारलाई धौधौ परिरहेको छ । ताजा रिपोर्टअनुसार सरकारी नियन्त्रणभित्र रहेर पनि चिनियाँ अर्थतन्त्रमा निजी पुँजीको भागीदारी ७० प्रतिशतभन्दा बढी छ । इन्टरप्राइजको क्षेत्रमा त यो भागीदारी ९० प्रतिशतको हाराहारी छ । त्यसैले वर्तमान सी जिनपिङ सरकारले समाजवादी उद्देश्यको रक्षाका निम्ति निजी पुँजीमा नियन्त्रण बढाउँदै लगेको पनि देखिन्छ । नेपालजस्तो लचिलो राजनीतिक व्यवस्थाको देशमा तत्काल यो सम्भव देखिँदैन । यद्यपि, नेपालका राजनीतिक दलहरूले समाजवादी (तत्काल श्रमिकवर्ग र उत्पीडित समुदायको वर्चस्वको राज्य) उद्देश्यअनुरूप साझा धारणाको विकास गराउन सक्नु तथा त्यसअनुरूप राज्य सञ्चालन गर्न सक्नु नै तत्कालका निम्ति काफी हुनेछ । वस्तुतः सबैभन्दा पहिले राजनीतिक दलहरू श्रमजीवी वर्ग र आमजनसमुदायप्रति इमानदार हुनु जरुरी छ ।

३ प्रश्न

कैलाली बहुमुखी क्याम्पसका उपप्राध्यापक **राजेन्द्रवीर चन्द**लाई



संघकै सिको गरेर सुदूरपश्चिम सरकारले पनि सांसदलाई बजेट छुट्याएको छ, किन होला ?

बजेट केही पहुँचवालाको क्षेत्रमा बढी केन्द्रित हुने गरेको छ । भनेजस्तो बजेट नपरेपछि सांसदको विरोध हुन्छ । सत्तापक्षकै सांसदले विरोध गर्छन् । त्यसैले सांसदलाई चुप लगाउन यो कार्यक्रम ल्याएजस्तो देखिन्छ । सरकारलाई बजेट पास गर्न र काम गर्न पनि सहज हुने र बजेट पाए सांसदलाई पनि सहज हुने भएकाले ल्याइएको होला ।

बजेट वक्तव्यमा हरेक निर्वाचन क्षेत्रमा तीन करोडका दरले विनियोजन गरेको थियो । अहिले बढाएर पाँच करोड पुऱ्याइयो । सत्तापक्ष र प्रतिपक्ष मिलेका छन् । यसले दीर्घकालीन के असर गर्छ ?

बजेट पाएपछि केही काम गर्न सजिलो हुने भएकाले सांसद सहमत हुने नै भए । यो पैसा ससाना टुक्रे योजनामा खर्च हुन्छ । अहिले हामीकहाँ बेरोजगारी, उद्यमशीलता, आयात प्रतिस्थापनको समस्या हो । तर, यो कार्यक्रमको अधिकांश बजेट वितरणमा जान्छ । बजेट वितरणमुखी भएर भविष्यमा प्रतिफल दिने काम नहुँदा राजस्व संकलनमा पनि कमी आउँछ । मुद्रास्फीति बढ्छ ।

सांसदलाई छुट्याएको बजेट कस्तो क्षेत्रमा खर्च हुन्छ ? प्रतिफल के हुन्छ ?

विगतलाई हेर्दा सांसदलाई छुट्याइएको बजेट मन्दिर बनाउने, पर्खाल बनाउनेजस्ता ससाना टुक्रे योजनामा खर्च हुने गरेका छन्, जुन स्थानीय तहले गर्नुपर्ने काम हो । यसले तत्कालको समस्या केही समाधान त होला, तर दीर्घकालीन रूपमा प्रतिफल दिँदैन, समग्र अर्थतन्त्रलाई नकारात्मक बाटोमा लैजान्छ ।

प्रेरक प्रसंग

अतिशय लोभ

एउटा लोभी मुसाले टम्म मकैले भरिएको एउटा टोकरी देख्यो । उसले त्यो सबै मकै खाने विचार गऱ्यो र टोकरीमा एउटा सानो प्वाल बनाएर भित्र पस्यो । पेट भरिएर तृप्त नहुँदासम्म उसले मकै खायो । बेसरी अघाएपछि उसले अब बाहिर निस्कनु पऱ्यो भन्ने विचार गऱ्यो । उसले त्यस सानो प्वालबाट बाहिर निस्कन धेरै कोसिस गऱ्यो, तर कसै गरी निस्कन सकेन । किनकि, उसले बढी नै मकै खाएको थियो जसले गर्दा पेट अटसमटस भएर फुलेको थियो । मुसा अत्तालिएर रुन थाल्यो । त्यसै समय त्यहाँबाट एउटा खरायो कतै गइरहेको रहेछ । उसले मुसाको चिच्याहट सुन्यो र सोध्यो, 'अरे मुसा भाइ तिमी किन रुँदै छौ हँ ।' मुसाले खरायोलाई भन्यो, 'मैले एउटा सानो प्वाल बनाएँ र मकै खान यो मकैदानभित्र छिर्ें । तर, अब म यो प्वालबाट बाहिर निस्कन सकिरहेकै छैन ।'



'ए तिमीले मकै धेरै खायौ होला । त्यसैले तिम्रो पेट ठूलो भएर निस्कन सकेनौ । अब पेट नघट्दासम्म पर्ख अनि निस्कनु नि । किन आत्तिन्छौ,' खरायोले उपाय सुल्झाइदियो । खरायो मुसाको मूर्खता सम्झिएर फिस्स हाँस्यो र आफ्नो बाटो लाग्यो । धेरै खाएकाले निद्रा पनि लागेको थियो । मुसा त्यही टोकरीमै सुत्यो । खाएको मकै पचिसकेपछि अर्को दिन उसको पेट स्याप्प खुम्चिसकेको थियो । तर, उसले अझै केही मकै खान चाह्यो । उसले टोकरीबाट बाहिर निस्कने कुरा बिर्सियो । मकै खाएपछि उसको पेट फेरि ठूलो भयो । खाइसकेपछि मुसाले त्यहाँबाट निस्कने कुरा सम्झ्यो । तर, आज पनि निस्कन नसक्ने भयो । त्यसैले उसले भोलि भने अवश्य नखाई बाहिरिन्छु भन्ने सोच्यो । एउटा बिरालो त्यही बाटो भएर कतै जान थालेको थियो । उसले टोकरीबाट मुसाको गन्ध आइरहेको थाहा पायो । उसले मकैदानीको ढक्कन उठायो र त्यो मुसालाई मारेर खाइदियो ।

अतिशय लोभले आजसम्म कसैको भलो गरेको छैन । सफल हुन अतिशय लालचबाट परेज अत्यावश्यक हुन्छ । कसैले पनि यस लोभी मुसाजस्तो हुनुहुँदैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सुकुमबासी समस्या समाधान होस्

काठमाडौंका बागमतीको किनारमा अवैधानिक रूपमा बस्दै आएका सुकुमबासीको समस्या सुल्झाउने विषय दशकौंदेखि पटक-पटक बहसमा आयो । तर, केही समयपछि पुनः सामसुम हुँदै आएको छ । पछिल्लो समय फेरि यो विषय बहस चर्किएको छ । बाहिर जिल्लाबाट अवसरको खोजीमा काठमाडौंमा आएका तथाकथित सुकुमबासीहरूमध्ये केहीले ती बस्तीमा पक्की घरसमेत बनाए बसेको देखिन्छ । महानगरले चाँडोभन्दा चाँडो यी बस्तीका वास्तविक सुकुमबासी पहिचान गरेर अन्यत्र सार्ने र बाँकीलाई हटाउनुपर्छ । बागमती किनारका सुकुमबासी बस्ती हटाउने कुरामा विगतमा एमाले, कांग्रेस र माओवादीले अवरोध पुऱ्याउँदै आएका थिए । अहिलेका महानगरका मेयर बालेनले यस मुद्दामा कोहीसँग नझुक्ने संकेत गरेका छन् । उनी अघि बढून् र पटक-पटक बल्झिरहने यो सुकुमबासी बस्तीको समस्या सधैंलाई समाधान गरून् ।

● **रमेश प्रधान**, काठमाडौं

हाम्रो प्राथमिकता घाँस निर्यात हो ?

नेपालको छिमेकी मुलुक भारतले चन्द्रमामा यान पठाएको भोलिपल्ट नेपाल सररकारले देशको अर्को छिमेकी मुलुक चीनलाई केही ट्रक घाँस पठाउन सफल भएको खबर पढ्न पाइयो । देशले गम्भीर व्यापार घाटा व्यहोरिरहेको अवस्थामा निर्यात निश्चय पनि राम्रो कुरा हो । तर, देशको प्राथमिकता के हो भन्नेले भने फरक पार्छ नै ।

● **चूडामणि मगर**
त्रियुगा नगरपालिका, उदयपुर

टेलिभिजन दर्शकका समस्या

आलाकार्ट प्रणाली लागू नगरिएको भन्दै साउन १ देखि विदेशी च्यानल बन्द हुँदै छन् । यसको प्रत्यक्ष असर आमदर्शकलाई नै पर्नेछ । यसअघि पनि क्लिन फिडको नाउँमा झन्डै एक महिना विदेशी च्यानल हेर्न पाइएन । वार्षिक शुल्क तिरेका दर्शक ठगिए । अहिलेको आलाकार्ट प्रणालीको नाउँमा फेरि पनि वार्षिक शुल्क तिरेका दर्शक ठगिने निश्चित छ ।

● **मानबहादुर तामाङ**
काठमाडौं

अमेरिकाले चीन मामिलामा फोहोरी खेल नखेलोस्

हामी अमेरिकालाई फोहोरी खेल नखेल्न सल्लाह दिन्छौं, यसले अमेरिका-चीन सम्बन्ध स्थिर मार्गमा पुऱ्याउने अवसरलाई पनि बर्बाद गर्नेछ

देश / विदेश

पछिल्ला केही दिनयता अमेरिकाले अचानक चीनसँग सम्बन्धित मुद्दालाई उछाल्न 'अल पर्पोज स्पेयर टायर' अर्थात् तथाकथित चिनियाँ ह्याकर समस्याको कुरो झिकेको छ । अमेरिकाको ह्वाइटहाउसका राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ताले अमेरिकी अधिकारीले चीनमा आधारित ह्याकरले माइक्रोसफ्टको क्लाउड सर्भिसमा मौजुद कमजोरीको दुरुपयोग गरी अमेरिकी इमेल एकाउन्टमा अनधिकृत प्रवेश (ह्याकिङ) गर्न खोजेका थिए भन्ने दाबी गरेका छन् । सो दाबीपछि ह्वाइटहाउसले माइक्रोसफ्टलाई अनधिकृत प्रवेशबारे सूचित गऱ्यो र लगत्तै माइक्रोसफ्टले ट्याकिङ र अनुसन्धान सुरु गरेको थियो ।

यो विषयलाई अमेरिकी मिडियाले व्यापक रूपमा प्रचार-प्रसार गरेको थियो । समाचारलाई लिएर अमेरिकामा व्यापक चर्चा-परिचर्चा पनि देखियो । तर, पछि केही अज्ञात अमेरिकी अधिकारीले अनधिकृत प्रयास वास्तवमै चीनसँग सम्बन्धित छ वा छैन भनेर निर्णय गर्न नसकिने बताएका छन् । प्रमाण पेस गर्न नसक्दा कर्मचारीमाथि रहेको अपराधबोध भावना स्पष्ट हुन्छ ।

अमेरिकाले चीनविरुद्ध निराधार आरोप लगाउने गरेको इतिहास नै छ । आरोप लगाएपछि चीनले जवाफ दिँदा अमेरिका तुरुन्तै पछि हट्ने गरेको पनि इतिहास छ । यो प्रवृत्ति निकै स्वाभाविक भएको छ, वास्तवमा यो अमेरिकाको बानी नै बनिसकेको छ । अमेरिकी बारम्बार यसो गरिरहन्छ, किनभने चीन प्रायः तनाव बढाउन अनिच्छुक हुने गर्छ ।

समाचारको प्रारम्भिक स्रोत नै अमेरिकी ह्वाइटहाउसको राष्ट्रिय सुरक्षा परिषद् हो । आजभोलि अमेरिका र पश्चिमा देशमा 'राष्ट्रिय सुरक्षा' शब्द उल्लेख भएका संस्थाले के अर्थ राख्छ भन्नेबारे सबैलाई थाहा छ । विगतमा यस्ता समाचार प्रायः अमेरिकी राष्ट्रिय सुरक्षा एजेन्सीले जारी गर्थ्यो जुन मूलतः अमेरिकी साइबर कमान्ड, हो अर्थात् विश्वको सबैभन्दा ठूलो ह्याकर संगठन हो । यसपटक भने समाचार ह्वाइटहाउसस्थित राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको हो । तर, यसले पनि 'जो चोर उसको ठूलो स्वर' भन्ने तथ्यलाई परिवर्तन गर्दैन । यो प्रचारबाजीको समयलाई नै हेर्रौं । ह्याक गरिएका इमेलमा कथित रूपमा अमेरिकी वाणिज्यमन्त्री जिना रेमन्डो संलग्न रहेको बताइएको छ । १३ जुलाईमा चिनियाँ वाणिज्य मन्त्रालयले रेमन्डोको चीन भ्रमणको सम्बन्धमा चीन अमेरिकासँग सञ्चारमा रहेको बताइएको थियो । त्यसैगरी, चीनले अमेरिकाले लगाएको चिनियाँ कम्पनीमाथिको एकतर्फी प्रतिबन्ध हटाउन पनि आह्वान गरेको थियो । अर्को शब्दमा भन्नुपर्दा रेमन्डोले चीन भ्रमण गर्न लागेकी छिन् र यसैवेला यो निराधार समाचार बनाइएको छ । अमेरिकाले ठीक यही समयमा चिनियाँ ह्याकर आक्रमणको घटना बाहिर ल्याउनु के संयोग हो त ? अमेरिकी पक्षले यो समाचारलाई जनमतमा आफूमाथि पर्न र रेमन्डोको चीन भ्रमणमा मोलमोलाइ गर्ने बाटो खोल्न नियोजित ढंगले प्रचार गरेको हो भन्ने प्रस्टै झल्किन्छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनको यही जुनमा चीन भ्रमण हुनु ठीक अघि पनि अमेरिकाले 'चिनियाँ ह्याकिङका घटना'लाई उछालेको थियो । सम्पूर्ण प्रक्रिया अहिलेको प्रचारसँग मोटामोटी रूपमा मिल्छ । तर, अघिल्लोपटक चिनियाँ ह्याकरले 'अमेरिकाको महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित गरी भविष्यको संकटको समयमा अमेरिका र एसिया क्षेत्रबीचको महत्त्वपूर्ण सञ्चार पूर्वाधारमा बाधा पुऱ्याउन सक्ने क्षमताको विकास गर्न खोजिरहेका' भन्ने व्यहोरा उल्लेख थियो । यसपटक 'चिनियाँ ह्याकर'ले इमेल एकाउन्टमा अनधिकृत प्रयास गरेको



तस्बिरः सिन्ह्वा

दाबी गरिएको छ । यदि हामीले 'चिनियाँ ह्याकर'का बारेमा अमेरिकी प्रचारबाजीको हालैका वर्षलाई अवलोकन गर्ने हो भने हामी साझा ढाँचा वा खाका भेट्न सक्छौं । यी घटनाहरू प्रायः चीन-अमेरिका सम्बन्धको महत्त्वपूर्ण बिन्दुमा हुने गर्छ । अथात् अमेरिकामा चीनसँग सम्बन्धित मुद्दामा 'रुकावट भइरहेको' अवधिमै यी घटना भएका छन् । 'चिनियाँ ह्याकर' वा 'चिनियाँ जासुस'लाई यस अवस्थामा रिक्त स्थान भर्नका लागि बनाइएका हुन्छन् । अमेरिका यस्तोमा अभ्यस्त छ । किनभने यस्ता आरोप प्रमाणित गर्न वा खण्डन गर्न गाह्रो हुने गर्छ । यसले अरूका लागि समस्या निम्त्याउने मात्रै हो र यो नियोजित उद्देश्य नै हो ।

वर्तमान चीन-अमेरिका सम्बन्ध एक महत्त्वपूर्ण, नाजुक र अनिश्चितताको अवस्थामा छ । दुई देशबीचको उच्चस्तरीय सञ्चार अपेक्षाकृत रूपमा छिटो सुधार हुँदै छ । तथापि अमेरिकी पक्षबाट निस्कने प्रतिकूल सन्देश र षड्यन्त्रले सञ्चारको सकारात्मक प्रगतिमा ठूलो हस्तक्षेप गरेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) केन्द्रीय समितिका विदेश मामिला आयोगको कार्यालयका निर्देशक वाङ यीले १३ जुलाईमा इन्डोनेसियाको जकार्तामा आसियान विदेशमन्त्रीको बैठकको छेको पारेर अमेरिकी विदेशमन्त्री ब्लिन्केनसँग भेट गर्नुभएको थियो । दुईबीच एक महिनामा भएको यो दोस्रो भेट हो । जलवायुसम्बन्धी अमेरिकी राष्ट्रपतिका विशेष दूत जोन केरी र अमेरिकी वाणिज्यमन्त्री जिना रेमन्डो दुवैले निकट भविष्यमा चीन भ्रमण गर्ने भएका छन् ।

यसले चीन-अमेरिका सम्बन्धमा सुधारका लागि अन्तर्राष्ट्रिय समुदायमा अपेक्षा बढाएको छ । चीनले यस्तो सञ्चार र आदान-प्रदानमा सधैं खुला एवं स्वागतयोग्य व्यवहार कायम राख्छ । तर, हामी अमेरिकालाई फोहोरी खेल नखेल्न सल्लाह दिन्छौं अन्यथा अमेरिकाले आफ्नो घुँडामा बन्चरो मात्रै हान्ने छैन, अमेरिका-चीन सम्बन्धको पुनर्स्थापना गरेर एक स्वस्थ र स्थिर मार्गमा पुऱ्याउने अवसरलाई पनि बर्बाद गर्नेछ ।

(१४ जुलाईमा प्रकाशित ग्लोबल टाइम्सको सम्पादकीय)

श्रमिकमैत्री पारिश्रमिक वृद्धि आवश्यक

विभिन्न सञ्चारमाध्यममा न्यूनतम पारिश्रमिक वृद्धि गर्ने तयारीबारे समाचार पढ्दा मलगायत सम्पूर्ण श्रमिक तथा विपन्न वर्ग खुसी भएका छौं । विगतदेखि नै श्रमिक वर्गले जीवन धान्न सक्नेभन्दा न्यूनतम तलबमा काम गर्दै आइरहेका छन् । सरकारले श्रमिको पक्ष लिनुपर्ने साटो उल्टो सामन्ती मालिकका पक्षमा कानुन बनाएर श्रमिकको अभिभावक बन्नुपर्ने जिम्मेवारीबाट पन्छिँदै आएको छ । यसले श्रमिक वर्ग दोहोरो अन्यायमा पर्दै आइरहेका छन् । गणतन्त्र स्थापना भएपछि पनि श्रमिक वर्गको तलब जीविका धान्ने हिसाबले नहुनु दुःखद हो । नेपाल कम्युनिस्ट पार्टी(नेकपा) सरकारको पालामा प्रत्येक दुई-दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्नुपर्ने नियम बनाएको थियो । यसलाई श्रमिकहरूले आशाका नजरले हेरेका थिए । तर, दुई वर्ष भइसक्दा पनि श्रमिकको न्यूनतम तलब वृद्धि भएको छैन । यसले श्रमिकहरूलाई बढ्दो महँगीमा जीविकोपार्जन गर्न अत्यन्त कठिनाइ सिर्जना गरेको छ ।

सरकारी तथ्यांकअनुसार, गत वर्षको उपभोक्ता मूल्यवृद्धि ८.०८ प्रतिशत थियो र अघिल्लो जेठ महिनासम्म ६.८३ प्रतिशत पुगेको थियो । यसअनुसार साधारण हिसाबमा पनि गत दुई वर्षमा करिब १५ प्रतिशत मूल्यवृद्धि भएको देखिन्छ । यसैलाई आधार बनाएर मजदुर संगठनले सरकारसँग पारिश्रमिक वृद्धिको प्रस्ताव गरेका छन् । (न्यूनतम २६ हजारसम्म पुऱ्याउनुपर्नेसम्म माग आएको छ । यदि सरकारले श्रमिकको पक्षमा नउभिने हो भने नेपालका श्रमिक थप बिदेसिन बाध्य हुनेछन् । त्यसैले, अब गरिने न्यूनतम ज्याला वृद्धि यसरी गर्नुपर्छ कि त्यसले श्रमिकको परिवारलाई जीवन धान्न सहज बनाओस् । हालको गठबन्धनको सरकारले जसरी पनि श्रमिकहरूलाई मलमपट्टी लगाउनेछ भन्ने हामी सम्पूर्ण श्रमिकले अपेक्षा गरेका छौं ।

● **निरञ्जन मैनाली**
कोल्हवी, बारा (हाल काठमाडौं)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सुडान मामिलामा अन्तर्राष्ट्रिय फौजदारी अदालत किन मौन ?

मानवताविरुद्धका अन्तर्राष्ट्रिय अपराधका यतिविधि प्रमाण र दण्डहीनताप्रति अन्तर्राष्ट्रिय फौजदारी अदालतको तीन महिनादेखिको मौनता उदेकलाग्दो छ



• सारा नउवेन

(नउवेन युरोपियन युनिभर्सिटी इन्स्टिच्युट, फ्लोरेन्समा सार्वजनिक अन्तर्राष्ट्रिय कानुनकी प्राध्यापक हुन्)

गत १५ अप्रिलबाट सुडानी सेना र च्यापिड सपोर्ट फोर्स (आरएसएफ)बीच लडाइँ सुरु भएयता खार्तुम, डार्फर र त्यसबाहिरका क्षेत्रमा हजारौँ सर्वसाधारण मारिसकेका छन्। उनीहरूले गैरसैनिक नागरिकहरूलाई सीधै निशाना बनाउने गरेका छन्। खानेकुरा, पानी तथा औषधिलगायत अत्यावश्यक वस्तु तथा सेवाको अभावबाट पनि थुप्रैको मृत्यु भएको छ भने लाखौँ विस्थापित भएका छन्।

स्थल मोर्चामा तुलनात्मक रूपले कमजोर सुडानी सेनाले आरएसएफलाई आक्रमण गर्न गैरसैन्य क्षेत्रहरूमा व्यापक बमबारीको सहारा लिएको छ। वेस्ट डार्फरको राजधानी एल-जेनिनामा आरएसएफले गभर्नर र मानवीय सहायता आयुक्तको हत्या गरेको छ भने थुप्रै चिकित्सक, पत्रकार र मानवीय सहायताकर्मीहरूको पनि ज्यान लिइसकेको छ। अर्धसैनिक बलका सदस्यहरूले घर, बैंक तथा अस्पतालहरू लुटेका छन्। उनीहरू वेस्ट डार्फरलाई आफ्नो मातृभूमि मान्ने समूहविरुद्ध एल-जेनिनाको सडकमा 'नो मोर मसलिट'को नारा लगाइरहेका भाइरल भिडियोमा पनि देखिएका छन्।

निःसन्देह अहिले सुडानमा गम्भीर खालका अन्तर्राष्ट्रिय अपराध भइरहेका छन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले 'सुडानमा मृत्यु र विनाशको स्तर र गति अभूतपूर्व भएको' टिप्पणी गरेका छन्। त्यसैले, सुडानीहरू अहिले यी सबै नरसंहार र उत्पीडनबीच अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) कहाँ छ भनेर सोधिरहेका छन्।

२००८ मा जब म सुडानमा अनुसन्धान गरिरहेको थिएँ आइसिसीसँग डार्फरवासीको अपेक्षा धेरै थियो। आइसिसीका अभियोजक लुइस मोरेनो ओकाम्पोले सुडानी राष्ट्रपति ओमार अल-बसिरविरुद्ध पक्राउपुर्जी जारी गर्न लगाएपछि त डार्फरस्थित विस्थापितका शिविरमा थुप्रै नवजात शिशुको नाममा 'ओकाम्पो' जोड्ने लहरै चलेको थियो। यी अभियोजकले 'आज गिरफ्तार गर्नुस्, भोलि शान्ति र न्याय मिल्नेछ'जस्ता कडा अभिव्यक्तिसहित आइसिसीबाट न्याय खोज्ने सुडानीहरूको अपेक्षालाई मलजल गरेका थिए। डार्फरका सडकमा बालबालिकाहरूले हेडगेहग (दुम्सीजस्तै देखिने जनावर) समातेर 'बसिर' ट्याग लगाई डोरीले बाँधेर हेगको अदालतमा लगेको नक्कलसमेत देखाएका थिए। तर, उनीहरूका ती अपेक्षा छिट्टै समाप्त भयो। आफ्नै प्रहरी बलविना आइसिसीले अल-बसिरविरुद्धको पक्राउ आदेश कार्य गर्न सक्ने थिएन। आइसिसीको पक्राउपुर्जीले उनको शासन अन्त्य गर्नुको सट्टा सत्ताको पकड थप बलियो बनाउनचाहिँ मद्दत गऱ्यो। आइसिसीको कदमको जवाफमा उनले आफ्नो सुरक्षाका लागि च्यापिड सपोर्ट फोर्स नामक एउटा नयाँ सुरक्षा बल नै खडा गरे, जुन दस्ता डार्फरमा विद्रोह दबाउन प्रयोग गरिएको कुख्यात लडाकुहरूबाट भर्ती गरिएको थियो। ती लडाकु डार्फरमा आमसंहार मच्चाएर मानवताविरुद्धको युद्ध अपराध गरेको आरोप लागेका लडाकु थिए। यही च्यापिड सपोर्ट फोर्स अहिले सुडानी सेनासँग लडिरहेको छ र सुडानी जनतामाथि दुःखको कहर बर्साइरहेको छ।

अन्ततः, आइसिसीको सट्टा सुडानका जनताले नै अल-बसिरलाई सत्ताच्यूत गरे। महिनौँको बहादुरी र शान्तिपूर्ण विरोध प्रदर्शनमार्फत सुडानीहरूले अल-बसिरका सुरक्षा बलका हिंस्रक दमनको सामना गरे, जसले राजनीतिक गतिशीलता उत्पन्न गऱ्यो र सन् २०१९ मा बसिरको सत्तापलट भयो। अल-बसिरलाई त्यही जेलमा कोचियो जहाँ उनले आफ्ना विरोधीहरूलाई थुनेका थिए। आइसिसीको वान्टेड सूचीमा रहेका अन्य प्रमुख सुडानीहरूलाई पनि जेल हालियो।

सेना, आरएसएफ र नागरिक प्रतिनिधिले मिलेर एउटा अप्ठ्यारो गठबन्धन सरकार गठन गरे। गठबन्धन सरकारको नागरिक घटक अल-बसिर र अन्य आरोपितहरूलाई हेगमा उपस्थित गराउन र आइसिसीलाई सहयोग गर्न इच्छुक थियो। तर, सेना र आरएसएफमा भने आरोपितहरूलाई हेगमा बुझाउँदा कतै सेना र आरएसएफका अन्य अधिकारीहरू पनि पोलिने हुन् कि भन्ने भय थियो। यहीकारण, २०२१ को अक्टोबरको अर्को कुबाट सुडानी सेना र आरएसएफले गैरसैन्य घटकलाई सरकारबाट बेदखल गरे।



> अहिले सुडानी सेना र आरएसएफ सुडानलाई आफ्नो नियन्त्रणमा लिन लडिरहेका छन् र यस प्रक्रियामा गम्भीर अन्तर्राष्ट्रिय अपराध गरिरहेका छन्। तिनको निर्लज्ज क्रूरता सामाजिक सञ्जालमा सेयर गरिएका अनगिन्ती भिडियोमा जोकसैले हेर्न सक्छन्।

अहिले सुडानी सेना र आरएसएफ सुडानलाई आफ्नो नियन्त्रणमा लिन लडिरहेका छन् र यस प्रक्रियामा गम्भीर अन्तर्राष्ट्रिय अपराध गरिरहेका छन्। तिनको निर्लज्ज क्रूरता सामाजिक सञ्जालमा सेयर अनगिन्ती भिडियोमा जोकसैले हेर्न सक्छन्। अन्तर्राष्ट्रिय अपराधका यति धेरै प्रमाण र यस्तो खुला दण्डहीनताप्रति अन्तर्राष्ट्रिय फौजदारी अदालतको तीन महिनादेखिको मौनता अचम्मलाग्दो छ। अदालतको सोसल मिडिया अकाउन्ट र वेबसाइटहरू भेनेजुएला, प्रजातान्त्रिक गणतन्त्र कंगो र सबैभन्दा धेरै युक्रेनका अभियोजक करिम अहमद खानको कामका समाचारले भरिएका छन्। तर, सुडानबारे ती अकाउन्ट र वेबसाइटहरूमा एउटा पनि विवरण प्रकाशित भएको देखिँदैन। पछिल्लोपटक केन्याको निर्वाचनमा समेत 'हामी तिमीहरूलाई हेरिरहेका छौँ' भनेर खबरदारीपूर्ण बयान जारी गरेको आइसिसीले सुडानमा मानवताविरुद्धका अपराधले पराकाष्ठा नाघ्दासमेत मौनता साधिरहनु रहस्यपूर्ण छ।

सिरियाजस्तो आफ्नो अधिकार क्षेत्र नभएको अवस्थामा त अन्तर्राष्ट्रिय अदालतको मौनता बुझ्न सकिन्छ। तर, सुडानको मामलामा अधिकारको सवाल पनि छैन। २००५ मा संयुक्तराष्ट्र संघीय सुरक्षा परिषद्ले अदालतलाई गरेको सिफारिस र अहिलेको मुद्दा जोडिन्छन्। जनरल अब्देल फताह अल-बुरहान र जनरल मोहम्मद हमदान 'हेमेदत्ती'लगायत यी दुवैका कर्ता उही छन्। त्यसैगरी, डार्फरको अपराधमा सिन अफ क्राइम पनि उस्तै छ।

सुडानीहरू आफ्नो देशमा मच्चिरहेको आतंकबारेमा अदालतले साधेको मौनताबारे शंका गर्न बाध्य छन्। एउटा आशंका आइसिसी सुडानी सेना र आरएसएफले आफूलाई जोगाउन अझै पनि अल-बसिर र अन्य अरोपितहरू आफूलाई सुम्पन सक्ने आशामा छ कि भन्ने छ। यसकारण पनि ऊ सेना र आरएसएफको विरोध नगर्ने प्रयास गरिरहेको छ। हालैको खुफिया जानकारीमा एउटा सैन्य मेडिकल टिमले खार्तुमको जुम्ल्याहा सहर, ओमदुरमानबाट अल-बसिरलाई कब्जामा लिएको र बसिरको पक्राउबाट आफू अपराध र अभियोगबाट बचिने विश्वास उनीहरूमा रहेको उल्लेख छ। सेना वा आरएसएफले अन्ततः अल-बसिरलाई अदालतमा पुऱ्याउँदा नै आफूलाई फाइदा देख्न सक्ने आशा अभियोजक खानले गरेका हुन सक्छन्। त्यसैले उनी कसैलाई आरोपित गर्न खोजिरहेका छैनन् कि भन्ने आशंका छ।

अभियोजक ओकाम्पोले सन् २००७ मा यस्तै रणनीति अपनाएका थिए। उनले पहिले नै पक्राउ पुर्जी जारी गरिसकिएका दुई उच्च अधिकारी आफूलाई सुम्पने आशामा अल-बसिरविरुद्ध वारेन्ट जारी नगरी बसेका थिए। त्यो रणनीति असफल भएपछि मात्रै उनी अल-बसिरविरुद्ध उत्रिएका थिए।

'सम्भावित सहयोगको अपेक्षामा मौनता'को यो रणनीतिले अभियोजक खानका लागि काम गर्ने सम्भावना छैन। यस्तो रणनीतिले अदालतलाई खुलेआम अन्तर्राष्ट्रिय अपराध गर्नेविरुद्ध समयमै कारबाही गर्नबाट त रोक्छ नै आफूले जारी गरेको पक्राउ आदेशको कार्यान्वयनका लागि सोही अपराधमा संलग्न अन्य व्यक्तिहरूलाई खुसी पार्नसमेत आइसिसी हिचकिचाउँदैन भन्ने छाप पनि पार्न सक्छ।

सुडानमा आइसिसीको हालको मौनतालाई अदालतले आफ्नो स्रोतसाधन सुडानबाट अन्य ठाउँ विशेषगरी युक्रेनमा निर्देशित गरेको कारण यस्तो भएको व्याख्या गर्न सकिन्छ। तर, यसले युरोपेली शरणार्थी नीतिमा सुडानीहरूले अनुभव गरिरहेको दोहोरो मापदण्डलाई नै जोड दिन्छ। युद्धबाट प्रभावित युक्रेनीका लागि विशेष व्यवस्था, तर युद्धबाट प्रभावित सुडानीहरूलाई भने बेवास्ता गरेको हुन्छ र यसले 'वैश्विक न्याय'को निष्पक्षतामाथि नै शंका उत्पन्न गर्छ।

सुडानीहरूले आइसिसीले सुडानमा शान्ति ल्याउन सक्दैन भन्ने निष्कर्ष निकालिसकेका छन्। सुडानको द्वन्द्वलाई जटिल बहुआयामिक समाधान चाहिन्छ जसमा न्याय केवल एउटा पाटो मात्र हो। सुडानीलाई शक्तिमा रहेका आरोपितहरूलाई भौतिक रूपमा नै हेगलाई नबुझाउँदासम्म जिम्मेवार तुल्याउने प्रयाससमेत गर्नैछैन भन्ने पनि थाहा छ।

तथापि, अझै पनि आइसिसीले सुडानीहरूलाई न्याय दिन सक्छ। आफ्नो मूल्य-मान्यतामा टिकेर त्यहाँ भइरहेका अन्तर्राष्ट्रिय अपराधहरूको सक्रिय रूपमा अनुसन्धान गरी सुडानीलाई उसले न्याय दिन सक्छ। आइसिसीले डार्फरमा भइरहेका अपराध मात्र होइन, डार्फरबाहिरका अपराधहरूको पनि अनुसन्धान गर्नुपर्छ। उसले विवादित पक्षहरूलाई रकम र हतियार प्रदान गर्ने क्षेत्रीय र अन्तर्राष्ट्रिय पक्षको समेत पहिचान गर्न र तिनलाई जिम्मेवार ठहऱ्याउन सक्छ। यी अपराधका मतियारहरूमाथि आफ्नो हरपल नजर रहेको बताएर आइसिसीले सुडानको हिंसालाई रोक्न वा शिथिल बनाउँदै लानेतर्फ योगदान दिन सक्छ।

- अल जजिरा

एलन मस्कलाई उछिनेर चीनले बनायो मिथेनबाट चल्ने रकेट

चाइना स्पेस न्युजका अनुसार ३.३५ मिटर व्यास र ४९.५ मिटर लम्बाइ भएको झुक-२ रकेटले पृथ्वीको तल्लो कक्षमा ६ टनसम्म र एसएसओ कक्षमा चार टनसम्म सामान पुऱ्याउन सक्छ



यस वर्षको सुरुमा अमेरिकाका दुई अन्तरिक्ष कम्पनी 'रिलेटिभिटी स्पेस' र मस्कको 'स्पेसएक्स'ले पनि तरल अक्सिजन र मिथेन प्रयोग गरेर रकेट उडाउने प्रयास गरेका थिए

एक निजी चिनियाँ अन्तरिक्ष कम्पनीले तरल अक्सिजन र मिथेनबाट चल्ने विशाल रकेट प्रक्षेपण गर्ने दौडमा एलन मस्कको 'स्पेसएक्स'लाई समेत उछिनेको छ। ल्यान्ड स्पेस टेक्नोलोजी कर्पोरेस नामको सो निजी अन्तरिक्ष सेवा प्रदायक कम्पनीले गोबी मरुभूमिस्थित जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट जुलाई १२ को दिन बिहान ९ बजे एक रकेट प्रक्षेपण गरेको थियो। 'झुक-२' नामको सो रकेटले परीक्षण उडानका क्रममा सफलतापूर्वक सामानलाई 'सन् सिंक्रोनस अर्बिट(एसएसओ)' वा 'सूर्यअनुरूपको कक्ष'मा पुऱ्याउन सफल भएको थियो। योसँगै 'झुक-२' तरल अक्सिजन र मिथेनलाई सफलता रूपमा प्रयोग गर्ने संसारको पहिलो वाहन बनेको छ।

यस वर्षको सुरुमा अमेरिकाका दुई अन्तरिक्ष कम्पनीहरू 'रिलेटिभिटी स्पेस' र मस्कको 'स्पेसएक्स'ले पनि तरल अक्सिजन र मिथेन प्रयोग गरेर रकेट उडाउने प्रयास गरेका थिए। तर, रिलेटिभिटी स्पेसको 'टेरान १' र स्पेसएक्सको 'स्टारसिप' कक्षमा पुग्न सकेनन्। ल्यान्ड स्पेसले पनि यसअघि गत वर्ष डिसेम्बर १४ मा यस्तै रकेटको परीक्षण गर्दा असफल भएको थियो। तर, जुलाई १२ को दोस्रो परीक्षण प्रक्षेपणमा भन् झुक-२ रकेटले महत्त्वाकांक्षी लक्ष्य हासिल गऱ्यो। मिथेनबाट चल्ने रकेट इन्जिनले उच्च प्रदर्शन गर्छन् र तिनलाई कम खर्चमै सञ्चालन गर्न सकिन्छ। तरल इन्धनले रकेट क्षेत्रलाई नयाँ युगमा लाने विश्वास लिइन्छ।

झुक-२ ले हासिल गरेको सफलता यस वर्ष चीनको निजी अन्तरिक्ष कम्पनीले हासिल गरेको अर्को प्रगति हो। यसअघि अप्रिलमा 'स्पेस पायोनियर' नामक कम्पनीले अलग खालको तरल इन्धन प्रयोग गरेर 'टियानलङ-२' नामक रकेट सफलतापूर्वक प्रक्षेपण गरेको थियो। हाल प्रक्षेपण गरिएको झुक-२ दुई चरणको तरल-इन्धनयुक्त रकेट हो, जसका इन्जिनहरू सबै स्वतन्त्र रूपमा निर्माण गरिएका हुन्। चाइना स्पेस न्युजका अनुसार, ३.३५ मिटर (१०.९ फिट) व्यास र ४९.५ मिटर (१६२ फिट) लम्बाइ भएको झुक-२ रकेटले पृथ्वीको तल्लो कक्षमा ६ टनसम्म, एसएसओ कक्षमा चार टनसम्म सामान पुऱ्याउन सक्छ।

'रकेटले पहिलो चरणमा चारवटा 'टियान टियान्क-१२ (टिक्यु-१२)' तरल अक्सिजन-मिथेन इन्जिन प्रयोगमा ल्याएर २६८ टनको बल हासिल गर्छ। दोस्रो चरणमा एउटा टियान्क-१२(टिक्यु-१२) र अर्को एउटा टियान्क-११(टिक्यु-११) इन्जिन प्रयोग हुन्छन्, जसमध्ये पछिल्लो टिक्यु-११ ले उचाइ र गतिलाई सटिक रूपमा समायोजन गर्न सघाउनेछ,' चाइना स्पेस न्युजले उल्लेख गरेको छ। टिक्यु-१२ इन्जिनको परीक्षण सन् २०१९ जुलाईमै सुरु भएको थियो। जुलाई १२ को पछिल्लो सफल उडानमा चार वर्षको अनुसन्धान र विकासको लगानी जोडिएको छ।

तरल रकेट विकासको प्रारम्भिक दिनमा, मट्टितेल र तरल हाइड्रोजनलाई इन्धनको रूपमा प्रयोग गरिन्थ्यो। प्राकृतिक ग्यास प्रविधि अझै प्रारम्भिक अवस्थामै रहेको विश्वास गरिन्छ। तर, पनि आज केही क्षेत्रबाट उत्पादित उच्च गुणस्तरीय प्राकृतिक ग्यासलाई तरल बनाएर सीधै रकेट इन्धनको रूपमा प्रयोग गर्न सकिने भइसकेको छ, त्यो पनि अतिरिक्त शुद्धीकरण नगरी। प्राकृतिक ग्यासका फाइदाहरूमा उच्च ज्वलनशील दक्षता, वातावरणमैत्री, कम लागत र सहज उत्पादन आदि छन्। यिनै फाइदाले यो अनुसन्धानदातामाझ निकै रुचाइएको विकल्प बनेको हो।

रकेटमा इन्धनका रूपमा प्रयोग गर्दा तरल मिथेन र परम्परागत तरल मट्टितेल प्रत्येकका आ-आफ्ना सबलता र कमजोरी छन्। यद्यपि, मिथेनको घनत्व मट्टितेलको तुलनामा लगभग २० प्रतिशत कम हुन्छ, जसले केही बढी सैद्धान्तिक विशिष्ट प्रवेग (इन्धनको प्रतिएकाइले उत्पादन गर्ने प्रवेग) प्रदान गर्दछ। तर, यसलाई इन्जिनको डिजाइनले पनि असर पार्छ। इन्जिन मर्मत-सम्भारमा पनि मिथेनले उत्कृष्ट प्रदर्शन देखिएको छ। तरल अक्सिजन-मट्टितेल इन्धन प्रयोग हुने रकेटका इन्जिन प्रत्येक प्रयोगपछि पूर्णरूपमा सरसफाइ गर्नुपर्छ। यसविपरीत, मिथेनको उच्च वाष्पशील क्षमताको कारण रकेट प्रयोगपछिको सफाइ भार निकै हल्का हुने गर्छ।

प्रायजसो कार्बन-आधारित इन्धनको प्रयोगपछि इन्जिनमा अवशेष बाँकी रहन्छ। मिथेनको उत्कृष्ट प्रज्वलन क्षमताले यो समस्या आउँदैन, जसले इन्जिनको आयु लम्ब्याउँछ। साथै, यही गुणले यसलाई अरू इन्धनको तुलनामा थप वातावरणमैत्री पनि बनाउँछ। इन्धन ट्यांकीको डिजाइनको सन्दर्भमा, अनुसन्धानकर्ताले मिथेन इन्धन प्रयोग हुने रकेटको समग्र वजन कम गर्न र यसले बोक्ने भार-क्षमता बढाउन सक्षम भएका छन्। यो किनभने, मिथेन र तरल अक्सिजनको लगभग एउटै बोइलिङ पोइन्ट(उम्लिने बिन्दु) हुन्छ, जसले गर्दा तिनलाई एउटै 'बल्कहेड'मा एकअर्काको नजिक भण्डारण गर्न सकिन्छ। जब कि तरल अक्सिजन र हाइड्रोजनका ट्यांकहरू अलग-अलग क्याबिनमा राख्नुपर्ने हुन्छ।

चाइना स्पेस न्युजअनुसार, ल्यान्ड स्पेसले झुक-२ मा हाल प्रयोग भएको टिक्यु-११ लाई टिक्यु-१५ ए ले प्रतिस्थापित गर्ने योजना बनाएको छ। टिक्यु-१५ ए ८० टनको अक्सिजन-मिथेन इन्धन प्रयोग गर्ने इन्जिन हुनेछ। टिक्यु-१२ को सुधारिएको संस्करण टिक्यु-१२ए पनि पाइपलाइनमा छ। इन्जिन सुधारले झुक-२ को भार बोक्ने क्षमता बढाउनेछ भने लागत घटाउनेछ। यो जुन भविष्यको व्यावसायिक अन्तरिक्ष प्रक्षेपण बजार आवश्यकताअनुकूलन हुनेछ। 'यसबीचमा चाइना नेसनल स्पेस एडमिनिस्ट्रेसनले पनि प्रयोग गर्न सकिने तरल अक्सिजन मिथेन रकेट इन्जिनको विकासमा काम गरिरहेको छ। ८० टन र २०० टनको बल उत्सर्जन गर्ने इन्जिनहरूको निरन्तर परीक्षण भइरहेको छ। यो भविष्यमा चीनको मध्यमदेखि ठूला रकेटको मुख्य इन्धन विकल्प हुनेछ,' चाइना स्पेस न्युजमा भनिएको छ।

(साउथ चाइना मर्निङ पोस्टका लागि झाङ टोङको रिपोर्ट)

इतिहासमा आज





सन् १९१८ : पूर्व रुसी जार निकोलस द्वितीय र उनको परिवारलाई बोल्सेभिकहरूले मृत्युदण्ड दिए।

सन् १९४५ : जोसेफ स्टालिन, विन्स्टन चर्चिल र ह्यारी एस ट्रुमनले दोस्रो विश्वयुद्धको अन्तिम मित्रराष्ट्र शिखर सम्मेलन पोट्सडैम सम्मेलनमा भेट गरे।

सन् १९४६ : चिनियाँ कम्युनिस्टहरूले याङत्जे नदीमा राष्ट्रवादी सेनामाथि आक्रमण गरे।

सन् १९७६ : इन्डोनेसियाले पूर्वी टिमोरलाई गाभ्यो र यसलाई आफ्नो २७औँ प्रान्त घोषणा गऱ्यो। यो ८ महिना लामो इन्डोनेसियाली आक्रमण र दक्षिणपूर्वी एसियाली देशको कब्जाको उत्कर्ष थियो, जुन सन् १९७५ को नोभेम्बरमा पूर्वी टिमोरले पोर्चुगलबाट आफ्नो स्वतन्त्रता घोषणा गरेपछि सुरु भएको थियो।

सन् १९९८ : अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) स्थापना गर्ने रोम विधान पारित। आइसिसी पहिलो अन्तर्राष्ट्रिय न्यायिक निकाय हो जसमा नरसंहार, मानवताविरुद्धको अपराध र युद्ध अपराधका लागि जोसुकै व्यक्तिलाई मुद्दा चलाउने अधिकार छ।

विश्व संक्षेप

अलास्का प्रायद्वीपमा ७.२ म्याग्निच्युडको भूकम्प

न्युयोर्क/ अमेरिकाको अलास्का प्रायद्वीपमा शक्तिशाली भूकम्प गएको छ। स्थानीय समयअनुसार शनिबार राति ७.२ म्याग्निच्युडको भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भे (युएसजिएस)ले जनाएको छ। स्थानीय समयअनुसार आइतबार राति १० बजेर ४८ मिनेटमा स्यान्ड प्वाइन्ट सहरबाट ८९ किलोमिटर दक्षिण-पश्चिममा भूकम्प गएको थियो।

अलास्काको पामरमा रहेको राष्ट्रिय सुनामी चेतावनी केन्द्रले दक्षिण अलास्का र अलास्का प्रायद्वीपका लागि यसअघि जारी गरेको सुनामीको चेतावनी न्यून गरेको छ।

'उत्तर अमेरिकाका अन्य अमेरिकी र क्यानडेली प्रशान्त महासागरीय तटहरूमा सुनामीको कुनै खतरा छैन,' विज्ञप्तिमा भनिएको छ। अलास्का भूकम्पीय रूपमा सक्रिय प्यासिफिक रिङ अफ फायरको एक भाग हो। सन् १९६४ को मार्चमा ९.२ म्याग्निच्युडको भूकम्प गएको थियो जुन उत्तरी अमेरिकामा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली भूकम्प थियो।

विज्ञापनबाट कमाएको आधा हिस्सा गुम्यो : मस्क

वासिङटन/ एलन मस्कले गत अक्टोबरमा ४४ अर्ब डलरमा सामाजिक सञ्जाल प्लाटफर्म ट्विटर किनेपछि आफ्नो विज्ञापन आयको झन्डै आधा हिस्सा गुमाइसकेको बताएका छन्। मस्कले कम्पनीले सामना गरिरहेका कठिनाइहरूका बारेमा जानकारी गराउँदै आएका छन्। 'विज्ञापनबाट उठ्ने राजस्वमा ५० प्रतिशतको गिरावट र भारी ऋणभारका कारण हामी अझै पनि नकारात्मक नगद प्रवाहमा छौँ,' अर्बपति मस्कले शनिबार ट्विट्मार्फत भने। 'हामीसँग अरू कुनै पनि चिजको विलासिता हुनुभन्दा पहिले सकारात्मक नगद प्रवाहमा पुग्न आवश्यक छ,' उनले थपे।

'इन्साइडर इन्टेलिजेन्स'का अनुसार ट्विटरले सन् २०२३ मा तीन अर्ब डलरभन्दा कम आम्दानी गर्ने अनुमान गरिएको छ, जुन सन् २०२२ को तुलनामा एकतिहाइ कम हो। मस्कले ट्विटरमा कब्जा जमाएपछि गरेका परिवर्तनले प्रयोगकर्ता र विज्ञापनदाताहरूलाई समान रूपमा बन्द गरिदिएको छ।

मस्कले तथ्यांक चोरीको चरमस्तरलाई सम्बोधन गर्न भन्दै यस महिनाको सुरुमा ट्विटरको प्रमाणित अकाउन्टबाट एक दिनमा १० हजार ट्विट् पढ्नका लागि सीमित अनुमति दिने घोषणा गरेका थिए।

राहुल गान्धीद्वारा सर्वोच्चमा पुनरावेदन

नयाँदिल्ली/ भारतका विपक्षी दल कंग्रेस आइका नेता राहुल गान्धीले आफूमाथि लगाइएको मानहानी मुद्दाबाट अन्याय भएको जिकिर गर्दै सर्वोच्च अदालतमा पुनरावेदन गरेका छन्। सन् २०१९ मा कर्णाटकमा भएको एउटा चुनावीसभामा मोदी थरलाई लिएर नेता गान्धीले दिएको अभिव्यक्तिबाट आफूहरूको अपमान भएको भन्दै गुजरातका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध दायर गरेको मुद्दामा नेता गान्धीलाई गुजरातको अदालतले दोषी ठहर गरेको थियो। गुजरातस्थित अदालतको उक्त निर्णयसँगै नेता गान्धीको संसद् पद खारेज भएको थियो। उनले उक्त आदेशविरुद्ध गुजरात उच्च अदालतमा गरेको पुनरावेदन पनि सदर भएपछि उनी सर्वोच्च न्यायालयको ढोका ढकढक्याउन पुगेका हुन्।

आजदेखि हवाई भाडा ६ प्रतिशतले महँगियो

काठमाडौं/ नयाँ आर्थिक वर्षको सुरुवातसँगै हवाई भाडामा मूल्य अभिवृद्धि कर (भ्याट) लागू भएको छ। नेपाल वायुसेवा सञ्चालक संघले आन्तरिक उडानतर्फ १ साउनदेखि भ्याटसहितको नयाँ भाडा लागू भएको जनाएको छ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यमार्फत हवाई यातायात सेवालाई पनि अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था गरेका थिए। १ साउनदेखि हवाई भाडामै समावेश गरी मूल्य अभिवृद्धि कर उठाइने संघले विज्ञप्तिमार्फत जनाएको छ।

अहिले मूल्य अभिवृद्धि कर १३ प्रतिशत रहेको छ। तर, हवाई भाडा भने करिब ६ प्रतिशतले बढेको यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले बताए। हवाई इन्धन, यात्रुसेवा शुल्कलगायतमा पहिले नै भ्याट कायम रहेको हुँदा दोहोरो भ्याट लाग्दैन। यस्तै, वायुसेवा कम्पनीहरूले कार्यालय सञ्चालनका लागि खरिद गर्ने सामग्रीमा तिरेको भ्याटसमेत फिर्ता पाउँछन्। अहिले आन्तरिक उडानमा नौवटा हवाईजहाज कम्पनी सञ्चालनमा छन्।

लिलाम विक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/४/१ गते

यस महालक्ष्मी विकास बैंक लि.का विभिन्न शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना र मिति २०८०/३/५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले सुरक्षण बापत रहेको सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा लिलाम विक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि ७ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक व्यक्ति तथा संस्थाहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा सुरक्षणमा रहेका सवारी साधनहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ बमोजिम आवश्यक कारवाही अगाडी बढाईने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

विराटनगर शाखा :

१. ऋणी : श्री रघुनन्दन यादव (ना.प्र.नं. ९३५१४/९४५१४ जारी स्थान/मिति सुनसरी २०६१/१०/३)
बाबु : श्री नेवालाल यादव, बाजे : श्री भगवती यादव
ठेगाना : सुनसरी जिल्ला छिटाहा वडा नं २ हाल सुनसरी जिल्ला गढि वडा नं ३
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री रेखा देवी यादव, बाबु : श्री प्राण चन्द यादव, पति : श्री रघुनन्दन यादव
(ख) श्री रघुनन्दन यादव, बाबु : श्री नेवा लाल यादव, बाजे : श्री भगवती यादव
ठेगाना : सुनसरी जिल्ला छिटाहा वडा नं २ हाल सुनसरी जिल्ला गढि वडा नं ३
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री रघुनन्दन यादवलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता न. को २ ह ५६३६ च्यासिस नं. MBX0002JFWK733301 ईन्जिन नं. TBPEMJW3022182

२. ऋणी : श्री प्रदिप कुमार मण्डल (ना.प्र.नं. ०५२०५०/१०७५ जारी स्थान/मिति मोरङ्ग २०६६/७/१८)
बाबु : श्री पंचानन्द केवट, बाजे : श्री संतलाल केवट
ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं ७ हाल मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं ६
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री कैतकी देवी मण्डल, बाबु : श्री मनोहर लाल मण्डल, पति : श्री पंचानन्द केवट
(ख) श्री प्रदिप कुमार मण्डल, बाबु : श्री पंचानन्द केवट, बाजे : श्री संतलाल केवट
ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं ७ हाल मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं ६
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री प्रदिप कुमार मण्डललाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता न. को २ ह २७५१ च्यासिस नं. MBX0002JFWF664564 ईन्जिन नं. TBPEMFW3018155।

३. ऋणी : श्री श्रवण कुमार कामत (ना.प्र.नं. ०६ १०२५/१४४२४८ जारी स्थान/मिति सुनसरी २०६६/०८/१९)
बाबु : श्री शिव कामत, बाजे : श्री सोनाई कामत
ठेगाना : सुनसरी जिल्ला रामगन्ज बेलगछ्रीया वडा नं ७ हाल सुनसरी जिल्ला वर्जु वडा नं २
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री पवन कामत, बाबु : श्री शिव कामत, बाजे : श्री सोनाई कामत
(ख) श्री श्रवण कुमार कामत, बाबु : श्री शिव कामत, बाजे : श्री सोनाई कामत
ठेगाना : सुनसरी जिल्ला रामगन्ज बेलगछ्रीया वडा नं ०७ हाल सुनसरी जिल्ला वर्जु वडा नं ०२
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री श्रवण कुमार कामतलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता न. को २ ह ७४६५ च्यासिस नं MBX0002JFWH707766 ईन्जिन न. TBPEMHW3020860।

४. ऋणी : श्री पारस चौधरी (ना.प्र.नं. ०५३०८४/ज १३, जारी स्थान/मिति मोरङ्ग, २०६३/१२/२६)
बाबु : श्री जितन चौधरी, बाजे : श्री गोनी चौधरी
ठेगाना : मोरङ्ग जिल्ला विराटनगर मा.न.पा. वडा नं १९ हाल विराटनगर मा.न.पा. वडा नं १४
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सिता देवी चौधरी, बाबु : श्री दोडाई दास, पति : श्री पारस चौधरी
(ख) श्री पारस चौधरी, बाबु : श्री जितन चौधरी, बाजे : श्री गोनी चौधरी
ठेगाना : हाल मोरङ्ग जिल्ला विराटनगर मा.न.पा. वडा नं १४
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री पारस चौधरीलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता न. को २ ह ५०९७ च्यासिस नं. MBX0002JFWJ709704 ईन्जिन नं. TBPEMHW3020205 ।

५. ऋणी : श्री राम प्रमोद राय (ना.प्र.नं. ३/७१४, जारी स्थान/मिति मोरङ्ग, २०६१/११/११)
बाबु : श्री सकलदेव राय अमात, बाजे : श्री फुलाई राय
ठेगाना : मोरङ्ग जिल्ला दादरवैरिया वडा नं ९ हाल मोरङ्ग जिल्ला धनपालथान वडा नं ६
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बविता देवी राय, बाबु : श्री अशोक कुमार राय अमात, पति : श्री राम प्रमोद राय
(ख) श्री राम प्रमोद राय, बाबु : श्री सकलदेव राय अमात, बाजे : श्री फुलाई राय
ठेगाना : मोरङ्ग जिल्ला दादरवैरिया वडा नं०९ हाल मोरङ्ग जिल्ला धनपालथान वडा नं ६
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री राम प्रमोद रायलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता न. को २ ह ४०५३ च्यासिस नं MBX0002JFWH700406 ईन्जिन न. TBPEMGW3019917 ।

६. ऋणी : श्री चन्द्रिका कुमारी मेहता (ना.प्र.नं. ०६-०१-६९-०९१७७, जारी स्थान/मिति सुनसरी, २०६९/९/८)
बाबु : श्री कपिल देव मेहता, बाजे : श्री बल देव मेहता, पति : श्री संजय कुमार मेहता
ठेगाना : सुनसरी जिल्ला कण्तानगंज गा.पा. वडा नं ५ हाल देवानगंज वडा नं ३ सुनसरी
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री संजय कुमार मेहता, बाबु : श्री अवध लाल मेहता, बाजे : श्री बल देव मेहता
(ख) श्री चन्द्रिका कुमारी मेहता, बाबु : श्री कपिल देव मेहता, बाजे : श्री बल देव मेहता, पति : श्री संजय कुमार मेहता
ठेगाना : सुनसरी जिल्ला कण्तानगंज गा.पा. वडा नं ५, हाल देवानगंज वडा नं ३ सुनसरी
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री चन्द्रिका कुमारी मेहतालाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता न.प्र. १ ०२ ००२ ह ८६०९ च्यासिस नं MBX0005AFXA792942 ईन्जिन न. TBPAXAW3001988 ।

७. ऋणी : श्री सर्वन कुमार राम (ना.प्र.नं. ०५२०६१/१३३५१, जारी स्थान/मिति : मोरङ्ग, २०७०/२/७)
बाबु : श्री वालेश्वर राम, बाजे : श्री बुधु राम
ठेगाना : मौरङ्ग जिल्ला सोराभाग गा.पा. वडा नं. ८ हाल धनपालथान वडा नं. ३
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सुलेखा कुमारी मोची राम, बाबु : श्री शिव लाल मोची, पति : श्री सर्वन कुमार राम
(ख) श्री सर्वन कुमार राम, बाबु : श्री वालेश्वर राम, बाजे : श्री बुधु राम
ठेगाना : मौरङ्ग जिल्ला धनपालथान गा.पा. वडा नं. ३
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री सर्वन कुमार रामलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता नं. को २ ह २८७३ च्यासिस नं. MBX0002JFWF663657 ईन्जिन नं. TBPEMFW3018027 ।

८. ऋणी : श्री अरब साहु तेली (ना.प्र.नं. ०६३०१३/१९७३, जारी स्थान/मिति सुनसरी, २०६३/११/१७)
बाबु : श्री राजकिशोर साह, बाजे : श्री अलखु साह
ठेगाना : सुनसरी जिल्ला तनमुना वडा नं. ४ हाल सुनसरी जिल्ला दुहवी वडा नं. ११
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री पुनम कुमारी साह तेली, बाबु : श्री राजकिशोर साह, पति : श्री अरब साहु तेली
(ख) श्री अरब साहु तेली, बाबु : श्री राजकिशोर साह, बाजे : श्री अलखु साह
ठेगाना : सुनसरी जिल्ला तनमुना वडा नं. ४ हाल सुनसरी जिल्ला दुहवी वडा नं. ११
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री अरब साहु तेलीलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता नं. को २ ह ४०६८ च्यासिस नं MBX0002JFWH703002 ईन्जिन न. TBPEMHW3020466 ।

९. ऋणी : श्री वलराम राजवंशी (ना.प्र.नं. १६६६२ जारी स्थान/मिति मोरङ्ग २०५१/१०/८)
बाबु : श्री वैशाखु राजवंशी, बाजे : श्री फुलेसा राजवंशी
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री मुन्नी कुमारी राजवंशी, बाबु : श्री लक्ष्मी प्रसाद राजवंशी, पति : श्री वलराम राजवंशी
(ख) श्री वलराम राजवंशी, बाबु : श्री वैशाखु राजवंशी, बाजे : श्री फुलेसा राजवंशी
ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं ५
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री वलराम राजवंशीलाई ऋणि कायम गरी १ नं. प्रदेश यातायात व्यवस्था कार्यालय, सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER टेम्पो सवारी दर्ता नं. को २ ह ७०३८ च्यासिस नं MBX0002JFWK729099 ईन्जिन नं. TBPEMJW3022059 ।

१०. ऋणी : श्री नन्दलाल सिंह कोईरी (ना.प्र.नं. ५२९३७, जारी स्थान/मिति मोरङ्ग, २०५७/७/२)
बाबु : श्री सन्फुल सिंह काईरी, बाजे : श्री गोना सिंह
ठेगाना : मोरङ्ग जिल्ला कटहरी वडा नं. ९ हाल मोरङ्ग जिल्ला कटहरी वडा नं. ४
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री चित्रलेखा कुमारी सिंह, बाबु : श्री नारायण सिंह कोईरी, पति : श्री नन्दलाल सिंह कोईरी
(ख) श्री नन्दलाल सिंह कोईरी, बाबु : श्री सन्फुल सिंह काईरी, बाजे : श्री गोना सिंह
ठेगाना : मोरङ्ग जिल्ला कटहरी वडा नं. ९ हाल मोरङ्ग जिल्ला कटहरी वडा नं. ४
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री नन्दलाल सिंह कोईरीलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता नं. को २ ह ५०९२ च्यासिस नं. MBX0002JFWH706559 ईन्जिन नं. TBPEMHW3020316 ।

नेपालगंज शाखा :

ऋणी : श्री अनु बुढा घर्ति मगर (ना.प्र.नं. ६६-०१-७१-०२५९२ जारी जिल्ला/मिति बाँके २०७१/४/२९)
बाबु : श्री नन्द बहादुर बुढा, ससुरा : श्री दिलीप बहादुर घर्ति, पति : बिनोद घर्ति मगर
ठेगाना : बाँके जिल्ला बेलभार गा.वि.स. वडा नं. ५ हाल जानकी गा.पा. वडा नं. २ बाँके
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बिनोद घर्ति मगर, बाबु : श्री दिलीप बहादुर घर्ति, बाजे : श्री कबे घर्ति मगर
ठेगाना : बाँके जिल्ला बेलभार गा.वि.स. वडा नं. ५ हाल जानकी गा.पा. वडा नं. २ बाँके
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री अनु बुढा घर्ति मगरलाई ऋणि कायम गरी लुम्बिनी प्रदेश यातायात व्यवस्था कार्यालय, बाँकेमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता नं. भे १ ह ४६८६ च्यासिस नं MBX0002JFWK741300 ईन्जिन नं. TBPEMKW3023136 ।

मसुरिया शाखा :

१. ऋणी : महाबिर कामी (ना.प्र.नं. ५०६०२ जारी मिति/जिल्ला २०५९/८/२७ कैलाली)
बाबु : श्री चौठे कामी, बाजे : श्री दिलु कामी
ठेगाना : गोदावरी न.पा. वडा नं. ८ बन्दगडा कैलाली हाल गोदावरी न.पा. वडा नं. ४ बन्दगडा कैलाली
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बेलु देवी कामी (ना.प्र.नं. ६७-०१-७०-१००८० जारी मिति/जिल्ला २०७०/१२/१० कैलाली)
बाबु : श्री गारे लोहार, ससुरा : श्री चौठे कामी, पति : श्री महाबिर कामी
(ख) श्री महाबिर कामी (ना.प्र.नं. ५०६०२ जारी मिति/जिल्ला २०५९/८/२७ कैलाली)
बाबु : श्री चौठे कामी, बाजे : श्री दिलु कामी
ठेगाना : गोदावरी न.पा वडा नं. ८ बन्दगडा कैलाली हाल गोदावरी न.पा. वडा नं. ४ बन्दगडा कैलाली
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री महाबिर कामीलाई ऋणी कायम गरी सेति अञ्चल यातायात व्यवस्था विभागको कार्यालय कैलालीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु गाडी नं. सु.प.प्र. ०१ ००१ ह ३३९६ कम्पनी मोडेल PIAGGIO THREE WHEELER च्यासिस नं. MBX0005AFXD845267 र इन्जिन नं. TBPAXCW3004350 ।

२. ऋणी : श्री दिपक राज चौधरी (ना.प्र.नं. ६७१०२२/७५६० जारी मिति/जिल्ला २०६७/१०/११ कैलाली)
बाबु : श्री जलबिर चौधरी, बाजे : श्री झमला चौधरी
ठेगाना : गदरीया गा.वि.स. वडा नं. ८ कैलाली हाल कैलारी गा.पा. वडा नं. ८ कैलाली
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बिमला चौधरी (ना.प्र.नं. ६७-२५-७०-००१३८ जारी मिति/जिल्ला २०७०/२/९ कैलाली)
बाबु : श्री बाधुराम चौधरी, ससुरा : श्री झमला चौधरी, पति : श्री दिपक राज चौधरी
(ख) श्री दिपक राज चौधरी (ना.प्र.नं. ६७१०२२/७५६० जारी मिति/जिल्ला २०६७/१०/११ कैलाली)
बाबु : श्री जलबिर चौधरी, बाजे : श्री झमला चौधरी
ठेगाना : गदरीया गा.वि.स. वडा नं. ८ कैलाली हाल कैलारी गा.पा. वडा नं. ८ कैलाली
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री दिपक राज चौधरीलाई ऋणी कायम गरी सेति अञ्चल यातायात व्यवस्था विभागको कार्यालय कैलालीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु गाडी नं. सु.प.प्र. ०१ ००१ ह ३५७९ कम्पनी मोडेल PIAGGIO THREE WHEELER च्यासिस नं. MBX0002JFWK732714 र ईन्जिन नं. TBPEMJW3022465 ।

३. ऋणी : श्री नविन बम (ना.प्र.नं. ६८१०२१/१५३३ जारी मिति/जिल्ला २०६८/४/११ डोटी)
बाबु : श्री हरि सिं बम, बाजे : श्री कालु सिं बम
ठेगाना : गोदावरी न.पा. वडा नं. ८ जमुनानगर कैलाली
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बिष्ना बम, (ना.प्र.नं. ६७-०१-७३-०८१९७ जारी मिति/जिल्ला २०७३/८/१७ कैलाली)
ससुरा : श्री हरि सिं बम, पति : श्री नविन बम
(ख) श्री नविन बम (ना.प्र.नं. ६८१०२१/१५३३ जारी मिति/जिल्ला २०६८/४/११ डोटी)
बाबु : श्री हरि सिं बम, बाजे : श्री कालु सिं बम
ठेगाना : गोदावरी न.पा. वडा नं. ८ जमुनानगर कैलाली
कर्जा: विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री नविन बमलाई ऋणी कायम गरी सेति अञ्चल यातायात व्यवस्था विभागको कार्यालय कैलालीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु गाडी नं. सु.प.प्र. ०१ ००१ ह ३३९५ कम्पनी मोडेल PIAGGIO THREE WHEELER च्यासिस नं. MBX0005AFXD845810 र इन्जिन नं. TBPAXDX3006990 ।

४. ऋणी : श्री मोती लाल चौधरी (ना.प्र.नं. ५५३८१ जारी मिति २०६०/९/४ कैलाली)
बाबु : श्री चुलुवा थारु, बाजे : श्री टुकुला थारु
ठेगाना : चौमाला गा.वि.स. वडा न. ५ हाल गौरीगंगा न.पा. वडा नं. १ गोप्का कैलाली
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री संगिता देवि चौधरी (ना.प्र.नं. ६७३०१४/१५०७ जारी मिति २०६३/१०/२१ कैलाली)
ससुरा : श्री चुलुवा थारु, पति : श्री मोती लाल चौधरी
(ख) श्री मोती लाल चौधरी (ना.प्र.नं. ५५३८१ जारी मिति २०६०/९/४ कैलाली)
बाबु : श्री चुलुवा थारु, बाजे : श्री टुकुला थारु
ठेगाना : चौमाला गा.वि.स. वडा न. ५ हाल गौरीगंगा न.पा. वडा न.१ गोप्का कैलाली
कर्जा : विपन्न वर्ग
धितो सुरक्षणको विवरण : श्री मोती लाल चौधरीलाई ऋणी कायम गरी सेति अञ्चल यातायात व्यवस्था विभागको कार्यालय कैलालीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु गाडी नं. सु.प.प्र. ०१ ००१ ह ३९०९ कम्पनी मोडेल PIAGGIO THREE WHEELER च्यासिस नं. MBX0005AFXD845223 र इन्जिन नं. TBPAXDX3007856 ।

५. ऋणी : श्री रामचरण चौधरी (ना.प्र.नं. २७५४६ जारी मिति २०५५/१०/६ कैलाली)
बाबु : श्री छेदु थारु, बाजे : श्री जोधु थारु
ठेगाना : चौमाला गा.वि.स. वडा नं. ३ हाल गौरीगंगा न.पा. वडा नं. १ लठैया कैलाली
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री सिता देवी चौधरी (ना.प्र.नं. ६७३०१४/७२६ जारी मिति २०६३/१०/१२ कैलाली)
ससुरा : श्री छेदु थारु, पति : श्री राम चरण चौधरी
(ख) श्री रामचरण चौधरी (ना.प्र.नं. २७५४६ जारी मिति २०५५/१०/६ कैलाली)
बाबु : श्री छेदु थारु, बाजे : श्री जोधु थारु
ठेगाना : चौमाला गा.वि.स. वडा नं. ३ कैलाली हाल गौरीगंगा न.पा. वडा नं. १ लठैया कैलाली
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री राम चरण चौधरीलाई ऋणी कायम गरी सेति अञ्चल यातायात व्यवस्था विभागको कार्यालय कैलालीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु गाडी नं. सु.प.प्र. ०१ ००१ ह ३५९४ कम्पनी मोडेल PIAGGIO THREE WHEELER च्यासिस नं. MBX0005AFXD845313 र ईन्जिन नं. TBPAXDX3006470 ।

महेन्द्रनगर शाखा :

ऋणी : श्री कमल सिंह महर, बाबु : श्री मान सिंह महर, बाजे : श्री जसुवा महर
ठेगाना : दार्चुला जिल्ला तपोवन गा.वि.स. वडा नं. ८ हाल कञ्चनपुर जिल्ला शुक्लाफाँटा न.पा. वडा नं. ८ पारिफाँटा
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री मन्जु कुमारी महरा, ससुरा : श्री मान सिंह महर, पति : श्री कमल सिंह महर
(ख) श्री कमल सिंह महर, बाबु : श्री मान सिंह महर, बाजे : श्री जसुवा महर
ठेगाना : कञ्चनपुर जिल्ला झलारी गा.वि.स. वडा नं. ४ हाल कञ्चनपुर जिल्ला शुक्लाफाँटा न.पा. वडा नं. ८ पारिफाँटा
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री कमल सिंह महरलाई ऋणी कायम गरि यातायात व्यवस्था कार्यालय महेन्द्रनगर कञ्चनपुरमा दर्ता रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु मोडेल PIAGGIO THREE WHEELER गाडी सवारी दर्ता नं. सु.प.प्र. ०२ ००१ ह १६२२ ईन्जिन नं. TBPEMGW3018825 च्यासिस नं. MBX0002JFWG685485 ।

रुपनी शाखा :

१. ऋणी : श्री बेचन साह तेली, बाबु : श्री खटर साह तेली, बाजे : श्री रामचरण साह
ठेगाना : सप्तरी जिल्ला पातो गा.वि.स. वडा न.३ हाल डाक्नेश्वरी न.पा. वडा नं. ५
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री सुकुमारी कुमारी साह, बाबु : श्री आनन्दी साह तेली, ससुरा : श्री रामचरण साह
(ख) श्री बेचन साह तेली, बाबु : श्री खटर साह तेली, बाजे : श्री रामचरण साह
ठेगाना : सप्तरी जिल्ला पातो गा.वि.स. वडा नं. ३ हाल डाक्नेश्वरी न.पा.वडा नं. ५
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री बेचन साह तेलीलाई ऋणि कायम गरी सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालय लाहान सिरहामा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु मोडल PIAGGIO THREE WHEELER सवारी दर्ता नं. प्र २ ०१ ००१ ह ०३४८ च्यासीस नं. MBX0005AFXA789088 र इन्जिन नं. TBPAXAW3001791 ।

२. ऋणी : श्री शम्भु साह, बाबु : श्री मंगल साह, बाजे : श्री टिमाइ साह तेली
ठेगाना : सप्तरी जिल्ला विष्णुपुर गा.वि.स. वडा नं. २ हाल बिसनुपुर गा.पा. वडा नं. ७
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री अगरमैन देवी साह, बाबु : श्री राम प्रसाद साह, ससुरा : श्री मंगल साह
(ख) श्री शम्भु साह, बाबु : श्री मंगल साह, बाजे : श्री टिमाइ साह तेली
ठेगाना : सप्तरी जिल्ला विष्णुपुर गा.वि.स. वडा नं. २, हाल बिसनुपुर गा.पा. वडा नं. ७
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री शम्भु साहलाई ऋणि कायम गरी सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालय लाहान सिरहामा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता नं स १ ह ३७९१ च्यासिस नं. MBX0002JFWJ721040 ईन्जिन नं. TBPEMJW3021822 ।

३. ऋणी : श्री रीता कुमारी (ना.प्र.नं. १६-०१-७२-०१८३१ जारी मिति २०७२/३/३ सप्तरी)
बाबु : श्री जगरुप यादव, पति : श्री घनश्याम यादव
ठेगाना : सप्तरी जिल्ला मल्हनियाँ गा.वि.स. वडा नं. २ हाल सप्तरी जिल्ला बलान बिहुल गा.पा. वडा नं. १
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री घनश्याम यादव, बाबु : श्री सेवुआ यादव, बाजे : श्री खुसियाही यादव
(ख) श्री रीता कुमारी, बाबु : श्री जगरुप यादव, पति : श्री घनश्याम यादव
ठेगाना : सप्तरी जिल्ला मल्हनियाँ गा.वि.स. वडा नं. २ हाल सप्तरी जिल्ला बलान बिहुल गा.पा. वडा नं. १
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री रीता कुमारीलाई ऋणि कायम गरी सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालय लाहान सिरहामा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER गाडी, सवारी दर्ता नं. प्र २ ०१ ००१ ह ०४२० च्यासिस नं. MBX0005AFXB812647 ईन्जिन नं. TBPAXAW3002341 ।

जनकपुर शाखा :

१. ऋणी : श्री संजिव कुमार यादव (ना.प्र.नं. ०४३३४९२८ जारी मिति २०६३/७/१, महोत्तरी)
बाबु : श्री महेन्द्र यादव, बाजे : श्री प्रभंस यादव
ठेगाना : बगडा गा.वि.स. वडा नं. ५ दाड हाल लोहरपट्टी न.पा. वडा नं. १ महोत्तरी
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री ममता देवी (ना.प्र.नं. १८३०४०।५७० जारी मिति २०६३/११/६, महोत्तरी)
बाबु : श्री कपलेश्वर यादव, ससुरा : श्री महेन्द्र यादव, पति : श्री संजिव कुमार यादव
(ख) श्री संजिव कुमार यादव (ना.प्र.नं. ०४३३४९२८ जारी मिति २०६३/७/१, महोत्तरी)
बाबु : श्री महेन्द्र यादव, बाजे : श्री प्रभंस यादव
ठेगाना : बगडा गा.वि.स. वडा नं. ५ दाड हाल लोहरपट्टी न.पा. वडा नं. १ महोत्तरी
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री संजिव कुमार यादवलाई ऋणि कायम गरी जनकपुर अञ्चल यातायात कार्यालयमा यस बैंकको नाममा दर्ता कायम रहेको मोडेल PIAGGIO APE CITY सवारी दर्ता नं. प्र २ ०२ ००१ ह १०५३ च्यासिस नं. MBX0004FFXK936162 इन्जिन न. AMBAFKX3001259 ।

२. ऋणी : श्री मो. हुसैन नदाफ (ना.प्र.नं. १८१०२५/३२ जारी मिति २०६४/७/२२, महोत्तरी)
बाबु : श्री गफुर नदाफ, बाजे : श्री मोलवी नदाफ
ठेगाना : गोनरपुरा गा.वि.स. वडा नं. ०२ हाल महोत्तरी गा.पा. वडा नं.६ महोत्तरी
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री गफुर नदाफ (ना.प्र.नं. १८३०२५/६५०
जारी मिति २०६३/१०/२३, महोत्तरी)
बाबु : श्री मोलवी नदाफ, बाजे : श्री रुदल नदाफ
(ख) श्री मो. हुसैन नदाफ (ना.प्र.नं. १८१०२५/३२
जारी मिति २०६४/७/२२, महोत्तरी)
बाबु : श्री गफुर नदाफ, बाजे : श्री मोलवी नदाफ
ठेगाना : गोनरपुरा गा.वि.स. वडा नं. १ हाल महोत्तरी गा.पा.
वडा नं. ६ महोत्तरी
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री मो. हुसैन नदाफलाई ऋणि कायम गरी जनकपुर अञ्चल यातायात व्यवस्था कार्यालय

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १ साउन ०८०

आर्थिक वर्ष ०७९/८० मा सरकारी ढुकुटी ५४ अर्बले घाटामा, ऋण दुई खर्ब थपियो

सरकारको कुल प्राप्ति करिब १३ खर्ब ८१ अर्ब र कुल खर्च १४ खर्ब ३५ अर्ब हाराहारी छ

कृष्ण रिजाल/नयाँ पत्रिका

आर्थिक वर्ष ०७९/८० मा संघीय सरकारको सञ्चित कोष करिब ५४ अर्बले घाटामा गएको छ। प्राप्तिभन्दा खर्च बढी भएपछि कोष घाटामा गएको हो। यसै वर्ष सार्वजनिक ऋण करिब दुई खर्बले बढेको छ। यससँगै सरकारको ऋण २२ खर्ब हाराहारी पुगेको छ।

यस आर्थिक वर्ष सरकारको बजेट कार्यान्वयन निकै कमजोर देखिएको छ। बजेटले लिएका कुनै पनि लक्षित अंक हासिल हुन सकेको देखिएन। सरकारले न त लक्ष्यअनुसार राजस्व उठाउन सक्यो, न त खर्च गर्न नै सक्यो। सरकारले लक्ष्यअनुसार खर्च गर्न नसक्दा पनि राजस्वमा भएको ऐतिहासिक क्षयीकरणका कारण सञ्चित कोष घाटामा गएको हो।

अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, भन्सार विभाग, आन्तरिक राजस्व विभाग र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त अपरिष्कृत तथ्यांकले यस वर्ष सरकारको सञ्चित कोष घाटामा जानुका साथै सार्वजनिक ऋण उल्लेखनीय दरमा बढेको देखाएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

अर्थ मन्त्रालयबाट प्राप्त तथ्यांकअनुसार आर्थिक वर्ष ०७९/८० मा सरकारले करिब नौ खर्ब ६१ अर्ब राजस्व संकलन गर्न सकेको छ। जुन वार्षिक लक्ष्य १४ खर्ब तीन अर्बको ६८.५ प्रतिशतबराबर हुन आउँछ। अघिल्लो आर्थिक वर्षमा सरकारले ११ खर्ब १३ अर्ब राजस्व संकलन गरेको हो। तर, यस वर्ष गत वर्षको भन्दा पनि कम राजस्व संकलन भएको हो।

ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त तथ्यांकअनुसार यस वर्ष सरकारले करिब तीन खर्ब ४५ अर्ब सार्वजनिक ऋण परिचालन गरेको छ। यस वर्ष आन्तरिकतर्फ दुई खर्ब ५५ अर्ब ९९ करोड ऋण परिचालन गरिएको छ। त्यस्तै, बाह्यतर्फ करिब ९० अर्ब ऋण परिचालन भएको छ। सरकारले यस आवमा कुल चार खर्ब ९८ अर्ब ऋण परिचालनको लक्ष्य लिएको थियो। यस अवधिमा सरकारले १५ अर्ब हाराहारी वैदेशिक अनुदान परिचालन गरेको छ। त्यस्तै, अन्य आम्दानी शीर्षकमा ६० अर्ब हाराहारी देखिएको हो।

यस आवमा खर्च भने १४ खर्ब ३५ अर्ब हाराहारी पुगेको छ। खर्चको तथ्यांक पनि अपरिष्कृत हो। चालूतर्फ १० खर्ब आठ अर्ब, पुँजीगततर्फ दुई खर्ब ३६ अर्ब र वित्तीय व्यवस्थातर्फ एक खर्ब ९१ अर्ब खर्च भएको अपरिष्कृत तथ्यांक छ। यस अवधिमा सरकारको कुल प्राप्ति करिब १३ खर्ब ८१ अर्ब हाराहारी देखिएको कार्यालयका एक अधिकारीले जानकारी दिए। त्यस्तै, कुल खर्च १४ खर्ब ३५ अर्ब हाराहारी देखिएको छ। यसबाट सरकारी कोष ५४ अर्बले घाटामा गएको हो। प्राप्ति र खर्चको तथ्यांक अपरिष्कृत भएकाले हिसाब मिलानपछि केही तल-माथि हुन सक्ने उनले बताए।



■ यस्तो छ सरकारी खाता (अपरिष्कृत)

शीर्षक	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशतमा
राजस्व संकलन	१४०३१४	९६१००	६८.५%
ऋण प्राप्ति	४९८२४	३४५००	६९.४%
अनुदान प्राप्ति	५५४६	१५००	२७%
अन्य प्राप्ति	-	६०००	-
चालू खर्च	११८३२३	१००८००	८५.०९%
पुँजीगत खर्च	३८०३८	२३६००	६१.१७%
वित्तीय खर्च	२३०२१	१९१००	८२.२८%
कुल खर्च	१७९३८३	१४३५००	८०%
कुल प्राप्ति	१७९३८३	१३८१००	७७ %

■ पछिल्ला आठ वर्षयताको नेपाल सरकारको सञ्चित कोषको अवस्था

आर्थिक वर्ष	कोषको अवस्था (करोडमा)
०७२/७३ सम्म	-२२६५
०७३/७४	-४८६१
०७४/७५	-५१८०
०७५/७६	-१०७९४
०७६/७७	१४१६
०७७/७८	१०४३३
०७८/८९	४५९४
०७९/८० (अपरिष्कृत)	-५४००
०७९/८० सम्म (अपरिष्कृत)	-१२०५७

■ तीन वर्षपछि सरकारी कोष घाटामा

तीन आर्थिक वर्षपछि सरकारी कोष पुनः घाटामा गएको छ। आर्थिक वर्ष ०७६/७७ यता सरकारी कोष वार्षिक रूपमा बचतमा थियो। खासगरी खर्च गर्न नसक्दा कोष बचतमा पुग्ने गरेको थियो। तर, यस वर्ष भने खर्च गर्न नसक्दा पनि कोष घाटामा गएको हो। यस वर्ष भएको घाटासँगै सरकारी सञ्चित कोषको मौज्दात घाटा करिब एक खर्ब २१ अर्ब हाराहारी पुगेको छ।

आर्थिक वर्ष ०८०/८१
सवा २३ खर्बको बजेट कार्यान्वयनमा



प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनपछिको पहिलो बजेट कार्यान्वयन सुरु भएको छ। संघीय सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड र प्रदेश सरकारहरूको कुल दुई खर्ब ७९ अर्ब ६१ करोडको बजेट १ साउनदेखि कार्यान्वयनमा गएको हो। त्यस्तै, निर्वाचित स्थानीय तहको यो दोस्रो बजेट पनि कार्यान्वयनमा आएको छ। यस वर्ष स्थानीय तहले करिब तीन खर्बको बजेट ल्याएका छन्। समग्रमा तीन तहको कुल बजेट २३ खर्ब ३० अर्ब हाराहारी हुन आउँछ।

संविधान र कानुनअनुसार १५ जेठमा संघीय सरकार, १ असारमा प्रदेश र १० असारमा स्थानीय तहले बजेट ल्याउँछन्। असार मासन्तभित्र बजेट पास गरेर १ साउनदेखि कार्यान्वयनमा जान्छ। यद्यपि, राजस्वमा भएका हेरफेर भने बजेट आएकै दिनदेखि कार्यान्वयनमा जान्छ। प्रदेश र संघीय सरकारको बजेटमा तीव्र विरोध देखिएको थियो। तर, अन्तिमसम्ममा बजेट पास भएर कार्यान्वयनमा गएको छ।

पेट्रोलियममा स्वचालित मूल्य लागू
पूर्ण कार्यान्वयनमा आएमा निगम घाटामा नजाने

नयाँ पत्रिका

सोमबारबाट लागू हुने गरी नेपाल आयल निगमले स्वचालित मूल्य कार्यान्वयनमा ल्याउने भएको छ। स्वचालित मूल्य कार्यान्वयनमा आएसँगै अब सरकारले निगमलाई मूल्य घटाउन दबाब दिन नसक्ने निगमका सहप्रवक्ता पुष्कर कार्कीले बताए। घाटा-नाफामा जे भए पनि इन्धनको मूल्य निर्धारण अब सञ्चालक समितिले नभई निगमले मात्र गर्न पाउने उनको भनाइ छ। उनले भने, 'अब निगमले भारतबाट मूल्य घटेर आए वा बढेर आए पनि डिजेलमा २ प्रतिशत र पेट्रोलमा २ दशमलव ५ प्रतिशत मात्र नाफा राख्न पाउनेछ।' यो नाफा पूर्ण रूपमा लागू भएमा आगामी दिनमा निगम घाटा नजाने उनले बताए।

रसिया र युक्रेनबीचको युद्ध हुँदाजस्तो अन्तर्राष्ट्रिय मार्केटमै मूल्य बढ्दा केही समस्या आउन सक्ला, नभए निगम नाफामै हुने उनको भनाइ छ। अब निगमले सरकारको तीन अर्ब ५० करोड ऋण तिर्न बाँकी छ भने २७ अर्ब आन्तरिक ऋण छ। निगमले हाल तिर्नुपर्ने ऋण तथा अन्य दायित्वबापतको रकम भुक्तानी गर्न तथा निगमको पूर्वाधार विकास, डिपो तथा अग्नि सुरक्षा संरचनाको मर्मत, आधुनिकीकरणलगायतका अत्यावश्यक कार्यका लागि आवश्यक पर्ने पुँजी संकलनका लागि लागत मूल्यका आधारमा नाफा राखिएको निगमको भनाइ छ। एलपी ग्यासमा निगमले कुनै पनि मुनाफा नराखिएको प्रबन्धक निर्देशक थानीले बताए।

भारतीय आयल निगम कर्पोरेसनले अंग्रेजी महिनाको १ र १६ तारिखमा पठाउने नयाँ मूल्य सूचीका आधारमा पेट्रोलियमको मूल्यमा थपघट हुनेछ। यसअघि सरकारले आव ०७९/८० को नीति तथा कार्यक्रममार्फत स्वचालित मूल्य लागू गरे पनि कार्यान्वयनमा आउन सकेको थिएन। नयाँ आर्थिक वर्षबाट भने स्वचालित पूर्ण रूपमा कार्यान्वयनमा आउने नेपाल आयल निगमका प्रबन्धक निर्देश उमेश थानीले जानकारी दिए। उनले भने, 'स्वचालित प्रणालीबाट अब निगम दायाँ-बायाँ हुँदैन, पूर्ण कार्यान्वयनमा ल्याउनेछौं, उपभोक्तालाई पनि मर्का पर्नेछैन।' हवाई इन्धनमा भने निगमको सञ्चालक समितिको बोर्डबाटै मूल्य निर्धारण हुने निगमले जनाएको छ।

डिजेल, पेट्रोल र ग्यासको मूल्य घट्यो

निगमले डिजेल, पेट्रोल र ग्यासको मूल्य घटाएको छ। निगमको आइतबार बसेको सञ्चालक समितिको बैठकले प्रतिलिटर पेट्रोलमा ६ रुपैयाँ, डिजेल र मट्टीतेलमा चार-चार रुपैयाँ घटाएको छ। त्यस्तै, एलपी ग्यासमा प्रतिसिलिन्डर १० रुपैयाँ घटाएको हो। सोमबारबाट काठमाडौंमा पेट्रोल एक सय ६४ रुपैयाँ, डिजेल र मट्टीतेल एक सय ४६ रुपैयाँ कायम हुनेछ।

श्रमिकको न्यूनतम पारिश्रमिकमा जुटेन सहमति

मुना कुँवर/नयाँ पत्रिका

श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धमा श्रमिक र व्यवसायीबीच सहमति जुट्न सकेन। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संयोजकत्वमा गठन भएको न्यूनतम पारिश्रमिक निर्धारण समितिमा श्रमिकको तर्फबाट प्रतिनिधित्व गरेको संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) र व्यवसायीको तर्फबाट प्रतिनिधित्व गरेको उद्योग वाणिज्य संघलगायतका प्रतिनिधिबीच सहमति जुट्न नसकेको हो।

दुवै पक्षको सहमति जुट्न नसकेपछि समिति स्वतः रद्द भएको छ। समितिमा जेटियुसिसीले श्रमिकको न्यूनतम पारिश्रमिक निजामती कर्मचारीसरह २६ हजार तोक्नुपर्ने अडान लिएको थियो। निजी क्षेत्र र सरकारी क्षेत्रका श्रमिकले सरकारलाई बराबर कर भुक्तान गर्नुपर्ने भएपछि सरकारले पारिश्रमिक पनि बराबर तोक्नुपर्ने जेटियुसिसीको दाबी थियो। तर, व्यवसायीले भने आर्थिक मन्दीका कारण श्रमिकको पारिश्रमिक वृद्धि गर्ने नसक्ने बताएको थियो। व्यवसायीले पाँच सयदेखि हजार रुपैयाँसम्म मात्रै पारिश्रमिक वृद्धि गर्ने प्रस्ताव गरेपछि सहमति जुट्न नसकेको समितिमा जेटियुसिसीका तर्फबाट प्रतिनिधित्व गरेका जनक चौधरीले बताए। 'हामीले राखेको माग व्यवसायीले कुनै हालतमा पनि नमान्ने हुनुभयो। हामी पनि यति धेरै विभेद स्विकार्न सक्दैनौं,' उनले भने। दुवै पक्षको अडान कायम भएका कारण समितिको बैठक नै बस्न छाड्यो। अब पारिश्रमिक निर्धारण गर्ने अधिकार सरकारमा निहित छ। सरकारले राष्ट्र बैंकले दिएको मूल्यवृद्धिका आधारमा पारिश्रमिक तोक्न सक्ने उनले बताए।

सरकारले प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक परिमार्जन गर्दै आएको छ। सोही क्रममा १ साउनदेखि लागू हुने गरी आगामी दुई वर्षमा लागि सरकारले अनिवार्य पारिश्रमिक तोक्नुपर्नेछ।

■ श्रमिकको पारिश्रमिक २,१७५ रुपैयाँ बढ्न सक्ने

आगामी दुई वर्षका लागि श्रमिकको पारिश्रमिक दुई हजार एक सय ७५ रुपैयाँ बढ्न सक्ने देखिएको छ। सरकारले गठन गरेको न्यूनतम पारिश्रमिक निर्धारण समितिलाई राष्ट्र बैंकले दिएको तथ्यांकका आधारमा समितिले सो रकमबराबर पारिश्रमिक वृद्धि गर्न सक्ने देखिएको हो। केन्द्रीय बैंकले विगत दुई वर्षमा १४.२ प्रतिशतका दरले मूल्यवृद्धिको भएको तथ्यांक समितिलाई बुझाएको जेटियुसिसीका प्रतिनिधि जनक चौधरीले बताए।

सरकारले दुई वर्षअगाडि श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार तोकेको थियो। सोही रकमलाई मूल्यवृद्धिको दर १४.२ प्रतिशतले गणना गर्दा आउने दुई हजार एक सय ७५ रुपैयाँ थप गरी आगामी वर्षका लागि न्यूनतम पारिश्रमिक तोक्न सकिनेछ। हालको सरकारले तोकेको श्रमिकको पारिश्रमिकमध्ये नौ हजार तीन सय ८५ न्यूनतम पारिश्रमिक हो भने पाँच हजार ६ सय १५ महँगी भत्ता हो। त्यसैले सरकारले वृद्धि गर्ने रकमलाई पनि ६० प्रतिशत न्यूनतम पारिश्रमिकमा थप गर्नेछ भने ४० प्रतिशतलाई महँगी भत्तामा थप गर्नेछ।

वृद्धि हुने दुई हजार एक सय ७५ रकमको ६० प्रतिशत हुन आउने एक हजार तीन सय पाँचलाई हालको न्यूनतम पारिश्रमिक नौ हजार तीन सय ८५ मा थप गरिनेछ। यसरी थपिँदा न्यूनतम पारिश्रमिक १० हजार ६ सय ९० हुनेछ। त्यस्तै, बाँकी ४० प्रतिशत हुन आउने रकम आठ सय ७० रुपैयाँ हालको महँगी भत्ता पाँच हजार ६ सय १५ मा थप गर्दा कुल महँगी भत्ता ६ हजार चार सय ८५ हुनेछ। कुल पारिश्रमिक १७ हजार एक सय ७५ हुनेछ। सरकारले नेपाल राष्ट्र बैंक र तथ्यांक विभागले दिएको तथ्यांकलाई पारिश्रमिक निर्धारणको बलियो आधार बनाउने न्यूनतम पारिश्रमिक निर्धारण समितिका संयोजक एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता डुण्डुराज घिमिरेले बताए।

■ श्रमिकको पारिश्रमिकमा प्रधानमन्त्रीको चासो

सरकारले आगामी वर्षका लागि वृद्धि गर्न लागेको श्रमिकको न्यूनतम पारिश्रमिकको विषयमा प्रधानमन्त्री पुष्पकमल दाहालले चासो देखाएका छन्। प्रधानमन्त्री दाहालले आफूसँग एकपटक छलफल गरेर मात्रै सार्वजनिक गर्न निर्देशन दिएको पारिश्रमिक निर्धारण समितिका संयोजक एवं श्रम मन्त्रालयका प्रवक्ता घिमिरेले बताए। उनका अनुसार समितिले न्यूनतम पारिश्रमिकको खाका तय गरिसकेको छ। तर, प्रधानमन्त्रीसँग छलफल गरेर मात्रै अन्तिम निर्णय गरिने उनले बताए। 'प्रधानमन्त्री आफैंले यस विषयमा छलफल गर्न चाहनुभएको छ। त्यसैले हामी उहाँको पर्खाइमा छौं। साउनको पहिलो सातासम्ममा घोषणा गर्नेछौं। तर, यो साउन १ गतेदेखि नै लागू हुनेछ,' उनले भने।

डेढ वर्षपछि बैंकहरू प्रतिस्पर्धामा

चार वाणिज्य बैंकले ब्याजदर बढाएपछि निक्षेप खोसिने चिन्तामा १५ बैंक, १० ले ब्याजदर घटाउँदा पाँच बैंक तटस्थ

पवन तिमिल्सिना/नयाँ पत्रिका


करिब डेढ वर्षको भद्र सहमति तोड्दै साउनदेखि वाणिज्य बैंकहरू प्रतिस्पर्धामा उत्रिएका छन्। असारसम्म निक्षेपमा एउटै दरमा ब्याजदर पाइरहेका निक्षेपकर्ताले साउनदेखि अलग-अलग दरमा ब्याजदर पाउने भएका छन्। १९ वाणिज्य बैंकहरूमध्ये चारवटाले मुद्दती निक्षेपमा ब्याजदर बढाएका छन्। सीमित बैंकहरूले ब्याजदर बढाउँदा अधिकांश बैंकहरूको निक्षेप खोसिने जोखिम बढेको बैंकरहरू बताउँछन्। यसरी सीमित बैंकहरूमा निक्षेप थुप्रिएमा बाँकी बैंकहरूलाई तरलता व्यवस्थापन र कर्जाको ब्याजदर घटाउन सकस पर्ने उनीहरूको भनाइ छ।

भद्र सहमतिलाई स्थगन गरेर बैंकहरू प्रतिस्पर्धामा जानु सकारात्मक भए पनि ब्याजदरको स्थायित्व पुनः संकटमा पर्ने जोखिम बढेको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए। 'धेरैपछि बैंकहरू प्रतिस्पर्धामा गएको ठीक हो। तर, अब ब्याजदर घट्ने बजारको जुन अपेक्षा थियो, त्यो पूरा नहुने जोखिम बढ्यो,' उनले भने, 'निक्षेपको ब्याजदर घटाउने बैंकहरूलाई कर्जाको ब्याजदर घटाउन मद्दत त पुग्ने भयो। तर, बढी ब्याजदर दिने सीमित बैंकहरूमा निक्षेप थुप्रिने भयो। निक्षेपको ब्याजदर सस्तो बनाउने बैंकहरूलाई कर्जाको ब्याजदर घटाउन झनै समस्या पर्ने देखिन्छ।'

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहाल भने ब्याजदरलाई सकेसम्म बजारमै छाड्नुपर्ने बताउँछन्। विगतमा ब्याजदरलाई स्थायित्व दिन भद्र सहमति गर्नुपर्ने बाध्यता थियो भने अहिले सहज हुँदै गइरहेको अवस्थामा बजारमा छोड्नु स्वाभाविक भएको उनको भनाइ छ।

०७५ मा निक्षेप खोसाखोस हुने स्थिति बनेपछि तत्कालीन गभर्नर चिरञ्जीवी नेपालले बैंकका सिइओहरूलाई बोलाएरै ध्यानाकर्षण गराएका थिए। ०७५ पुससम्ममा मुद्रास्फीति ४.६ प्रतिशतसम्म पुगेको थियो। मुद्रास्फीति न्यून रहेको समयमा पनि बैंकहरूले ब्याजदरमा प्रतिस्पर्धा गरेर १० देखि १३ प्रतिशतसम्म पुऱ्याएपछि राष्ट्र बैंकले बैंकरहरूलाई सतर्क गराएको थियो। केन्द्रीय बैंकबाट चासो बढेपछि बैंकरहरूले ब्याजदरमा मिलेमतो गर्ने भद्र सहमति गरे। दाहाल भन्छन्, 'ब्याजदर सकेसम्म बजारलाई नै छाड्ने हो। अहिले बैंक तथा वित्तीय संस्थाहरूसँग चार खर्ब २० अर्बको कर्जा प्रवाह गर्ने क्षमता छ।

केही बैंकहरूलाई ब्याजदर बढाएर निक्षेप आकर्षित गर्ने ठूलो अवसर प्राप्त भएको छ।' राष्ट्र बैंकले प्रत्येक महिना मुद्दती निक्षेपको नयाँ ब्याजदर सार्वजनिक गर्दा अघिल्लो महिना सबै वाणिज्य बैंकले दिएको ब्याजदरको औसतमा १० प्रतिशत मात्रै परिवर्तन गर्न सक्ने व्यवस्था छ।



■ चार वाणिज्य बैंकले ब्याजदर बढाए

ब्याजदर बढाउनेमा एनएमबि बैंक, एनआइसी एसिया बैंक, नबिल बैंक र कुमारी बैंक छन्। सबैभन्दा बढी ब्याजदर एनएमबि बैंकले मुद्दती निक्षेपमा १०.९८ प्रतिशतसम्म दिएको छ। मुद्दती बचतमा ब्याजदर बढाउनेमा दोस्रोमा एनआइसी एसियाले १०.९३६ प्रतिशतसम्म दिएको छ। तेस्रो स्थानमा रहेको नबिलले अधिकतम १०.४९ प्रतिशत ब्याजदर दिने भएको छ। कुमारी बैंकले १०.०१ प्रतिशत पुऱ्याएको छ। रेमिट्यान्स मुद्दती खातामा निक्षेप जम्मा गरेमा बैंकहरूले १ प्रतिशत विन्दुका दरले थपेर ब्याजदर दिनेछन्।

साधारण बचत खातामा दिने ब्याजदरमा चार वाणिज्य बैंकहरूले वृद्धि गरेका छन्। साबिकमा सबै वाणिज्य बैंकहरूले ७.४ प्रतिशत दिइरहेका थिए। सबैभन्दा बढी एनआइसी एसियाले ८.०७३ प्रतिशतसम्म पुऱ्याएको छ। त्यसपछि एनएमबि बैंकले ७.९८ प्रतिशत, नबिल बैंकले ७.९ प्रतिशत प्रभु बैंकले ७.५ प्रतिशत पुऱ्याएको छ।

■ पाँच बैंक तटस्थ

मुद्दती खातामा दिने ब्याजदरमा पाँच वाणिज्य बैंक तटस्थ देखिएका छन्। मुद्दती खातामा ब्याजदर यथावत् राख्नेमा लक्ष्मी सनराइज बैंक, सिटिजन्स बैंक, ग्लोबल आइएमई बैंक, नेपाल एसबिआई बैंक र नेपाल इनभेष्टमेन्ट मेगा बैंक हुन्। उनीहरूले साबिकको ९.९९ प्रतिशतलाई नै निरन्तरता दिएका हुन्।

साधारण बचतको ब्याजदर यथावत् राख्नेमा कुमारी बैंक, लक्ष्मी सनराइज बैंक, सिटिजन्स बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक र हिमालयन बैंक छन्। उनीहरूले ७.४ प्रतिशतको ब्याजदरलाई नै निरन्तरता दिएका हुन्।

■ १० बैंकले घटाए ब्याजदर

साउनदेखि लागू हुने गरी १० वाणिज्य बैंकले निक्षेपमा ब्याजदर घटाएका छन्। मुद्दती निक्षेपमा ब्याजदर घटाउनेतर्फ सानिमा बैंक, कृषि विकास बैंक, प्रभु बैंक, सिद्धार्थ बैंक, एभरेष्ट बैंक, हिमालयन बैंक, माछापुच्छ्रे बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र स्ट्यान्डर्ड चार्टर्ड बैंकले मुद्दती निक्षेपमा ब्याजदर घटाएका छन्।

अत्यधिक ब्याजदर घटाउनेमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र स्ट्यान्डर्ड चार्टर्ड छन्। यी तीनवटै बैंकहरूले १० प्रतिशतका दरले ब्याजदर घटाएका हुन्। नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको ब्याजदर अधिकतम ८.९९ प्रतिशत कायम भएको छ भने स्ट्यान्डर्ड चार्टर्डको ब्याजदर ८.९५ प्रतिशत पुगेको छ।

माछापुच्छ्रे बैंकले ९.९० प्रतिशतले ब्याजदर घटाएर अधिकतम ब्याजदर ९ प्रतिशत कायम राखेको छ। सानिमा बैंकको अधिकतम ब्याजदर ९.५२ प्रतिशत छ। कृषि विकास बैंकले ४.८ प्रतिशतले ब्याजदर घटाएर ९.५१ प्रतिशत कायम गरेको छ। प्रभु बैंक, सिद्धार्थ बैंक र एभरेष्ट बैंकले ४.९ प्रतिशतले ब्याजदर घटाएर ९.५ प्रतिशत ब्याजदर कायम गरेको छ। त्यस्तै, हिमालयन बैंकले ५ प्रतिशतले ब्याजदर घटाएर ९.४९ प्रतिशत कायम गरेको छ।

साधारण बचततर्फ स्ट्यान्डर्ड चार्टर्ड बैंक र नेपाल एसबिआई बैंकले १० प्रतिशतभन्दा बढी दरले ब्याजदर घटाएका छन्। स्ट्यान्डर्ड चार्टर्डको ब्याजदर १२.८३ प्रतिशतले घटेर ६.४५ प्रतिशत कायम भएको छ भने नेपाल एसबिआई बैंकको ब्याजदर १३.५१ प्रतिशतले घटेर ४ प्रतिशत कायम भएको छ। नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको ब्याजदर भने १० प्रतिशतको सीमामै रहेर घटाइएको छ। एभरेष्ट बैंकले ८.७८ प्रतिशतले ब्याजदर घटाएर ६.७५ प्रतिशत कायम गरेको छ भने माछापुच्छ्रे बैंकले ७.४३ प्रतिशतले घटाएको छ।

बचत खातामा ग्लोबल आइएमई बैंक, कृषि विकास बैंक र सिद्धार्थ बैंकको एउटै दरमा ब्याज पाइन्छ। उनीहरूले ५.४० प्रतिशतले ब्याजदर घटाएर ७ प्रतिशतको ब्याजदर कायम गरेका छन्। सानिमा बैंकले २.७ प्रतिशतले ब्याजदर घटाएर ७.२ प्रतिशत कायम गरेका छन्।

सीमित बैंकहरूले निक्षेप खोस्ने जोखिम बढ्यो

● **सुदेश खालिङ**, प्रमुख कार्यकारी अधिकृत, एभरेष्ट बैंक



धेरैपछि बैंकहरू प्रतिस्पर्धामा गएको ठीक हो। तर, अब ब्याजदर घट्ने बजारको जुन अपेक्षा थियो, त्यो पूरा नहुने जोखिम बढ्यो। ब्याजदर घटाउने बैंकहरूको निक्षेप बढी ब्याजदर दिने बैंकहरूमा थुप्रिने भयो। निक्षेप घट्दै गएपछि कर्जा निक्षेपको अनुपात मिलाउन पनि समस्या हुन सक्छ। जसले कर्जाको ब्याजदर घटाउनमा फेरि बाधा पर्न सक्छ।

ब्याजदर सकेसम्म बजारलाई नै छाड्ने हो

● **भुवन दाहाल**, पूर्वअध्यक्ष नेपाल बैंकर्स संघ



बैंकहरूको ब्याजदर खुला भएको छ, यो राम्रो हो। कुनै समय मुद्रास्फीति ५-६ प्रतिशत रहेका वेलामा बैंकहरूले १० देखि १३ प्रतिशतसम्म निक्षेपको ब्याजदर बढाएपछि राष्ट्र बैंकले बैंकका प्रमुख कार्यकारी अधिकृतहरूलाई बोलाएरै सचेत गराएको थियो। मुद्रास्फीति ५-६ प्रतिशतमा कायम रहेका वेलामा ब्याजदर बढाउँदै जाँदा अर्थतन्त्रलाई नकारात्मक असर पर्ने भन्दै राष्ट्र बैंकले ध्यानाकर्षण गराएपछि बैंकरहरूले भद्र सहमतिको बाटो अपनाएका थिए।

ब्याजदर भनेको सकेसम्म बजारलाई नै छाड्ने हो। अहिले बैंक तथा वित्तीय संस्थाहरूसँग चार खर्ब २० अर्बको कर्जा प्रवाह गर्ने क्षमता छ। अहिले केही बैंकहरूलाई ब्याजदर बढाएर निक्षेप आकर्षित गर्ने ठूलो अवसर प्राप्त भएको छ।

२८ दिनपछि हेवा खोलामा बेलीब्रिज जडान

काठमाडौं/ अविरल वर्षापछि आएको बाढीले पुल बगाउँदा अवरुद्ध बनेको मेची राजमार्ग आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ। ३ असारमा आएको बाढीले मेची राजमार्गअन्तर्गतको हेवा खोलाको पुल बगाएपछि ताप्लेजुङ जिल्लासँग यातायात अवरुद्ध थियो।

सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले पुल बगाएको चार सातामा बेलीब्रिज जडान गरेको बताए। यद्यपि, तत्कालीन समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, मन्त्री प्रकाश ज्वाला र विभागले दुई सातामै बेलीब्रिज जडान गर्ने लक्ष्य लिएका थिए। तर, काम गर्दै जाँदा ढिला भएको बिभागको भनाइ छ।

पुल बगेलगत्तै भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले क्षतिग्रस्त क्षेत्रमा पुगेर तत्काल निर्माण सक्न निर्देशन दिएका छन्। मन्त्रीले निर्देशन दिएको २८ दिनभित्र बेलिब्रिज निर्माण गरी यातायात सञ्चालनमा आएको छ।

निरन्तरको वर्षाले समयमा काम गर्न नदिए पनि २८ दिनभित्र नयाँ बेलिब्रिज निर्माण गरी आइतबारदेखि सवारीसाधन सुचारु गरिएको महानिर्देशक ढकालले बताए। महानिर्देशक ढकाल दुईपटक बाढी प्रभावित क्षेत्रमा गएका थिए। बेलिब्रिज निर्माण सक्नुअघि डाइभर्सन बनाएर यातायात सञ्चालन गरिएको थियो।

आशा लघुवित्त र राष्ट्र उत्थान लघुवित्तको एकीकृत कारोबार



काठमाडौं/ आशा लघुवित्त वित्तीय संस्था र राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाबीच एकीकृत कारोबार सुरु भएको छ। नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न 'घ' वर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाका रूपमा इजाजत पाएको आशा लघुवित्तले राष्ट्र उत्थान लघुवित्तलाई प्राप्ति (एक्विजिसन) गरी आइतबारदेखि एकीकृत कारोबार सुरु गरेको हो।

आशा लघवित्त नुवाकोटमा र राष्ट्र उत्थान लघुवित्त काभ्रेपलाञ्चोकमा दर्ता भएका वित्तीय संस्था हुन्। प्राप्तिपछि बनेको संस्थाको नाम आशा लघुवित्त वित्तीय संस्था लिमिटेड राखिएको जनाइएको छ। एकीकृत कारोबार सुरु गर्न आयोजित कार्यक्रममा आशा लघुवित्तका संस्थापक अध्यक्ष रामबहादुर पाण्डेले रिबन काट्नुका साथै पानसमा बत्ती बालेर उद्घाटन गरेको कम्पनीले जनाएको छ।

कार्यक्रमा दुवै संस्थातर्फका पूर्वअध्यक्ष, सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतहरूलाई प्रमुख अतिथि रामबहादुर पाण्डे तथा कार्यक्रमका सभापति निर्गुणप्रसाद भट्टचनले प्रशंसापत्र प्रदान गरी सम्मान गरेको जनाइएको छ। एकीकृत कारेबारपश्चात् आशा लघुवित्तको चैत मसान्तको वित्तीय प्रतिवेदनका आधारमा संस्थाको कुल चक्ता पुँजी ६४ करोड १६ लाख रुपैयाँ, जगेडा कोष २५ करोड रुपैयाँ, बचत संकलन दुई अर्ब ७५ करोड ३६ लाख रुपैयाँ, कुल लगानीमा रहिरहेको कर्जा आठ अर्ब ७३ करोड १७ लाख रुपैयाँ रहेको जनाइएको छ। त्यस्तै, कुल शाखा संस्था एक सय ५६ र कुल कर्मचारी संख्या ६ सय १२ जना रहेको संस्थाले जनाएको छ।

अभियान लघुवित्तको प्रतिवेदन सर्वसम्मतिले पारित



काठमाडौं/ अभियान लघुवित्तको आव ०७८/७९ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भएको छ। संस्थाका अध्यक्ष बाबुराम थापाको अध्यक्षतामा भएको तेस्रो वार्षिक साधारणसभाले सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरेको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भएको हो।

सभाले सञ्चालक समितिले सर्वसाधारण सेयरधनीको तर्फबाट उमेश दाहाल र नारायणप्रसाद प्रसाईंलाई सञ्चालकमा मनोनीत गरेको निर्णय अनुमोदन गरेको जनाइएको छ। सभामा पछिल्लो समय लघुवित्तमाथि थपिएको चुनौतीका विषयमा छलफल भएको उल्लेख छ। कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार अधिकारीले संस्थाको वर्तमान अवस्था र विद्यमान समस्याका बारेमा जानकारी गराएका थिए।

आव ०७८/७९ मा संस्थाको सबै वित्तीय सूचकांकहरू उत्साहप्रद रहेको साधारणसभामा जानकारी दिइएको थियो। चालू आवमा नै सर्वसाधारणमा सेयर जारी गरेको संस्थाको चुक्ता पुँजी २५ करोड रहेको जनाइएको छ। काभ्रेपलाञ्चोकको पनौतीमा केन्द्रीय कार्यालय रहेको संस्थाले आव ०७८/७९ सम्ममा देशभर २१ जिल्लामा ६० वटा शाखामार्फत सेवा दिँदै आएको जनाएको छ।

नाम परिवर्तन सम्बन्धी सूचना

साविकको "प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड" तथा "महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड" को मिति २०८०/०२/२६ मा सम्पन्न साधारण सभाबाट दुई कम्पनी एक आपसमा गाभिए पश्चात् कम्पनीको नाम "प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड" कायम गर्ने प्रस्ताव पारित भए बमोजिम श्री कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०३/१८ को पत्रबाट प्राप्त स्वीकृती अनुसार कम्पनीको नाम परिवर्तन भई "**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड**" **(Prabhu Mahalaxmi Life Insurance Limited)** कायम गरिएको व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

prabhu Mahalaxmi Life

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
प्रधान कार्यालय कमलादी, काठमाण्डौं | टेलिफोन नं. ०१-५३५२०१२
इमेल : info@pmlil.com | वेभसाइटः www.pmlil.com

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०४/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित **गैह्र बैंकिङ्ग सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/संस्थाबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिने हो सोही मूल्य खोली यस बैंकको **विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा** यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	भक्तपुर	भक्तपुर	१७ घ	९०८	०-३-०-३ (रोपनी)
२	भक्तपुर	कटुन्जे	७ ख	१९७२	०-१०-१-३ (रोपनी)
३	भक्तपुर	मध्यपुर ठिमी	३	१७९	१९०.८० (व.मी.)
४	भक्तपुर	कटुन्जे	७ क	५९५	०-११-०-० (रोपनी)
				६१३	०-६-०-१ (रोपनी)
				६१५	०-४-३-३ (रोपनी)
५	भक्तपुर	मध्यपुर ठिमी	५	२१४	१३.३५ (व.मी.)
				४३९	१०.५० (व.मी.)
				४४१	२७ (व.मी.)
				४४३	४०.६५ (व.मी.)
				४४६	४.२० (व.मी.)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०४/१५ गते १६:०० बजे भित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०४/१६ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाण्डौं
फोन नं. ०१-४४४२९१९/२१, ४४१५७६२
Website: www.siddharthabank.com

चाँगुनारायणका हरेक घरमा एभोकाडो रोपिने

नयाँ पत्रिका



भक्तपुरको चाँगुनारायणमा 'चाँगुनारायण सिटी, एभोकाडो सिटी' अभियान सुरु भएको छ। यसका प्रत्येक घरपरिवारलाई एभोकाडो फलको बिरुवा लगाउन प्रेरित गर्ने र प्रतिघर दुईवटा बिरुवासमेत निःशुल्क प्रदान गर्ने लक्ष्यसहित अभियान सुरु भएको हो।

अभियानका संयोजक नरेश खड्काले भने, 'यस अभियानलाई तीन वर्षसम्म सञ्चालन गरी चाँगुनारायण सिटीलाई एभोकाडो सिटीको पहिचान दिने हाम्रो प्रयास रहनेछ।'

बागमती प्रदेश सरकारको मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार डिपी ढकाल यस अभियानका परिकल्पनाकार रहेको जनाइएको छ। अर्थशास्त्रका ज्ञातासमेत रहेका ढकालले चाँगुनारायणका स्थानीयको आय-आर्जन बढाउन यस्तो योजना अघि सारेपछि यसलाई अभियानकै रूपमा सञ्चालन गर्न लागिएको संयोजक खड्काले बताए। अर्थ-राजनीतिका पुस्तकसमेत लेखेका नेता ढकाल अभियानको मुख्य संरक्षक र उत्प्रेरक रहेको जनाइएको छ।

अभियानका मुख्य संरक्षक ढकालले आफू चाँगुनारायणवासी पनि भएको भन्दै अभियान जनस्तरमा सबै स्थानीयको सहभागिता र पहुँचमा सञ्चालन हुने विश्वास व्यक्त गरे। प्रकृति र पुर्खाको इतिहासले आफ्नो पहिचान बनाएको चाँगुनारायणलाई आफ्नो पुस्ताले एभोकाडो सिटी बनाएर नयाँ पहिचान जोड्न खोजेको उनको भनाइ थियो। यस अभियानले चाँगुनारायणका प्रत्येक घरपरिवारमा कम्तीमा वार्षिक ५० हजार अतिरिक्त आय थपिने दाबी गर्दै उनले चाँगुनारायणको सौन्दर्यकरण र वातावरण संरक्षणमा समेत यसले मद्दत पुऱ्याउने बताए।

कार्यक्रममा चाँगुनारायण क्षेत्रबाट निर्वाचित बागमती प्रदेश सभा सदस्य सुरेश श्रेष्ठले आफूले सोच्दै आएको कुरा कार्यान्वयन गरी ढकालले अभियानकै रूपमा सञ्चालन गरेको बताउँदै अभियानमा आफ्नो पूर्ण साथ र सहयोग रहने बताए। प्रदेश सभा सदस्य भुवनकेशरी श्रेष्ठ 'भावना'ले आर्थिक, सामाजिक सांस्कृतिक रूपान्तरणका लागि जनताले चलाउने अभियानले देश विकासमा टेवा पुग्ने विचार व्यक्त गरिन्।

आइएमई लाइफको सेयर रजिस्ट्रारमा ग्लोबल आइएमई क्यापिटल

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो कम्पनीको सेयर रजिस्ट्रारसम्बन्धी कार्य गर्नका लागि ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई सेयर रजिस्ट्रारमा नियुक्त गरेको छ। सेयर रजिस्ट्रार नियुक्तिसम्बन्धी सम्झौतामा बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयाल र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत पारसमणि ढकालले हस्ताक्षर गरेका हुन्।

कम्पनीले ०७४ असार २० गते नेपाल बिमा प्राधिकरण (तत्कालीन बिमा समिति)बाट जीवन बिमाको कार्य गर्ने इजाजतपत्र प्राप्त गरी मिति ०७४ साउन १ देखि बिमा व्यवसायको कार्य सञ्चालन गर्दै आएको छ। हाल कम्पनीको अधिकृत पुँजी पाँच अर्ब रुपैयाँ रहेको जनाइएको छ। जारी तथा चुक्ता पुँजी चार अर्ब रुपैयाँ रहेको कम्पनीको देशभरमा एक सय ४० शाखा-उपशाखा कार्यालय रहेको जनाइएको छ।

चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म कम्पनीले दुई अर्ब ९८ करोड ५८ लाख रुपैयाँ कुल बिमाशुल्क आर्जन गरेको जनाएको छ। सोही अवधिसम्ममा कम्पनीको जगेडा कोषमा एक अर्ब १० करोड पाँच लाख रुपैयाँ सञ्चिति रहेको तथा जीवन बिमा कोषमा ६ अर्ब सात करोड ७३ लाख रुपैयाँ रहेको जनाइएको छ। कम्पनीको दीर्घकालीन लगानी तथा कर्जा रकम आठ अर्ब चार करोड ७१ लाख रुपैयाँ रहेको उल्लेख छ। कम्पनीले तेस्रो त्रैमाससम्ममा खुद नाफा १८ करोड २४ लाख रुपैयाँ तथा प्रतिसेयर आम्दानी आठ रुपैयाँ ६९ पैसा रहेको जनाइएको छ।

कम्पनीले सर्वसाधारण समूहतर्फ छुट्याएको ४० प्रतिशत अर्थात् एक अर्ब २० करोड रुपैयाँबराबरको सेयर हालै मात्र सार्वजनिक निष्कासन गरी बाँडफाँटसमेत गरिसकेको छ।

व्यावसायिक महिलाका रूपमा भायानेटकी सिइओ बोहरा सम्मानित



काठमाडौं/ इन्टरनेट सेवाप्रदायक भायनेटकी सिइओ सेवा पाठक बोहरा वर्षकै व्यावसायिक महिलाका रूपमा सम्मानित भएकी छिन्। 'स्ट्यान्डर्ड चार्टर्ड प्रिजेन्ट्स न्युजि बिजनेस वुमन समिट एन्ड अवार्ड २०२३' मा आयोजित एक समारोहमा बोहरालाई वर्षको व्यावसायिक महिला २०२३ बाट सम्मानित गरिएको हो।

यो पुरस्कारले बोहराको उत्कृष्ट नेतृत्व र आइएसपी क्षेत्रमा आविष्कार र महिला सशक्तीकरणका लागि अटल प्रतिबद्धता झल्काएको कम्पनीले जनाएको छ। सिइओ बोहराको चार्टर्ड एकाउन्टेन्टदेखि आइएसपी कम्पनीको नेतृत्वसम्मको यात्रामा उनको समर्पण र असाधारण नेतृत्व क्षमताको प्रमाण भएको कम्पनीको दाबी छ।

सन् २०११ मा नेपालमा पहिलोपटक फाइबर टु द होम (एफटिटिएच) प्रविधि पहिलोपटक नेपालमा सञ्चालनमा ल्याउने टोलीको अभिन्न अंगका रूपमा उनले नेपाली घर-घरमा इन्टरनेट जडानको अनुभव गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको कम्पनीले जिकिर गरेको छ।

सिइओ बोहराको मार्गदर्शनमा भायानेट कम्युनिकेसन लिमिटेडले ९० सहरहरूमा आफ्नो नेटवर्क विस्तार गर्नुका साथै ५१ शाखा स्थापना तथा एक हजार पाँच सयभन्दा बढीलाई रोजगारी दिएको कम्पनीले जनाएको छ।

नागरिक लगानी कोषको लाभांश पारित



काठमाडौं/ नागरिक लगानी कोषले सेयरधनीलाई दिने योजना बनाएको २५ प्रतिशत बोनस सेयर वितरण प्रस्ताव पारित भएको छ। कोषको २८औं वार्षिक साधारणभाले २५ प्रतिशत बोनस सेयर र एक दशमलव ३२ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव स्वीकृत गरेको हो।

कोष सञ्चालक समितिका अध्यक्ष प्रा.डा. सूर्यबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको सभाले आव ०७८/७९ को वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गरेको जनाइएको छ। त्यस्तै, लेखा परीक्षकको प्रतिवेदनसहितको ०७९ असार मसान्तको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरणमा छलफल गरी पारित भएको कोषले जनाएको छ।

सभामा कोष सञ्चालक समितिका अध्यक्ष प्रा.डा. थापाले कोषले सञ्चालन गरिरहेको सरकारी, गैरसरकारी एवं निजी प्रतिष्ठानमा नसमेटिएका अन्य क्षेत्रका नेपाली नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूतिसहितको बचत कार्यक्रमले समेट्ने बताएका थिए।

अध्यक्ष प्रा.डा. थापाले कोषले संकलन गरेको बचत रकमलाई राष्ट्रिय गौरवका आयोजनाहरू, पूर्वाधार विकास तथा उत्पादनमूलक क्षेत्रहरू, कोषमा आबद्ध सहभागीलाई सहयोग पुग्ने गरी विभिन्न ऋण सापटीहरू एवं पुँजीबजारका विभिन्न औजारहरूमा लगानी विविधीकरण गरी प्रतिफल अभिवृद्धि गर्न सकिने अवसरका रूपमा रहेको बताए। कोषमा विद्यमान सम्भावना तथा अवसरको उपयोग गर्दै समस्या एवं चुनौतीलाई समाधान गरी लगानीलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्ने उनले प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा कोषका कार्यकारी निर्देशक रमण नेपालले कोषको वस्तुस्थितिबारे जानकारी दिएका थिए। कोषको कारोबारलाई क्रमशः सूचना प्रविधिमैत्री बनाउँदै आगामी दिनमा कोष कारोबारलाई विस्तार गरिने उनको भनाइ थियो।

राष्ट्रिय वाणिज्य बैंकका ११ वटा नयाँ शाखा



बैतडीको पाटन शाखा

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशको विभिन्न स्थानमा ११ वटा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। बैंकले विभिन्न जिल्लामा सेवा विस्तारको आवश्यकता रहेको निष्कर्षसहित शाखा सञ्चालनमा ल्याएको हो।

बैंकले सिराहाको गोलबजार, बैतडीको पाटन, दार्चुलाको गोकुलेश्वर, मोरङको विराटचोक, मकवानपुरको सानोपोखरा, ललितपुरको ग्वार्को तथा मंगलबजार, सुर्खेतको छिन्चु, कालिकोटको रास्कोट, दैलेखको राकम कर्णाली र स्याङ्जाको वालिङमा नयाँ शाखा सञ्चालनमा ल्याएको उल्लेख गरेको छ। नयाँ शाखा सञ्चालनमा आएपछि बैंकको शाखा संख्या दुई सय ८२ पुगेको जनाइएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कर्णाली प्रदेशमा मात्र तीनवटा शाखासहित सहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आमनागरिकमा आधुनिक बैंकिङ सेवा प्रवाह गरिरहेको बताए।

हाल बैंकले ७७ वटै जिल्लाको सदरमुकामसहित दुई सय ८२ शाखा, ६५ एक्सटेन्सन काउन्टर, दुई सय ६९ एटिएम र ९९ शाखारहित बैंकिङमार्फत सेवा दिइरहेको जनाएको छ।

सूर्य नेपालले बजारमा ल्यायो मंगलदीप सयपत्री अगरबत्ती

काठमाडौं/ सूर्य नेपाल प्रालिले नयाँ उत्पादन मंगलदीप सयपत्री पूजा अगरबत्ती बजारमा ल्याएको छ। कम्पनीले नौ इन्चका ४० काँटी अगरबत्ती रहेको आकर्षक प्याकेजिङ बजारमा ल्याएको हो।

प्रत्येक प्याकको मूल्य ५० रुपैयाँ कायम गरिएको कम्पनीले जनाएको छ। यो अगरबत्तीमा सयपत्री फूलको सुगन्ध रहेकाले हरेक शुभ कार्यका निम्ति उपयुक्त हुनका साथै पूजाको पावन अनुभव पनि हुने कम्पनीको दाबी छ। यो अगरबत्तीले उत्कृष्ट गुणस्तरीयता कायम राखी मंगलदीप ब्रान्डप्रति उपभोक्तालाई आकर्षित गर्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

कुमारी बैंकले लक्जमबर्गको संस्थाबाट ऋण लिने

काठमाडौं/ कुमारी बैंक लिमिटेडले लक्जमबर्गमा दर्ता रहेको संस्थाबाट एक करोड अमेरिकी डलर ऋण लिने भएको छ। ऋणका लागि बैंक र नेदरल्यान्डको माइक्रो फाइनान्स एन्हान्समेन्ट फेसिलिटी'बीच व्यावसायिक ऋण सम्झौता भएको हो।

बैंकले लक्जमबर्गको ग्रान्ड डचीको कानुनअन्तर्गत दर्ता भएको माइक्रो फाइनान्स एन्हान्समेन्ट फेसिलिटी लिने ऋण विपन्न वर्ग कर्जाको माग पूर्ति गर्नुका साथै महिला उद्यमीहरूसँग सम्बन्धित साना तथा मझौला उद्यमहरूलाई ऋण प्रदान गरी सशक्तीकरण गर्नका लागि प्रयोग गर्ने जनाएको छ।

हाल बैंकले देशभरमा तीन सय दुई शाखा, ४९ एक्सटेन्सन काउन्टर, तीन सय आठ एटिएम तथा ६३ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ। आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने बैंकले प्रतिबद्धता व्यक्त गरेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लुभु, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/०१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी बैंक लि.) शाखा कार्यालय लुभु, ललितपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणील प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनावाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७४/१०/२२ गते दर्ता नं. १८३१७१/०७४/०७५ तथा आन्तरिक राजस्व कार्यालय चावहिलमा पान नं. ६०६७८८९१५ मा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, जोरपाटी नगरपालिका, वार्ड नं. ०५, गोकर्णेश्वर स्थित रजिष्टर्ड कार्यालय रहेको **एस स्टोन हाउजिङग प्रा.लि.** (सञ्चालक जय नारायण लामिछानेको नाति, देवदत्त लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, नाइलेभारि गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **अग्नी प्रसाद लामिछाने**, ना.प्र.नं. ७६१५/१३७/१४२२०/४२२७७/५१३४२, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जय नारायण लामिछानेको नाति, देवदत्त लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, नाइलेभारि गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **अग्नी प्रसाद लामिछाने** (ना.प्र.नं. ७६१५/१३७/१४२२०/४२२७७/५१३४२, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
२. देवदत्त लामिछानेको नाति, अग्नी प्रसाद लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **सौगात लामिछाने** (ना.प्र.नं. २७-०१-७१-०१६२२, जारी मिति २०७१/०४/२७, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
३. देवदत्त लामिछानेको नाति, अग्नी प्रसाद लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **शुसान्त लामिछाने** (ना.प्र.नं. २७-०१-७६-०२६७४, जारी मिति २०७६/०२/२१, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

धितो सुरक्षणको विवरण:

१. **एस स्टोन हाउजिङग प्रा.लि.** को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं ४ स्थित कित्ता नं. २८८, ४५७९, ४६२५ र ४६२६ क्षेत्रफल क्रमश १४५.५६, ६२०.३९, २२५.०० र ३५ (व.मि.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय लुभु, ललितपुर फोन नं ०१-५५८१५३५

स्वास्थ्य मन्त्रालयकै...

पृष्ठ १ बाट क्रमशः

अत्यावश्यक औषधिको उपलब्धता ठूला सरकारी र निजी अस्पतालमा समेत न्यून रहेको पाइएको हो ।

सन् २०१५ को सर्वेक्षणमा ०.८% स्वास्थ्य संस्थामा मात्रै पाइन्थ्यो निःशुल्क औषधि

निःशुल्क पाउनेपर्ने अत्यावश्यक औषधिको सेवामा ६ वर्षमा पनि सुधार नभएको सर्वेक्षणले देखाएको छ। २०२१ को सर्वेक्षणमा पाँच वर्षको अवधिमा निःशुल्क सबै औषधि दिने स्वास्थ्य संस्था ०.५ प्रतिशत मात्रै थपिएको देखिएको छ। २०१५ मा गरिएको नेपाल हेल्थ फेसिलिटी सर्भेले अत्यावश्यक औषधिको उपलब्धता स्वास्थ्य संस्थामा ०.८ प्रतिशत मात्र थियो । जुन २०२१ को सर्वेक्षणमा ०.५ प्रतिशतले बढेर १.३ प्रतिशत पुगेको छ ।

सरकारले आधारभूत सेवाअन्तर्गत अत्यावश्यक औषधि निःशुल्क वितरण गर्न बर्सेनि प्रत्येक प्रदेश र स्थानीय तहलाई माग गरेअनुसार बजेट दिएको छ । बिरामीको चापअनुसार योजना बनाएर औषधि वितरण गर्न नसक्दा आममानिसको पहुँचमा आधारभूत सेवा पुग्न नसकेको हर्द नेपालको स्वास्थ्य सूचना प्रणालीमा लामो समयदेखि काम गरिरहेका डाटा एनालिस्ट विष्णुप्रसाद दुलाल बताउँछन् । उनका अनुसार निःशुल्क वितरण गर्न खरिद गरिएका औषधिसमेत लामो समय भण्डारण गर्दा बिग्रने र वितरण सन्तुलित नहुँदा आमजनतासम्म औषधि पुग्दैन । औषधिको आवश्यकता मापन गरेर मात्रै औषधि पठाउन नसक्दा समस्या भएको उनी बताउँछन् । 'बजेट निकासा र नियमन गर्ने तथा सेवा दिने संस्थाले आवश्यकता मापन गरेर सेवा प्रवाह नगर्दा समस्या भइरहेको देखिन्छ,' उनले भने ।

गाउँका स्वास्थ्य...

पृष्ठ १ बाट क्रमशः

सकिएको १०-१५ दिन भइसक्यो,' उनले भनिन्, अहिले चेकजाँच गराउन आउनेलाई बाहिरै किनेर खान सल्लाह दिनुपरेको छ ।'

सात महिनाकी गर्भवती करिनाले नजिकै रहेको औषधि पसलमा सय रुपैयाँमा ३० चक्की किनिन् । 'आइरन चक्की निःशुल्क दिन्छ भन्छन्,' उनले भनिन्, 'कहिलेकाहीं पाए पनि अरू वेला औषधि पसलबाट किन्नुपर्छ ।'

भलुवाही मुसहरीकै २४ वर्षीया फुलो सदा जिउ चिलाउन थालेपछि सोही स्वास्थ्य चौकी पुगिन् । चेकजाँच गराएपछि स्वास्थ्यकर्मीले एन्टिएलर्जीको काम गर्ने कटिरिमाजोल औषधिको पुर्जा थमाइदिए । निःशुल्क पाइने एलर्जीका औषधि सदाले पाइनन् । भलुवाही चोकमा रहेको औषधि पसलबाट उनले एन्टिएलर्जीका औषधि खरिद गरिन् ।

भलुवाहीकी ४५ वर्षीया समुद्री कामती जिउ दुख्ने समस्या देखिएपछि तीन दिनअघि नजिकैको भलुवाही स्वास्थ्य चौकी पुगिन् । अहेबले स्वास्थ्य जाँच गरेपछि औषधि लेखिदिए । तर, उनले स्वास्थ्य चौकीबाट बुस्कोपान (दुखाइ कम गर्ने औषधि) लिन पाइनन् । त्यसपछि कामतीले भलुवाही चोकमा रहेको औषधि पसलबाट औषधि खरिद गरिन् ।

भलुवाही स्वास्थ्य चौकीका इन्चार्ज प्रदीप ठाकुरले पछिल्लो पाँच-६ महिनादेखि औषधिको अभाव रहेको बताए । 'निःशुल्क दिनुपर्ने सूचीमा रहेका सिटामोल, जीवनजल, एसिलक, एन्टिबायोटिक सिप्रो, पानीले हुने घाउमा लगाउने कटरिमाजोल, एन्टिएलर्जीका औषधि क्लोरालगायत औषधिको अभाव छ,' ठाकुरले भने, 'नगरपालिकालाई पटकपटक जानकारी गराइसकेका छौं । आजभोलिमै समय बिदै छ ।' दैनिक २०-२५ जना बिरामी स्वास्थ्य चौकी आउने गरे पनि चेकजाँचपश्चात् औषधि भने बाहिरै (मेडिकल)बाट किन्न भन्नुपर्ने अवस्था रहेको उनले सुनाए ।

सिराहा नगरपालिका- ८ मा रहेको आधारभूत स्वास्थ्य चौकीमा पनि जीवनजल पाउन छाडेको छ । चौकीमा ३२ प्रकारका औषधि निःशुल्क वितरण गर्ने भनिए पनि जीवनजल पनि सकिएको अहेव सुनील मण्डलले बताए । एमोक्सोसिलिन २५० एमजी, एसी लक १५० एमजी, बुस्कोपान किराको औषधिदेखि जीवनजल सकिएको उनले बताए ।

मिर्चैया नगरपालिका- २ मल्हनियामा रहेको स्वास्थ्य चौकीमा जीवनजल पाइँदैन । दैनिक २५-३० बिरामी आउने गरे पनि जीवनजल, सिटामोलसहितका केही औषधिको स्टक न्यून भएको इन्चार्ज सुभद्रा पोखरा महानगर स्वास्थ्य महाशाखा प्रमुख कृष्णप्रसाद अर्याल प्रदेश सरकारमातहत रहेकाले आफूहरूले केही गर्न नसक्ने बताए । 'महानगरअन्तर्गत रहेका स्वास्थ्य संस्थालाई औषधि खरिद गरेर दिइएका छौं,' उनले भने ।

गण्डकीको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. नारायण श्रेष्ठले प्रदेश सरकारले निःशुल्क औषधिका लागि वार्षिक पाँच करोड खर्चँदै आएको र आगामी आवका लागि पाँच करोड ५० लाख विनियोजन भएको जानकारी दिए । ९८ प्रकारका औषधिमध्ये संघ, प्रदेश र स्थानीय तहले खरिद गर्ने गरी वर्गीकरण गरिएको र सोहीअनुसार खरिद गरी आवश्यकताका आधारमा स्वास्थ्य संस्थाहरूमा वितरण हुने गरेको उनले बताए ।

उनका अनुसार यसअघि तीन तहका सरकारले आ-आफ्नै ढंगबाट औषधि खरिद गर्ने गरेका थिए । तर, औषधि वर्गीकरण गरेर खरिद गर्ने गरिएको छ ।

कास्कीमा पाँच स्थानीय तह छन् । तीमातहत केही अस्पतालसँगै सहरी स्वास्थ्य केन्द्र, हेल्थ, पोस्ट, स्वास्थ्य चौकी छन् । ९८ प्रकारका औषधि निःशुल्क भनिए पनि कम्पोजिसन मिलाउँदा एक सय ४८ प्रकारका हुन्छन् । तीमध्ये स्थानीय तहले ६९, प्रदेशले ५६ र संघ सरकाले २३ प्रकारका औषधि खरिद गर्ने गरेको प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र गण्डकीका प्रमुख डा. राजीव रिजालले जानकारी दिए । खरिद गरिएका औषधि मागको आधारमा जिल्ला स्वास्थ्य कार्यालयमार्फत स्वास्थ्य संस्थामा वितरण हुने गरेको छ । तीन चरणमा खरिद गरिएकामध्ये नर्सने रोगका औषधि धेरै खपत हुने गरेको उनको भनाइ छ ।

दुर्गमका नागरिकले पाउँदैनन् सरकारले तोकेका निःशुल्क औषधि

सरकारले तोकेका निःशुल्क औषधि दुर्गमका नागरिकले पाउँदैनन् । कैलालीको पहाडी क्षेत्रमा रहेका स्वास्थ्य संस्थामा सरकारले तोकेका निःशुल्कमध्ये अधिकांश औषधि पाइँदैन । स्वास्थ्य संस्थाले उपचारका लागि पुग्ने बिरामीलाई कतिपय औषधि नभएपछि औषधिविनै पठाउने गरेका छन् ।

मोहन्याल गाउँपालिकाको सुगरखाल स्वास्थ्य चौकीमा सरकारले निःशुल्क तोकेकामध्ये करिब २२ प्रकारका औषधि मात्र उपलब्ध छन् । कतिपय आवश्यक औषधि नभएपछि बिरामीलाई अन्यत्रबाट लिन भन्ने गरेको स्वास्थ्य चौकी प्रमुख जयानन्द जैसीले बताए । 'सात-आठ दिनअघिसम्म औषधि सकिएर १०-१२ प्रकारका मात्र थिए । बर्खामा समस्या हुन्छ भनेर गाउँपालिकालाई आग्रह गरेपछि केही औषधि थपिएका हुन्,' उनले भने, 'बढी खपत हुने केही औषधि छन्, निःशुल्क तोकेका सबै औषधि कहिल्यै हुँदैनन् ।'

सुगरखाल स्वास्थ्य चौकीमा दैनिक ८० देखि सयजनासम्म बिरामी



पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका फार्मेसीमा औषधि खरिदका लागि लागेको बिरामी र आफन्तको लाइन । तस्बिर : **रोहितराज पराजुली**

साहले बताइन् । 'बर्खामा रुघाखोकी, ज्वरोलगायतका बिरामी बढेका छन् । जीवनजल पनि सकिएको छ, अरू औषधिको स्टक पनि कम छ,' उनले भनिन् । सिराहा नगरपालिकाले जीवनजल खरिदका लागि टेन्डर को प्रक्रियामा रहेकाले केही दिनमै आपूर्ति हुने जानकारी पाएको इन्चार्ज साहले बताइन् ।

सिराहा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मो. इद्रिसले औषधि खरिद गरेर पालिकामा भण्डार भएको र केही स्वास्थ्य संस्थामा पठाइसकिएको बताएका छन् । भलुवाही स्वास्थ्य चौकीजस्तै सिराहाका धेरैजसो स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधिको अभाव छ ।

निःशुल्क औषधिका लागि सरकारले ससर्त बजेट उपलब्ध गराउँछ । पालिकाले वर्षमा तीन चरणमा औषधि खरिद गर्ने गरेका छन् ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालले लक्षित वर्गलाई मात्र दिन्छ निःशुल्क औषधि

अस्पताल भन्छ– ९८ प्रकारका निःशुल्क औषधिका लागि सरकारबाट बजेट आउँदैन

सरकारले आधारभूत तहको उपचारका लागि औषधि निःशुल्क भनेको छ । तर, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालले १३ लक्षित समूहलाई मात्र ९८ प्रकारका औषधि वितरण गर्दै आएको छ ।

लक्षित वर्गबाहेकका अन्य बिरामीका लागि निःशुल्क औषधि अस्पतालबाट उपलब्ध नहुने अस्पतालका निर्देशक डा. भरत खत्रीले जानकारी दिए । सीमित बजेट रहेको र आन्तरिक स्रोतबाट मात्र सबैलाई औषधि वितरण गर्न नसकिएको उनले बताए ।

अस्पतालमा उपचार गराउने बिरामीले फार्मेसीबाट ९८ प्रकारका औषधि निःशुल्क पाउनुपर्ने हो । तर, प्रदेशकै सबैभन्दा ठूलो अस्पतालमा यो सुविधा छैन । अस्पताल पुगेका बिरामीले सिटामोलसमेत किनेर खानुपर्ने अवस्था छ ।

अस्पतालका सामाजिक सेवा एकाइका इन्चार्ज भीमप्रसाद पौडेलका अनुसार निःशुल्क औषधिका लागि सरकारबाट सामाजिक सेवा एकाइमार्फत १५ लाख र ज्येष्ठ नागरिकका लागि १० लाख गरी वार्षिक रूपमा २५ लाखको हाराहारीमा रकम आउने गरेको छ । १३ समूह (विपन्न, दलित, महिला, जनजाति, अपांगलगायत)लाई मात्र वितरण गर्दा पनि औषधिका लागि वार्षिक रूपमा ६० देखि ७० लाख खर्च हुने गरेको छ । नपुग रकम अस्पतालले आफ्नो आन्तरिक आयबाट व्यहोर्दै आएको उनले जानकारी दिए । निःशुल्क औषधि खरिदका लागि आवश्यक बजेट नेपाल सरकारका निकायबाट नआएका कारण सबैलाई वितरण गर्न नसकिएको पौडेलको भनाइ छ । आवश्यक रकम उपलब्ध भएको खण्डमा आउने सबैलाई सरकारले तोकेको ९८ प्रकारका औषधि निःशुल्क वितरण गर्न सकिने उनले बताए ।

प्रदेश सरकारमातहत रहेको पोखरा- १६ लामाचौरस्थित मातृशिशु मितेरी अस्पतालबाट समेत बिरामीले ९८ प्रकारका निःशुल्क औषधि पाउँदैनन् ।

अस्पतालका प्रमुख डा. धर्मदेव ढकालले निःशुल्क औषधिका लागि अस्पताललाई आउने रकम पोखरा महानगरपालिकाअन्तर्गत आउने र महानगरले आवश्यक रकम नदिएका कारण सबै औषधि खरिद गरेर वितरण गर्न नसकिएको बताए । संघबाट आएको रकम महानगरले भुक्तानी नदिएका कारण समस्या भएको उनको भनाइ छ ।

ढकालका अनुसार प्रदेश सरकारको आपूर्ति केन्द्रले सीमित औषधिका लागि वार्षिक तीन लाख मात्र रकम उपलब्ध गराउने गरेको छ । 'आधारभूत औषधिका लागि मात्र अस्पतालमा वार्षिक २० लाख खर्च हुन्छ, यो रकम आन्तरिक स्रोतबाट जुटाउने हो,' उनले भने, 'प्रदेशले दिएको तीन लाखले ९८ प्रकारका औषधि निःशुल्क दिन सकिँदैन ।'

उपचारका लागि पुग्ने गरेका छन् । विकट क्षेत्र भएकाले मेडिकलमा समेत सबै औषधि नपाइने जैसी बताउँछन् । 'सेवाग्राहीको जानकारीका लागि निःशुल्क पाइने औषधिको सूची टाँसेका छौं । तर, ती सबै औषधि बिरामीले यहाँबाट पाउँदैनन्,' उनले भने ।

जिल्लाकै दुर्गम पण्डौन स्वास्थ्य चौकीमा पनि सरकारले निःशुल्क तोकेकामध्ये अधिकांश औषधि छैनन् । कतिपय औषधि बिरामीले स्थानीय मेडिकलबाट किन्ने गरेका छन् । 'स्रोत-साधनको अभावले धेरै प्रकारका उपचारात्मक सेवा दिने अवस्था पनि छैन । सामान्य प्रकारका केही औषधि मात्र उपलब्ध छन्,' स्वास्थ्य चौकी प्रमुख महेन्द्र शाहीले भने, 'धेरैजसो बिरामी उपचारका लागि तराईतिर जान्छन् ।' औषधि नपाउँदा दुर्गम क्षेत्रका बिरामी बढी मारमा पर्ने गरेका छन् । सहरी क्षेत्रमै रहेका स्वास्थ्य संस्थामा पनि सरकारले तोकेका सबै प्रकारका औषधि उपलब्ध हुँदैनन् ।

आपूर्तिमा समस्या हुँदा हेटौंडा अस्पतालमा निःशुल्क औषधिको अभाव

हेटौंडा अस्पतालमा निःशुल्क औषधिको अभाव रहेको छ । सरकारी अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीबाट सर्वसाधारणले सरकारले तोकेअनुसारका ९८ प्रकारका औषधि पाउन मुस्किल हुन्छ ।

केही दिनअघि हेटौंडा अस्पतालको अनुगमनमा पुगेका स्वास्थ्यमन्त्री मोहन बस्नेतसँग बिरामीले निःशुल्क औषधि नपाएको गुनासो गरेका थिए ।

हेटौंडा अस्पतालका फार्मेसी इन्चार्ज कौशलकुमार गुप्ताले सरकारले तोकेअनुसार ९८ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउनुपर्ने भए पनि आपूर्तिमा समस्या हुने गरेकाले वेलावेला अभाव हुने गरेको बताए । 'हामीकहाँ जति औषधि छ, त्यति मात्र बिरामीलाई दिने हो । कहिलेकाहीं मागेअनुसारको औषधि उपलब्ध हुँदैन,' गुप्ताले भने । तर, अहिले कुन-कुन औषधिको अभाव छ भनेर उनले खुलाउन चाहेनन् ।

तर, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाका कामु निर्देशक वसन्त अधिकारीले हेटौंडासहित कुनै पनि अस्पतालमा औषधिको अभाव नरहेको जिकिर गरे । ९८ प्रकारका नभई ५५ प्रकारका औषधि मात्रै आफूहरूले आपूर्ति गर्ने गरेको उनले सुनाए ।

कर्णाली प्रादेशिक अस्पतालले नै दिँदैन निःशुल्क औषधि

आधारभूत स्वास्थ्य सेवा निःशुल्क र उपचार तथा सेवामा ९८ प्रकारका औषधि निःशुल्क भनिए पनि कर्णाली प्रादेशिक अस्पतालबाट बिरामीले सुविधा पाउँदैनन् । सुर्खेतमा रहेको कर्णाली प्रादेशिक अस्पतालका सूचना अधिकारी विनोद बस्नेतले बजेट अभावका कारण निःशुल्क औषधि दिन नसकिएको बताए । गरिब, असहायका लागि निःशुल्क औषधि उपलब्ध गराउन ३० लाख मात्र बजेट पाएको र त्यहीबाट औषधि वितरण भए पनि सबैलाई निःशुल्क उपलब्ध गराउने अवस्था नरहेको उनले बताए ।

संघीय संरचनाअनुसार तीन तहको सरकार बनेसँगै स्वास्थ्य चौकीहरू आधारभूत स्वास्थ्य केन्द्र भएका छन् । प्राथमिक स्वास्थ्य केन्द्र आधारभूत अस्पताल, जिल्ला अस्पताल कायमै रहेका छन् । अंञ्चल अस्पताल प्रादेशिक अस्पताल बनेका छन् ।

आधारभूत स्वास्थ्य केन्द्रमा ९८ मध्ये ९१ प्रकार, आधारभूत अस्पतालमा ९८ प्रकारका औषधि निःशुल्क दिने सरकारको निर्णय छ । आधारभूत स्वास्थ्य सेवाअन्तर्गत प्रदान गरिने नौवटा सेवा क्षेत्रहरूको सूची तयार गरिएको छ । त्यसैमा नागरिकले निःशुल्क पाउने औषधिको सूची राखिएको छ ।

तर, स्वास्थ्य संस्थामा निःशुल्क भनिएका औषधि पाउन मुस्किल हुने गरेको कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा. रविन खड्काले बताए ।

दक्षिण बागलुङ जोड्ने सडकको पहिरो नियन्त्रणका लागि दुई उपाय सिफारिस

बागलुङमा **नारायण रिजाल**

बागलुङको दक्षिण क्षेत्रलाई जोड्ने बागलुङ-कुस्मिसेरा सडकअन्तर्गत बरेङ-गुल्मीको शान्तिपुर खण्डको पहिरो नियन्त्रणका लागि साढे पाँच करोड बजेट चाहिने भएको छ । सडकअन्तर्गत बागलुङ नगरपालिका-१० भकुन्डे दब्लाङ एक्लेसालमा हरेक वर्ष बर्खामा पहिरोले सडक अवरुद्ध हुन थालेपछि भौगर्भिक अध्ययन गरिएको छ ।

पूर्वाधार विकास कार्यालय बागलुङमार्फत भएको भौगर्भिक अध्ययन प्रतिवेदनले अल्पकालीन र दीर्घकालीन समाधानका दुई उपाय दिएको छ । पहिरोको दिर्घकालिन उपायका लागि अध्ययन अवलोकन गरेको विज्ञको टोलीले पाँच करोड ४८ लाखको लागत निकालेको छ । पूर्वाधार विकास कार्यालय बागलुङका प्रमुख गणेश सुवेदीले तत्काल पहिरो रोक्न अल्पकालीन उपाय अबलम्बन गरिने बताए ।

तत्कालीन समाधान : सडकमाथिबाट आएको पानी तर्काएर नजिकैको खोल्सामा पुऱ्याएमा ५० प्रतिशत पहिरो भर्ने समस्या कम हुने पहिरोसम्बन्धी अध्ययन गरेको संस्था 'एक्सप्लोरल जियोलोजिक कन्सल्टेन्सी'का टिम लिडर डा. प्रकाशदास उलकले बताए । उनका अनुसार तत्कालका लागि पहिरोको माथिल्लो भागमा प्लास्टिक विछ्याएर पानीनजिकैको न्वारेखोलामा पुऱ्याएमा केही हदसम्म पहिरो बग्नबाट रोकिनेछ । टोलीमा सहभागी भूगर्भविद् उमेशचन्द भुसालका अनुसार सात सय मिटर लामो र एक सय ३५ मिटर फराकिलो पहिरो १५ देखि १८ मिटर गहिरो भएर बगेको छ । पहिरोकै कारण जम्मा भएको पुरुवामाटोमा सडक बन्नुका साथै वर्षायामको पानीको उचित व्यवस्थापन हुन नसकेका कारण पहिरो गइरहेको हो ।

दीर्घकालीन समाधान : पहिरोको भन्डै १३ देखि २० मिटर तल मात्र चट्टान रहेकाले दिर्घकालीन समाधानका लागि १० उपाय सुझाइएको छ । पहिरोको भन्डै १३ देखि २० मिटर तल चट्टान भेटिएको भुसालले बताए । पहिरो नियन्त्रणका लागि पाइल फाउन्डेसनसहित पिलर हाल्ने, तारजाली लगाउने, मेसिनरीवाल लगाउने, पानी व्यवस्थापन गर्ने, पानी बग्ने पक्की संरचना बनाउने र इकोप्लानिङ गर्ने विज्ञ टोलीले सुझाव पेस गरेको पूर्वाधार विकास कार्यालय बागलुङका प्रमुख सुवेदीले बताए । अध्ययन टोलीले दुई सय एमएम डायमिटरका ४७ वटा पायल पिलर राख्न सुझाव दिएको छ ।



पहिरोले बर्खामा हरेक वर्ष समस्या

बागलुङ-कुस्मिसेरा सडकको धरैजसो क्षेत्रमा कालोपत्रे छ । तर, बरेङबाट शान्तिपुर शान्तिपुर जोड्ने खण्डमा पर्ने बागलुङ नगरपालिका- १० भकुन्डे दब्लाङ एक्लेसालमा हरेक वर्ष पहिरो जान्छ । पहिरोले सडक अवरुद्ध हुँदा बागलुङको दक्षिण बलेवा क्षेत्र, भकुन्डे, जैमिनी नगरपालिका र बरेङ गाउँपालिका स्थानीयलाई सदरमुकाम पुग्न समस्या हुन्छ । पहिरोले बागलुङ-कुश्मिसेरा सडक खण्ड दुई स्थानमा र कालीगण्डकी करिडोर र कालीगण्डकी नदी-किनार हुँदै गएको भाटेखोला जाने बैकल्पिक सडक पनि एकैसाथ अवरोध गर्दै आएको छ । एउटा पहिरोले चार स्थानमा सडक अवरोध गर्दा दक्षिण बागलुङ जाने यातायातका साधन ठप्प हुने गरेका छन् ।

कृषि सडकका रूपमा ०५६ सालमा बागलुङ बजारदेखि दक्षिणमा कुस्मिसेरा, बरेङ हुँदै छिमेकी जिल्ला गुल्मीको शान्तिपुर सडक निर्माण भएको हो । यसको बैकल्पिक मार्गको रूपमा कालीगण्डकी करिडोरको विकास भइरहेको हो । विगतमा सडक विभागको जिम्मा रहेको यो सडक अहिले गण्डकी प्रदेश सरकार मातहतमा रहेको छ ।

गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भौगर्भिक अध्ययन प्रतिवेदनले औंल्याए अनुसार नै पहिरो नियन्त्रणको काम हुने बताए । 'अध्ययन अनुसन्धानको प्रतिवेदनको आधारमा के गर्न सकिन्छ । त्यो हेरेर आवश्यक पहल थालिने छ, गण्डकी प्रदेश सरकारले यसको दीर्घकालीन समाधानका लागि काम गर्नेछ,' उनले भने, 'स्थानीय सरकारसँग पनि समन्वय गरिनेछ ।'

अन्तरजातीय...

पृष्ठ १ बाट क्रमशः

बताए । 'मेरो दाइ अझै थुनामै छन्, बुबा र एक भाइ भाग्नुपरेको छ, उनीहरूलाई पनि न्याय दिनुपर्छ,' उनको माग छ ।

मनोज रामले आफ्नै श्रीमती बबिता इसरलाई अपहरण गरेको भन्दै व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसुरमा सप्तरी जिल्ला अदालत राजविराजले पुर्पक्षका लागि २४ जेठमा थुनामा पठाउने आदेश गरेको थियो । अन्तरजातीय प्रेमविवाहबाट छुटाउन बबिताका बुबा ललित इसरले छोरी नाबालिग रहेको र अपहरण भएको भन्दै मनोजविरुद्ध मुद्दा दायर गरेका थिए । उनैले पेस गरेको जन्मदर्ताका आधारमा जिल्ला न्यायाधीश रमेशप्रसाद ज्ञवालीले मनोजलाई थुनामा पठाउने आदेश दिएका थिए । जब कि उनीहरूले कपिलवस्तु जिल्ला अदालतमा विवाह दर्ता गर्दा पेस गरेको कागजातमा भने बबिताको जन्मदर्ता फरक थियो । बुबाले आफ्नो नक्कली जन्मदर्ता बनाएर श्रीमान् मनोजलाई जेल हालेको बबिताले बताउँदै आएकी थिइन् । यसबारे पहिलोपटक ६ असारमा नयाँ पत्रिकाले 'कभर स्टोरी' प्रकाशित गरेको थियो ।

मनोजकी श्रीमती बबिताले पनि सर्वोच्चबाट न्याय पाएकोमा खुसी साटिन् । 'हामीले ढिलै भए पनि केही न्याय पाएका छौं, कसैले कसैलाई विवाह गर्दा जातीय विभेद नहोस्,' उनले भनिन् ।

तीन वर्ष प्रेम सम्बन्धमा रहेपछि मनोज र बबिताले ०७९ कात्तिकमा प्रेमविवाह गरेका थिए । त्यसपछि गत जेठमा जिल्ला अदालत कपिलवस्तुमा 'कोर्ट म्यारिज' गरेका थिए । 'कोर्ट म्यारिज' गर्दा अदालतमा पेस गरेको जन्मदर्ता प्रमाणपत्रमा बबिताको जन्ममिति १६ असोज ०५८ छ । जब कि बुबा ललितले भने मुद्दा दर्ता गर्नुअघि अग्निसाइन कृष्णासवरन गाउँपालिका- ४ का वडासचिव कुशेश्वर यादवसँगको मिलेमतोमा बबिताको किर्ते जन्मदर्ता बनाएर जन्ममिति २४ वैशाख ०६७ कायम गरेका थिए, जुन प्रमाणपत्रमा दर्ता मिति भने २५ पुस ०७५ र जारी मिति २२ पुस ०७२ थियो । तर, दर्ता नम्बर पनि थिएन । श्रीमान्लाई जिल्ला अदालतले थुनामा पठाएपछि बबिता विभिन्न अधिकारवादी संस्था चहार्दै न्याय माग्दै सर्वोच्च पुगेकी थिइन् । सर्वोच्चले १० असारमा कारण देखाऊ आदेश जारी गरेको थियो । विपक्षीहरूबाट पनि जवाफ आइसकेर अंग पुगेपछि मुद्दा पेसी चढेको थियो । सर्वोच्चको आदेशसँगै अब मनोज थुनाबाहिरै बसेर मुद्दा लड्न पाउने भएका छन् । सप्तरी जिल्ला अदालतमा मुद्दा विचाराधीन छ ।

एक व्यक्ति...

पृष्ठ १ बाट क्रमशः

थियो । धरौटी बुझाएलगतै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई परिसरबाटै नियन्त्रणमा लिएको छ ।

ललितानिवास परिसरको दुई रोपनी जग्गा उनको नाममा नामसारी भएको भेटिएपछि अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको सिआइबीका एसएसपी दिनेश आचार्यले बताए । तीन महिनादेखि फरार रहेका तुलाधरलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बुधबार पक्राउ गरेको थियो । जिल्ला न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले थुनछेक बहसपछि उनीसँग १५ लाख धरौटी माग्ने आदेश दिएका थिए ।

तुलाधर न्युरोडको देगा बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत हुन् । सो मुद्दाका प्रमुख अभियुक्तमध्ये एक सन्देश शर्मालाई उनले आर्थिक कारोबारमा सघाएका थिए । शर्माले विभिन्न व्यक्तिमार्फत महर्जनको सहकारीमार्फत लेनदेन गरेका थिए । ललितानिवास प्रकरणमा पनि उनको संलग्नता रहेको प्रहरी दाबी छ । 'के आधारमा उनले दुई रोपनी जग्गा पास गरे भन्ने विषयमा हाम्रो अनुसन्धान केन्द्रित छ,' सिआइबीका एक अधिकारी भन्छन्, 'किर्तेमा कुनै पक्षलाई सहयोग गरेको हाम्रो आकलन छ ।' काठमाडौंको नयाँ बजारका उनी पछिल्लो समय स्वयम्भूमा डेरा लिएर बस्दै आएका थिए । तुलाधर पक्राउ परेसँगै ललितानिवास जग्गा हिनामिना प्रकरणमा पक्राउ पर्नेको संख्या १८ पुगेको छ । सिआइबीले संगठित अपराध तथा लिखत किर्ते मुद्दामा अनुसन्धान गरिरहेको छ । यसमा तीन सय ५० भन्दा धेरै व्यक्तिको संलग्नता रहेको सिआइबी अधिकारी बताउँछन् ।

अब जयनगर...

पृष्ठ १ बाट क्रमशः

जयनगर-कुर्था खण्डमा दैनिक दुईवटा रेल आउने र जाने गर्दै आएकामा अब एउटा रेल जयनगरदेखि-भंगहासम्म नै ओहोरदोहोर गर्नेछ । तर, स्थानीयको मागअनुसार समय थपिने नेपाल रेल्वे कम्पनीका प्रबन्ध-सञ्चालक निरञ्जनकुमार झाले बताए ।

भारतीय रेल्वे कम्पनी इरकन इन्टरनेसनलले निर्माण गरेको रेल्वे ट्याक गत १८ जेठमा नेपाल रेल्वे कम्पनीलाई हस्तान्तरण गरेको थियो । तेस्रो चरणमा भंगहादेखि बर्दिबास १७ किलोमिटर रेल विस्तारको लक्ष्य रहे पनि अझै काम सुरु हुन सकेको छैन ।

नेपाल रेल्वे न्यारोगेज सेवा सञ्चालन भएका बखत पनि बिजलपुरासम्म सेवा थियो । तर, ०५२ मा बाढीले बिघहीको पुल भत्काएपछि रेलसेवा जनकपुर-जयनगरमा मात्र सीमित हुन पुगेको थियो ।

ऐतिहासिक कामको शुभारम्भ गर्न पाएँ : मन्त्री ज्वाला

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मधेस मिथिलाको पवित्र भूमिमा रेलसेवाको विस्तार कार्यको शुभारम्भ गर्न पाउँदा आफू गौरवान्वित भएको बताएका छन् । मन्त्री ज्वालाले हाल कुर्था-बिजलपुरा रेलखण्डको शुभारम्भ भएकोमा बिस्तारै नेपालका अन्य विभिन्न स्थानसँग रेलसेवा विस्तार गरिने बताए ।'बिस्तारै नेपालले रेल यातायातको क्षेत्रमा ठूलो फड्को मार्नेछ,' उनले भने । तेस्रो खण्डको रेलसेवा विस्तारका लागि जग्गा अधिग्रहण भई मुआब्जा वितरण अन्तिम चरणमा रहेको मन्त्री ज्वालाले जानकारी दिए । नेपाल रेल्वे कम्पनीका प्रबन्ध-सञ्चालक निरञ्जनकुमार झाले छोटो दूरीको रेलसेवामा मुनाफा कमाउन सक्ने तत्काल अवस्था नरहे पनि सेवा विस्तारसँगै व्यवस्था हुने बताए ।

यस्तो छ रेल्वेको इतिहास

नेपाल रेल्वेको इतिहास १९९४ देखिको छ । तत्कालीन ब्रिटिस शासकले महोत्तरी जंगलबाट सखुवाको गोलिया काठ ओसार्न निर्माण गरेको जनकपुर रेल्वे महोत्तरीको बिजुलपुराबाट भारतको जयनगर ५२ किलोमिटर दूरीमा सञ्चालनमा थियो । तर, ०५९ मा आएको बाढीबाट बिग्ही पुल क्षतिग्रस्त भएयता रेलसेवा जनकपुरदेखि जयनगर २९ किलोमिटरमा सीमित हुन पुगेको थियो । जनकपुर-जयनगरका लागि दैनिक तीन सेवा सञ्चालन हुने गरेको थियो । सुरुमा इन्धनको रूपमा कोइला तथा दाउरा प्रयोग गरी चल्ने रेलले ०१८ देखि यात्रु ओसारपसार कार्यको थालनी गरेको थियो । ०२१ सम्म नेपाल यातायात संस्थानको एउटा शाखाको रूपमा थियो जनकपुर रेल्वे । ०५१ देखि भारत सरकारको सहयोगमा १८ बोगीसहित चारवटा डिजेल पावर इन्जिन प्राप्त भएपछि आधुनिक रेलसेवा सञ्चालन भएको थियो । रेल्वेलाई व्यवस्थित गर्ने उद्देश्यले ०२१ मा नेपाल यातायात संस्थानअन्तर्गत राखियो । ०२५ मा सरकारले यसको नाम जनकपुर-जयनगर रेल्वे राख्यो । रेल्वेको पहिलो प्रबन्धकको रूपमा टेकजंग थापा नियुक्त भएका थिए । ०५८ मंसिर मसान्तमा यातायात संस्थान विघटन भयो र १८ जेठ ०६१ मा रेल्वे सेवालाई नेपाल रेल कम्पनीको रूपमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता गरिएपछि जनकपुर-जयनगर रेल्वे नेपाल रेल्वेको रूपमा हालसम्म चिनिएको छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत रहेको रेल्वे सेवालाई भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत रेल विभाग गठन भएपछि त्यसले हेर्दै आएको छ । जनकपुर रेल्वे व्यवस्थापनले ०६० भदौमा जनकपुर रेल्वे वर्तमान अवस्था र सुधार हुनुपर्ने विषयलाई समेटेर सरकारलाई रिपोर्ट बुझाएको थियो । जसमा ७५ प्रतिशत रेल्वे 'स्लिपर' जीर्ण भइसकेको, सिग्नल र टेलिकम्युनिकेसनको व्यवस्था नभएकाले सूचना आदानप्रदान गर्न कठिनाइ हुने गरेको, इन्जिन र यात्रुवाहक कोचको मर्मत गर्नुपर्नेलगायत विषयप्रति तत्कालीन अवस्थामा ध्यानाकर्षण गराइएको थियो ।

सबैभन्दा कम २ फिट ६ इन्च चौडाइ भएको लिगलाई 'न्यारोगेज', १ मिटर चौडाइलाई 'मिटरगेज' र ५ फिट ६ इन्च चौडा भएको लिगलाई 'ब्रोडगेज' भनिन्छ । लिगको चौडाइ जति बढी भयो, त्यति नै गति र सन्तुलनमा राम्रो हुने रेल्वे प्राविधिकको भनाइ छ । ब्रिटिस स

सोमबार १ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नेपाललाई टाइब्रेकरमा मैत्रीपूर्ण उपाधि

बंगलादेशलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै महिला फुटबल टोलीले दुई मैत्रीपूर्ण खेलको शृंखला जित्यो



नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले बंगलादेशलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै दुई मैत्रीपूर्ण खेलको शृंखला जितेको छ। फिफा डेमा आयोजना भएको मैत्रीपूर्ण खेलको दुईवटै खेलमा नेपाल र बंगलादेशले बराबरी खेलेका थिए। पहिलो खेल १-१ को बराबरी भयो। आइतबार दोस्रो खेलको निर्धारित ९० मिनेटमा समेत नतिजा नआएपछि उपाधिको छिनोफानो टाइब्रेकरबाट भएको हो। ढाकास्थित कमल मैदानमा टाइब्रेकरमा उपाधि हात पार्दा नेपालकी गोलरक्षक अञ्जना रानामगरले उत्कृष्ट प्रदर्शन गरेकी थिइन्।

उनी नेपालकी दोस्रो रोजाइकी गोलरक्षक हुन्। खेलको अन्तिम इन्जुरी समयमा उनी मैदान प्रवेश गरेकी थिइन्। अञ्जनाले कप्तान तथा नियमित गोलरक्षक एन्जिला तुम्बाप्पो सुब्बालाई विस्थापन गरेकी थिइन्। टाइब्रेकरमा उनले बंगलादेशका मारिया मण्डा र सेइली अजिमको प्रहार बचाएपछि नेपालको उपाधि लगभग पक्का भएको थियो। बंगलादेशबाट साम्सुनार र मोनिका चक्माले मात्रै गोल गरे।

नेपालबाट सावित्रा भण्डारी, हिराकुमारी भुजेल, दीपा शाही र अनिता केसीले गोल गरेका थिए। नेपालका मुख्य प्रशिक्षक अनन्तराज थापाले एन्जिलाको कप्तानीमा अनिता केसी, अनिता बस्नेत र रश्मिकुमारी घिसिङलाई पहिलो ११ मा अवसर दिएका थिए। नियमित कप्तान रेनुका नगरकोटे, प्रीति राई र अमिषा कार्की बेन्चमा रहे। उपाधि जितेपछि प्रशिक्षक थापाले दुई मैत्रीपूर्ण खेलबाट खेलाडीले राम्रो अनुभव बटुलेको बताएका छन्। 'बंगलादेशलाई घरेलु मैदानमा हराउँदै उपाधि जित्न सफल भएका छौं,' थापाले भने, 'दुई खेलबाट निकै राम्रो अनुभव बटुल्न पायौं।'

थापाले ६ असोजमा चीनमा हुने १९औं एसियन खेलकुद प्रतियोगिताका लागि मैत्रीपूर्ण खेलले धेरै सहयोग गर्ने प्रतिक्रिया दिएका छन्। '१९औं एसियन खेलकुदका लागि हामीले राम्रो तयारी गरेका छौं,' उनले भने, 'साफ च्याम्पियन टोलीलाई हराएका छौं।' गत वर्षको असोजमा काठमाडौंमा भएको दक्षिण एसियाली महिला फुटबल (साफ)को फाइनलमा बंगलादेशसँग बेहोरेको हारको बदला पूरा भएको प्रशिक्षक थापाले बताए। 'साफ फाइनलमा बेहोरेको हारको बदला लिन सक्यौं, अझ योभन्दा राम्रो तयारी हुँदा अर्को साफ च्याम्पियनसिपमा हामीले उपाधि दाबेदारी दिन सक्छौं।'

६ खेलपछि जित

९ महिनाअघि नेपालले दशरथ रंगशालामा साफ च्याम्पियनसिपको सेमिफाइनलमा भारतलाई हराएको थियो। साफपछिको नौ महिनामा नेपालले ६ खेलपछि जित निकालेको छ। साफपछि नेपालले भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो। गत फागुनको पहिलो साता भएको भारतसँगको खेलमा नेपालले बराबरी नतिजा निकालेको थियो। पहिलो खेल २-२ गोलको बराबरीमा सकिँदा नेपालले भारतलाई दोस्रो खेल गोलरहित बराबरीमा रोकेको थियो। नेपालले चैतमा दशरथ रंगशालामा भियतनामसँग दुई खेल खेल्यो। ओलम्पिक छनोटका लागि भएको दुवै खेलमा नेपाल पराजित भयो। पहिलो खेल ५-१ ले हारेको नेपालले दोस्रो खेलमा सुधारिएको प्रदर्शन गर्दै २-० को सम्माजनक हार बेहोरेको हो।



एसियाडका लागि राम्रो तयारी छ

अनन्तराज थापा
मुख्य प्रशिक्षक, नेपाल

घरेलु मैदानमा बंगलादेशलाई हराउँदै उपाधि जित्न सफल भएका छौं। यो दुई खेलबाट खेलाडीले राम्रो अनुभव बटुले। चीनमा हुने १९औं एसियाडका लागि तयारी पनि हो, हामीले साफ च्याम्पियन टोलीलाई हराएका छौं, यस नतिजाले आगामी खेलमा सहयोग हुनेछ, हामीले बंगलादेशविरुद्ध बदला लियौं।



उपाधि जित्दा खुसी छु

एन्जिला तुम्बाप्पो सुब्बा
कप्तान, नेपाल

गत साफको फाइनलमा व्यहोरेको हारको बदला लियौं। बंगलादेशको घरेलु मैदानमै च्याम्पियन हुँदा धेरै खुसी छु। यो जितले टोलीको मनोबल उच्च भएको छ। अहिले अनुभवी र युवा खेलाडीबीच राम्रो सहकार्य छ। दुई मैत्रीपूर्ण खेलले एसियाडमा राम्रो नतिजा आउने विश्वास छ।

भलिबलका कप्तान हरिहजुर बर्खास्त

आर्मीका आफ्नै खेलाडीलाई अनुशासनमा राख्न नसकेको जनाउँदै राष्ट्रिय टोलीका कप्तानसमेत रहेका हरिहजुर थापालाई नेपाल भलिबल संघले गऱ्यो बर्खास्त



रमेश सुवेदी / नयाँ पत्रिका

नेपाल भलिबल संघले राष्ट्रिय भलिबल टोलीका कप्तान हरिहजुर थापालाई बर्खास्त गरेको छ। संघको शनिबार अबेर राति भएको कार्यसम्पादन समितिको बैठकले थापालाई जिम्मेवारी निर्वाह गर्न नसकेको जनाउँदै कप्तानीबाट बर्खास्त गरेको हो। कार्यसम्पादन समितिले थापासँगै राष्ट्रिय टोलीका खेलाडी धनबहादुर भट्ट क्षेत्रीलाई ६ महिना अन्तर्राष्ट्रिय र घरेलु प्रतियोगिता खेल्न नपाउने गरी प्रतिबन्ध लगाएको छ। साथै, राजेन्द्र विष्ट र धनपति कुँवरलाई समान तीन महिनाको प्रतिबन्ध गरेको संघले जनाएको छ।

सातौं प्रधानमन्त्री पुरुष तथा महिला राष्ट्रिय भलिबल क्लब लिगमा त्रिभुवन आर्मी क्लबमा आबद्ध चारै खेलाडीले अनुशासनहीन गतिविधिमा संलग्न रहेको जनाउँदै कारबाही गरेको संघका महासचिव रोशन श्रेष्ठले नयाँ पत्रिकालाई जानकारी दिएका छन्। २५ असारमा लिगका दौरान गण्डकी प्रदेशविरुद्ध आर्मीले प्रतिस्पर्धा गरेको थियो। सो खेलको तेस्रो सेट चलिरहँदा आर्मीका ती खेलाडीले अनुशासन तोड्दै प्यारापिटमा दर्शकलाई कुटेका थिए।

राष्ट्रिय टोलीमा आबद्ध आर्मीका खेलाडी धनबहादुरले दर्शकदिर्घामै गएर दर्शकलाई मुक्का प्रहार गरेका थिए। धनबहादुरलाई सहयोग गर्न राजेन्द्र र धनपति पनि प्यारापिटमै पुगे। राष्ट्रिय टोलीका कप्तानसमेत रहेका थापाले खेलाडी 'चेन्जिङ प्लेट' बोक्दै आर्मीका खेलाडीलाई उत्तेजित बनाएको संघका महासचिव श्रेष्ठले बताए।

'आर्मीका सबै खेलाडी अनुशासनहीन कार्यमा संलग्न भएपछि कारबाही गरेका हौं, कार्यसम्पादन समितिको प्रतिवेदनअनुसार खेलाडीलाई कारबाही गरिएको हो,' उनले भने, 'थापाले खेलाडीलाई सम्झाउनुपर्ने वेला आफैं उत्तेजित भएर खेलाडीलाई नै अनुशासनहीन कार्यमा प्रोत्साहन गरेको देखियो, कप्तानको भूमिका निर्वाह नगरेकाले उनी बर्खास्तीमा परेका हुन्।' श्रेष्ठका अनुसार राजेन्द्र, धनपति र धनबहादुरले कारबाही अवधिभर भलिबलको कुनै पनि प्रतियोगितामा सहभागी हुन पाउनेछैनन्।

आर्मी तथा राष्ट्रिय टोलीका मिडब्लकर दुर्गाबहादुर खड्कालाई सचेत गराएको छ। गण्डकीसँगको प्रतिस्पर्धामा खेलाडीले अनुशासन तोडेपछि महासचिव श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति बनेको थियो। समितिमा सचिव सुनकेशरी माली, कोषाध्यक्ष श्यामकृष्ण श्रेष्ठ, सदस्य अन्जु श्रेष्ठ र जुनु पुन थिए। समितिले आर्मीका खेलाडी, व्यवस्थापक र कुटाइ खाएका दर्शकसँग बयान लिएको थियो।

दुई रेफ्रीलाई एक सिजन प्रतिबन्ध

संघले गण्डकी र आर्मीबीचको खेलमा रेफ्रीको भूमिका निर्वाह गरेका चित्र गुरुङ र अनिल रानालाई एक सिजनका लागि कारबाही गरेको छ। आगामी एक सिजन संघले आयोजना गर्ने लिग र च्याम्पियनसिपमा दुवैले निर्णायकको भूमिका पाउनेछैनन्। गुरुङ मुख्य रेफ्री र राना सहायक थिए। संघले दुवैलाई खेल नियन्त्रणमा राख्न नसकेको भन्दै कारबाही गरेको महासचिव श्रेष्ठले बताएका छन्। 'दुवै अफिसियललाई खेल नियन्त्रणमा राख्न नसकेकाले कारबाही गरेका हौं, उहाँहरूले संघले आयोजना गर्ने सिजनका दुवै प्रतियोगितामा निर्णायकको भूमिका पाउनुहुन्न,' उनले भने। यसैबीच, कारबाहीमा परेका रेफ्रीले आपत्ति जनाउँदै संघमा ध्यानाकर्षणपत्र बुझाएका छन्। छानबिन समितिले भलिबल कोर्ट सानो रहेको र सुरक्षा व्यवस्थालाई ध्यानमा राख्न निर्देशन दिएको छ।

हरिहजुर दशौं कप्तान

गत ३२ जेठमा संघले हरिहजुरलाई नेपाली राष्ट्रिय भलिबल पुरुष टोलीका दशौं कप्तान बनाएको थियो। नियमित कप्तान इम रानामगर बाहिरिएपछि थापाले कप्तानीको अवसर पाए। उनको कप्तानीमा नेपालले कीर्गिस्तानको बिस्केकमा भएको काभा नेसन्स भलिबल लिगमा सहभागिता जनाएको थियो। प्रतियोगितामा नेपालले एक खेलमा पनि जित निकाल्न सकेन। थापा सन् २०१५ देखि टोलीका मुख्य खेलाडीका रूपमा रहँदै आएका थिए। उनले सन् २०१५ मा ढाकामा भएको पहिलो एभिसी सेन्टुल जोनमा नेपालबाट डेब्यु गरेका थिए। उनले १२औं र १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा समेत खेले। उनले चार संस्करणको एभिसी सेन्टुल जोन भलिबल प्रतियोगिता खेले।

खेल संक्षेप

नेपाल स्की संघमा श्रेष्ठको निरन्तरता

काठमाडौं / नेपाल स्की संघको आइतबार बसेको पाँचौं साधारणसभाले जीवनराम श्रेष्ठकै अध्यक्षतामा १९ सदस्यीय कार्यसमिति चयन गरेको छ। साधारणसभाले ११ सदस्य नै सर्वसम्मत गर्दै नयाँ कार्यसमिति गठन गरेको हो। संघको उपाध्यक्षमा राजाबाबु श्रेष्ठ, शम्भु लामा, माधव अर्याल र रमा भट्टराई चयन भएका छन्। यस्तै, महासचिव विजय श्रेष्ठ, सचिवमा वसन्त कार्की र शान्तामाया परियार कोषाध्यक्षमा जितेन्द्र श्रेष्ठ छन्।

सदस्यमा अर्जुन महर्जन, कृपा श्रेष्ठ, लामाकाजी शेर्पा, रुक्मती जागरी, नाम्म्या ग्याल्जेन वाङ्दी गुरुङ, टासी ग्याल्जेन शेर्पा, वीरबहादुर रावल भोटे, ज्ञानेन्द्रकुमार श्रेष्ठ, फुन्जो लामा र भाइकृष्ण बलामी छन्। नेपाल ओलम्पिक कमिटीका अध्यक्षसमेत रहेका श्रेष्ठले आगामी दिन संघले थप कार्यक्रम गर्ने बताए। उनले नेपालमा स्की आयोजनाका सम्भावित नयाँ स्थानको खोजी गर्ने बताए। संघले राष्ट्रिय खेलकुद परिषद्सँगको समन्वयमा नयाँ खेलकुद ऐनअन्तर्गत संघको स्वायत्तताको मूल सिद्धान्तअनुसार नयाँ कार्यसमिति चयन गरेको हो। संघमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था पनि लागू गरिएको छ।

तेक्वान्दोको साधारणसभा

विराटनगर / नेपाल तेक्वान्दो संघ मोरङको साधारणसभा सम्पन्न भएको छ। विराटनगरमा आर्थिक वर्ष ०७९/८० को आर्थिक र संगठनको प्रतिवेदन पारित गर्दै साधारणसभा सकिएको हो। संघका जिल्ला अध्यक्ष दिवस नेपालले नेपालबाट अन्तर्राष्ट्रियस्तरका खेलमा सहभागिता जनाएको र सबैभन्दा धेरै पदक जित्ने तेक्वान्दो खेलका रूपमा औंल्याए। उनले विभिन्न शीर्षकमा बजेट छुट्याए पनि खेल क्षेत्रमा थोरै आउने गरेको जनाए। 'तेक्वान्दो खेलका लागि भौतिक संरचना र खेल सामग्री अभावमा खेल्दै आएका खेलाडीले पदक जित्दासमेत तीन तहका सरकारले उचित ध्यान दिएका छैनन्,' उनले भने, 'खेल क्षेत्रको विकासमा सरकारले ध्यान दिन जरुरी रहेको छ।'

माउन्टेन स्पोर्टस् आयोजना हुने

काठमाडौं / सन् २०२४ मा नेपालमा माउन्टेन स्पोर्टस् खेल आयोजना हुने भएको छ। दुईदिने माउन्टेन स्पोर्टस् कन्क्लेभमा राष्ट्रिय खेलकुद परिषद् का सदस्यसचिव टंकलाल घिसिङले माउन्टेन स्पोर्टस् गेम्स आयोजनामा नेपालको अवधारणा प्रस्तुत गरेका थिए। कन्क्लेभमा खेल प्रवर्द्धनमा विदेशी नियोग र दूतावास, माउन्टेन स्पोर्टस् गेम्समा अन्तरसरकारी समन्वय, खेल इभेन्टबाट देशको ब्रान्डिङ र प्रदेशमा साहसिक र पर्यटकीय खेलकुद शीर्षकमा सरोकारवाला निकायबीच छलफल भएको थियो। तीन हजार मिटरआसपासको स्थलमा प्रतियोगिता गर्ने भएको छ।

नेपालले भारतविरुद्ध खेल्दै

काठमाडौं / एसिसी इमर्जिङ टिम्स कप क्रिकेट प्रतियोगितामा नेपाली राष्ट्रिय टोलीले भारतको 'ए' टोलीसँग सोमबार प्रतिस्पर्धा गर्दै छ। श्रीलंकामा सञ्चालन भइरहेको प्रतियोगितामा नेपाल मात्र सिनियर टोली पठाउने राष्ट्र हो। नेपाल आफ्नो पहिलो खेलमा पाकिस्तानको 'ए' टोलीसँग चार विकेटले पराजित भएको थियो। नेपालले शीर्ष दुई स्थानको आशा जीवितै राख्न अनुभवी खेलाडीको साथ रहेको भारत 'ए'विरुद्ध उत्कृष्ट प्रदर्शन गर्नुपर्छ।



भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले प्रतियोगितामा पठाएका अधिकांश खेलाडीसँग इन्डियन प्रिमियर लिग (आइपिएल)को अनुभव छ। भारतका कप्तान यश धुल राम्रा खेलाडी हुन्। आइपिएलमा उनी दिल्ली क्यापिटल्समा आबद्ध छन्। उनले पहिलो श्रेणी क्रिकेटमा चारपटक शतक तथा अर्धशतकीय इनिङ्स खेलेका छन्।

अभिषेक शर्मा सनराइजर्स हैदराबादबाट आइपिएल खेल्छन्। सन् २०१८ मा उनले आइपिएलमा डेब्यु गरेका थिए। गत सिजनको आइपिएलमा उनले राजस्थान रोयल्सविरुद्ध ५५ रनको इनिङ्स खेले। यसैगरी, रायन पराग राजस्थानका खेलाडी हुन्। आइपिएलमा आबद्ध खेलाडीमध्ये निशान्त सिन्धु चेन्नई, ध्रुवचन्द जुरेल राजस्थान, नितिश कुमार हैदराबाद र आकाश सिंह राजस्थानमा आबद्ध छन्। आइपिएलका अनुभवी खेलाडीले भरिएको भारतको 'ए' टोलीविरुद्ध नेपालले बलिङ र ब्याटिङमा राम्रो गर्नुपर्नेछ। पाकिस्तानसँग नेपाली खेलाडीले फितलो ब्याटिङ गरेका थिए। सोमपाल कामीले मात्र उत्कृष्ट ब्याटिङ गरेका थिए। भारतसँगको खेलमा नेपालका शीर्ष र मध्यक्रम खेलाडीले ब्याटिङमा धैर्य अपनाउनुपर्छ।

मेक्सिकन समर्थकबीच नै झडप

सान्टा क्लारा / मेक्सिन गोल्डकप फुटबल प्रतियोगितामा घरेलु टोली मेक्सिको र कतारबीच प्रतिस्पर्धा भएको थियो। प्रतिस्पर्धामा कतारले मेक्सिकोलाई १-० ले स्तब्ध पाऱ्यो। लेभी रंगशालामा मेक्सिकन खेलाडी समर्थन गर्न हजारौं समर्थक उपस्थित थिए। घरेलु मैदान र समर्थकबीच मेक्सिकोको अप्रत्याशित हार कसैले विश्वास गर्न सकेनन्। खेलको अन्तिम नतिजा आएसँगै रंगशालाको माहोल एकाएक बिग्रियो। एक समूहले खेलाडीको प्रदर्शनमाथि प्रश्न गरिरहेको थियो। त्यहीं अर्को पक्षले भने खेलाडीको समर्थन गरिरह्यो।



हार सहजै स्वीकार गर्न नसकेकाले खेलाडीको प्रदर्शनको तारिफ गरेका समर्थकमाथि सांघातिक आक्रमण गरेका छन्। सामान्य विवादबाट सुरु भएको दुई पक्षबीचको झडपले ठूलै रूप लिएको थियो। समर्थकहरूले प्यारापिटका कुर्सी उप्काउँदै एक-अर्कामाथि प्रहार गरेका थिए। कतिपय समर्थकले एक-आपसमा मुक्कामुक्कीसम्म गर्न भ्याए। महिला र बालबालिकालाई प्रहरीले सुरक्षित स्थानमा राखेका थिए। सुरक्षाकर्मीले मेक्सिको र कतारका खेलाडीलाई पनि निकै सुरक्षाका साथ ड्रेसिङ रुमसम्म पुऱ्याएका देखिन्थे।

तर, उग्र समर्थकहरूले आफूलाई नियन्त्रणमा राख्न सकेनन्। मेक्सिन प्रहरीका अनुसार केही समर्थकले घरेलु हतियारसमेत ल्याएका थिए। मेक्सिको सान्टा क्लारास्थित लेभी रंगशालामा दुई समर्थकबीचको झडपमा दर्जनौं घाइते भएको छ। धेरैजसो समर्थकको टाउको फुटेको थियो। कतिपय रगताम्य हुँदै बाहिरिए। एक समर्थकले अर्का समर्थकमाथि नै चक्कु प्रहार गरेका थिए। घाइते दर्शकहरूको तत्काले नजिकको अस्पतालमा उपचार गरियो।

चक्कु प्रहार गर्ने हिरासतमा

समर्थकले लगातार १० मिनेटजसो मैदानभित्र बोतल प्रहार गरेका थिए। प्रत्यक्षदर्शीले १० मिनेट रंगशालाभित्र उपद्रो हुँदा प्रहरीले सुरुमा हस्तक्षेप गरेनन्। सान्टा क्लारा प्रहरी बिटले समर्थकलाई सुरुमा सम्झाउने प्रयास गरेको जनाएको छ। यद्यपि, रिसले आगो भएका समर्थकले सुरक्षाकर्मीको कुनै कुरा सुनेनन्। मेक्सिकन टोलीको समर्थन गर्ने समूह थोरै थिए। अर्कोतिर मेक्सिकन खेलाडीको विरोध गर्ने धेरै थिए। यसै कारण थोरै समूह भएका समर्थक धेरै घाइते भए।

यसैबीच, चक्कु प्रहार गर्ने समर्थकलाई प्रहरीले हिरासतमा लिएको एजेन्सीले जनाएको छ। 'प्यारापिटमा समर्थकमाथि नै सांघातिक हमला गर्ने व्यक्ति हिरासतमा छन्,' प्रहरीले जनाएको छ, 'उनी अन्दाजी २५ वर्षका छन्।' घटनाप्रति कन्काकाफ फुटबल एसोसिएसनले रंगशालामा सुरक्षा कमजोर भएको जनाएको छ। 'लेभी रंगशालामा भएको घटना हेर्दा सुरक्षा निकै कमजोर देखियो, यसमा दोषीमाथि कारबाही हुनुपर्छ,' एसोसिएसनले विज्ञप्ति निकाली जनाएको छ, 'कुनै पनि खेलमा सुरक्षा नै पहिलो प्राथमिकता हो, मेक्सिको र कतारबीचको खेलमा सुरक्षा व्यवस्थापन फितलो देखिएको छ।'

मेसी र मियामीबीच तीनवर्षे सम्झौता

फुटबल करिअरकै उत्तरार्द्धमा रहेका अर्जेन्टिनी कप्तान लियोनल मेसीले गरे डेभिड बेकह्यामको लगानीमा रहेको मियामीसँग तीन वर्षको सम्झौता

मियामी / सातपटकको बालोन डिअर विजेता लियोनल मेसीले अमेरिकाको मेजर सकर लिगमा इन्टर मियामीसँग तीन वर्षको सम्झौता गरेका छन्। इंग्लिस फुटबलर डेभिड बेकह्यामको सहलगानीमा रहेको मियामीले मेसीलाई सन् २०२५ को अन्त्यसम्म सम्झौता गरेको एजेन्सीले जनाएको छ। सन् २०२२/०२३ को सिजन समाप्तिसँगै मेसीले फ्रेन्च पेरिस सेन्ट जर्मेन (पिएसजी) सँगको सम्झौता नवीकरण नगरी अमेरिकन सकर लिगमा करिअर समाप्त गर्ने लक्ष्यका साथ अमेरिका रोजेका हुन्।

मियामीसँगको सम्झौतासँगै मेसीले पहिलोपटक करिअरमा युरोपबाहिर फुटबल खेल्ने भएका हुन्। उनको गर्विलो करिअरमा बार्सिलोना र पिएसजीबाट मात्र खेलेका थिए। अब उनको नाम मियामीसँग जोडिएको छ। मेसीले बार्सिलोनामा १७ वर्ष बिताएका थिए। अमेरिकामा फुटबल करिअर सुरुवात गर्न पाउँदा खुसी लागेको उनले बताएका छन्। 'मेरो करिअरको नयाँ पाइला मियामी हो, विशेष गरी अमेरिकामा फुटबल सुरुवात गर्न पाउँदा ज्यादै खुसी लागेको छ,' उनले भने। बेकह्यामले मेसी र क्रिस्टियानो रोनाल्डोलाई क्लबमा भित्र्याउने घोषणा गरेका थिए। बेकह्यामले दुवै खेलाडीलाई ल्याउन नसके पनि कम्तीमा वर्तमान समयकै उत्कृष्ट खेलाडीलाई अनुबन्धित गर्न सफल भएका छन्।

बेकह्यामको सपना पूरा

बेकह्यामले वर्तमान समयकै उत्कृष्ट खेलाडीलाई मियामीबाट खेलाउने आफ्नो सपना पूरा भएको जनाए। 'मैले देखेको सपना पूरा भएको छ, मेसीलाई ल्याउने अहिलेसम्मकै ठूलो सपना थियो, जुन आज पूरा भयो,' हर्षित हुँदै बेकह्यामले भने, 'एक दशकअगाडि मियामीमा नयाँ टिम बनाउने निर्णय गर्दा उत्कृष्ट खेलाडीलाई ल्याउने सपना देखेको थिएँ।' उनले मेसीजत्तिको क्षमतावान् खेलाडीलाई अनुबन्धित गर्न पाउँदा गर्वको महसुस भएको बताए। 'अहिले हामीसँग विश्व च्याम्पियन र यो समयकै महान् खेलाडी छन्,' इंग्ल्यान्डका पूर्वकप्तानसमेत रहेका बेकह्यामले भने, 'मेसी परिवारलाई अमेरिका र मियामीलाई स्वागत छ।'

एक-आपसका प्रतिद्वन्द्वी

मेसी र बेकह्याम कुनै समय युरोपियन लिगमा एक-आपसका प्रतिद्वन्द्वी थिए। मेसीले भर्खर फुटबल सुरुवात गरेको वेला बेकह्याम विश्वकै चर्चित खेलाडी बनिसकेका थिए। मेसी स्पेनिस क्लब बार्सिलोनामा रहँदा बेकह्याम सहरी प्रतिद्वन्द्वी रियल म्याड्रिडमा आबद्ध थिए। सन् २००७ मा बेकह्यामले म्याड्रिड छाड्दै अमेरिकी क्लब ग्यालेक्सीमा आबद्ध भए। सन् २००७ देखि ०१३ सम्म उनी ग्यालेक्सीमै रहे। यसबीचमा उनले पिएसजीबाट पनि खेले। ३६ वर्षीय मेसीले पछिल्ला दुई सिजन पिएसजीबाट ७५ खेलमा ३२ गोल गरे। गत सिजनमा उनले १६ गोल र १६ असिस्ट गरेका थिए।



महँगो रकममा राइस आर्सनलमा

लन्डन / आर्सनलले वेस्टह्यामका डेक्लान राइसलाई एक सय पाँच मिलियन पाउन्डमा अनुबन्ध गरेको छ। इंग्लिस राष्ट्रिय टोलीका मिडफिल्डरसमेत रहेका राइसलाई पाँच वर्षको सम्झौता गरेको आर्सनलले जनाएको छ। यसअघि इंलिस प्रिमियर लिग विजेता म्यानचेस्टर सिटीले राइस भित्र्याउन कोसिस गरेको थियो। वेस्टह्यामले राइसको अनुबन्धित रकम सय मिलियन पाउन्डमाथि राखेपछि सिटी पछाडि हटेको थियो। आर्सनलले वेस्टह्यामको मागभन्दा बढी रकम राखेपछि राइसलाई सहजै भित्र्याउन सफल भएको हो।

गत सिजनमा आर्सनल अन्तिम समयमा इंग्लिस प्रिमियर लिग जित्नबाट वञ्चित भएको थियो। यस सिजनमा राम्रा खेलाडी अनुबन्धित गर्दै लिग जित्ने आर्सनलले योजना बनाएको छ। यसै योजनाअनुरूप राइसलाई हेरिएको छ। 'मैले आर्सनललाई पछ्याइरहेको छु,' राइसले भने, 'मैले यहाँ भविष्य देखेको छु।' वेस्टह्यामलाई गत सिजन युरोपा कन्फिरेन्स लिग उपाधि जिताएपछि राइसमाथि चर्चित क्लबले नजर लगाएका थिए। उनी यस समर ट्रान्सफरमा आर्सनलमा आउने तेस्रो मुख्य खेलाडी हुन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com